सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

● वर्ष २४ ● अंक ४० ● FRIDAY, 01 MARCH 2019 ● काठ ३२ ● मूल्य रु. १५/-

## महँगा कुकुर



## जो सामाजिक सञ्जालमा छैनन्



## ब्राह्मण परिवारमा मुस्लिम बुहारी



## केकी अधिकारीको नयाँ मन्त्र








JOY HAIR FRUITS

प्रत्येक ३४० एम.एल. जोय हेयर फ्रुट्स सेम्पुको खरिदमा रू. १५२ बराबरको जोय केराटिन प्रोटिन कन्डिसनर सित्तैमा*

Available in

- Hairfall Defense — Conditioning Shampoo with Pomegranate & Strawberry
- Hair Dryness Control — Conditioning Shampoo with Lemon & Olives
- Long & Silky — Conditioning Shampoo with Apricot & Peach
- Shining Black — Conditioning Shampoo with Amla & Black Grapes

*conditions apply

## YouTube ट्रेन्डिङ

1. **भद्रगोल- १९९** — च्यानल: मिडिया हब
2. **नानीमा** — च्यानल: आरके दुग्गल
3. **बिबिकी भाइन्स** — च्यानल: बिबिकी भाइन्स
4. **ओडेर घुंघट** — च्यानल: द डिभाइन म्युजिक
5. **को बन्छ करोडपति** — च्यानल: केबिसी नेपाल
6. **कर्ली कर्ली कपाल** — च्यानल: ओएसआर डिजिटल
7. **तीन करोड नेपालीले** — च्यानल: प्राइम टाइम्स
8. **यूनिक पोइट** — च्यानल: युनिक पोइट
9. **सावित्रीले आफ्नै** — च्यानल: गुड टिभ
10. **राउडी राजा** — च्यानल: आदित्य मुभिज

## फोटो अफ दि विक




■ **अर्को पुस्ता तयार** : प्रदर्शनको तयारीमा रहेको चलचित्र 'जानी नजानी' बाट पदार्पण गर्न लागकी अभिनेत्री निरिसा बस्नेत । उनी चलचित्रकर्मी विश्व बस्नेतकी छोरी हुन् ।

हिजो म र भक्तपुर थिमिका ज्ञानराम दाइ रवीन्द्र दाइलाई भेट्न मन्त्रालयमा गएका थियौं । एक घण्टा कुर्दा पनि समय मिलेन । आज (बुधबार) बिहान फेरि ज्ञानराम दाइले हिजो भेट नपाएको कुरा सम्झाउनु भयो । त्यसपछि लगत्तै रवीन्द्र दाइको मोबाइलमा फोन गरें । पिए अर्जुन घिमिरेले फोन उठाउनुभयो र भन्नुभयो– हामी हेलिकप्टरबाट उत्रियौं, मौका मिल्नेबित्तिकै सम्पर्क गराउँछु । तर, अहिले अकल्पनीय दुःखद समाचार आएपछि म अति नै स्तब्ध छु । किन हो, यसपटक रवीन्द्र दाइलाई कुनै एजेन्डाबिनै भेट्न मन लागेको थियो । तर, सदाका लागि भेट्न सकिएन, बोल्न सकिएन । मुलुकले एकजना होनाहार राजनेता गुमायो । हेलिकप्टर दुर्घटनामा पर्नुहुने सबैप्रति हार्दिक श्रद्धाञ्जली ।

**राजेन्द्र मानन्धर**

## अभिनेत्री श्वेता खड्काका दुई मुक्तक



लाखौं ठक्करहरू खाएर पनि हमेशा  
सम्हालिइरहन्छु म  
लड्छु फेरि उठ्छु, लड्छु फेरि उठ्छु तर  
हिँडिरहन्छु म  
ग्रह-नक्षत्र चाहे जेसुकै लेखिएको होस्  
मेरो कुण्डलीमा  
आफ्नो हिम्मत र हौसलालाई नगुमाएर  
आफ्नो नसिब बदलिरहन्छु म

०००

तुफानमा तासको घर बन्दैन  
रोएर बिग्रिएको भाग्य बन्दैन  
दुनियाँलाई जित्ने हौसला राख  
एउटा हारले कोही बर्बाद र  
एउटा जितले कोही अलेक्जेन्डर बन्दैन ।



■ हाम्रा सेलिब्रेटी प्रधानमन्त्रीज्यूको ह्याप्पी बर्थडे मनाउन बालुवाटारमा भारतीय हिरोइन जयप्रदा- जय राष्ट्रवाद ।

**बाबुराम भट्टराईको ट्वीट**

तिमी बोल्न छाड्यौ । मैले पनि बोलाउन छोडें । हानी त केही भएन, भयो त केवल कहानी भयो ।

**कृष्ण गिरी**

बिजुली बस त रै'छ सारै मापाको, लुम्बिनीलाई आको, राजधानीले नै खाको । जाँचपासै नभै तामझामले उद्घाटन नि गराको, अन्तै बने पनि मेड इन चाइनाको प्रमाणलाई धाको । तेस्तो प्रमाण नदिनेलाई घोक्रेठ्याक लाको । तब न बिजुली- बसिबियाँलो ।

**भोजराज पोखरेल**

बाटोमा हिँड्दा एउटीलाई ठेस लागेपछि उसले भनि- 'हेरेर हिँड्न सकिँदैन ?' सम्हालिँदै मैले पनि भनिदिएँ– 'अरूका गलफ्रिनलाई हेर्दै हिँड्ने बानी छैन मेरो ।'

**मीत बा**

हामी सबैले मार्सल आर्ट, कराँते, फुटबल, साइक्लिङ, क्रिकेट तथा विभिन्न खेलहरू सिक्नै पर्ने हो, तर हामीले जिन्दगी भर सिरक ओढेर घोक्न सिक्यौं । अहिले अनावश्यक खोक्न सिक्यौं । ८० वर्षका पाका कुइरे साइकलमा मुक्तिनाथ घुम्न हिँडेको अनौठो देख्यौं- वीर गोर्खाली ।

**अर्जुन आचार्य**

बाहिरबाट हेर्दा मौन देख्नेलाई के था'मन भित्र चलिरहेको आँधिबेरी ।

**प्रतीक्षा श्रेष्ठ**

एउटा हातमा लाइटर, अर्को हातमा चुइगमको सेतो फोईल अनि चुइगमको सेतो फोइल माथिबाट निस्किरहेको ब्राउन सुगरको कालो धुवाँ । मलाई आठ वर्ष लागेछ त्यो कालो धुवाँले चुइगमको खोस्टा होइन मेरो जिन्दगी डढाइरहेको छ भन्ने कुरा बुझ्न अनि आठै वर्ष लागेछ मलाई आफ्नो असली औकात र हैसियत थाहा पाउन ।

**अनुप तिमिल्सिना**

चुरोट अनि श्रीमती दुवैबाट कुनै नोक्सान छैन, बस यिनीहरूलाई जलाउनु भएन- एक सत्य ।

**ध्रुप**




सामाजिक सञ्जाल चलाउने १ करोड जनसंख्यामा ६५ लाख नेपाली रोजगारीको सिलसिलामा देश बाहिर छन् । देश-समाजमा घटेका नराम्रा कामको विरोध गर्ने भनेको यीनै विदेशमा बस्ने नेपालीहरूले हो । बाँकी ३५ लाखमा सामाजिक सञ्जाल प्रयोगकर्ता ९० प्रतिशत नागरिक पारिवारिक कुरा मात्र गर्छन्, बाँकी दश प्रतिशत हावादारी गफ लाउँछन् ।

**डा.एलिया अर्याल**

स-साना बम, बारुदका गोला फुट्नु, सामान्य धनजनको क्षति हुनु नगण्य कुरा हो । देशको कार्यकारी प्रमुखको मनोविनोदमा बाधा पुग्नु भएन । सबैलाई चेतना भया । विरोध निषेध छ ।

**महेश क्षेत्री**

कति हाँस्नु- एउटाले जिएफको नामको ट्याटु हानेको रै'छ, जिएफ चैं अर्केसँग पोइला गैछिन् । अब उ त्यही नामकी अर्को केटी खोज्दै छ रे जिएफ बनाउन ।

**हेलासी**

यहाँ अक्सर मेडिकल पढ्नेहरू बिरामी हुन्छन् । ल पढ्नेहरूले कानुन तोड्छन् । म्यानेज्मेन्ट पढ्नेको जिन्दगी अस्तव्यस्त हुन्छ ।

**श्रीसन्त नेवाज**

गाउँका धेरै वडाध्यक्ष आफ्नै डोजर र हार्डवेयर पसल चलाएर बिग्रिए, मैले मानें । सहरी क्षेत्रका वडाध्यक्षहरूले चाहिँ के उत्पात नापे ? यिनीहरूले नापेको एक बित्ता मात्रै कसैले देखाए हुने नि ।

**रञ्जित तामाङ**

मुक्त आकाश



अविरल थापा

# बम बम भोले !

> शिवले गाँजा तानेको देखासिकी जो-कसैलाई गर्न मन लाग्छ तर शिवले कालकुट विष पिएजस्तो विष पिएर पचाउन सक्ने ल्याकत कति जनासँग छ ? त्यो कालकुट विषको अर्थ के थियो ? शिवले खरानी घस्नुको अर्थ के थियो ? बुझेर गर्दा हरेक कुरामा सार छ तर अरुले त्यसै गरेका छन्, दुनियाँ लाममा बसेको छ म पनि बसिदिन्छु भन्ने अन्धताले समाजमा झुन्ड मात्र तयार हुन्छ ।

शिवरात्रि नजिकिँदैछ । हिन्दू धर्मावलम्बीहरूका लागि शिवरात्रि विशेष चाड हो । नारीहरूका लागि त शिव प्रिय भगवान् नै मानिन्छन् । सहरका नवयुवाहरूमा भने शिवरात्रि आउनु भनेको गाँजा खाने पर्व आउनु हो भन्ने भ्रम पर्न थालेको छ । नारीहरू एकातिर हक-अधिकारको कुरा गर्छन् र पुरुषले थिचोमिचो गरे भनेर कराइरहेका छन् भने अर्कातिर शिवलिंगको पूजा गर्न दिनभर लाममा बस्नु कत्तिको विरोधाभासपूर्ण कुरा हो, बहसकै विषय हो ।

युवाहरूमा भगवान् शिवले गाँजा खान्थे, हामीले पनि उसैगरी गाँजा खाएर शिवरात्रि मनाउनुपर्छ भन्ने गलत मनोवृत्ति हावी छ । शिवले गाँजा तान्नुको अर्थ के थियो ? शिवको सारतत्व के हो ? शिवको रूपको मात्र अनुसरण गर्ने कि गुण र सारतत्वको पनि गर्ने ? के गाँजा तान्दैमा र व्रत बस्दैमा शिवभक्त भइन्छ ? शिवको महिमा र विराट पक्ष के-के छन् ? शिवलिंग र योनिको पूजा गर्नेले त्यसको अर्थ र गम्भीरता बुझेका छन् कि छैनन् ? एकातिर यौनको विरोध गर्ने समाज र अर्कातिर खुलेआम योनी र लिंगको पूजागर्ने समाज एकैठाउँमा उभिएको छ । हजारौं मानिस जानीनजानी यौनको पूजा गरिरहेका छन् फेरि त्यही कुराको विरोधसमेत गरिरहेका छन् । हाम्रो समाज कति कुरा होसमा गर्छ र कति कुरा बेहोसमा गर्छ, कतिले सोचेका छन् ? शिवले गाँजा तानेको देखासिकी जो-कसैलाई गर्न मन लाग्छ तर शिवले कालकुट विष पिएजस्तो विष पिएर पचाउन सक्ने ल्याकत कति जनासँग छ ? त्यो कालकुट विषको अर्थ के थियो ? शिवले खरानी घस्नुको अर्थ के थियो ? बुझेर गर्दा हरेक कुरामा सार छ तर अरुले त्यसै गरेका छन्, दुनियाँ लाममा बसेको छ म पनि बसिदिन्छु भन्ने अन्धताले समाजमा झुन्ड मात्र तयार हुन्छ । गाँजा तानेर शिवको आराधना गर्ने कति युवा अनि लिंगको पूजा गरेर शिवको भक्ति गरें भन्ने कति युवतीलाई शिवको सही अर्थ थाहा होला ? शिवजस्तै पति पाउनुपर्छ भनेर सिकाउँदै आएको समाजले त्यही शिवको यो-यो कुराचाहिँ गुण हुन्, यीचाहिँ अवगुण हुन् भनेर कहिल्यै सिकायो कि सिकाएन ? किन शिवजस्तै पति चाहिएको हो सबैलाई ? शिवमा असल पतिमा हुनुपर्ने के-के गुण छन्, के-के बैगुन छन्, घरमा छलफल हुन्छ कि हुँदैन ?

अन्धाधुन्ध रूपमा शिवजस्तै पति प्राप्त गर्न र खोज्न किन हजारौं युवती लाममा बस्छन् ? पतिका रूपमा शिवले उनकी पत्नीलाई कति सुख दिएका थिए ?

चल्दै आएको चलन, भगवानले गरेका सबै कुरा ठीक, त्यस्तै लेखेको छ भनेर अन्ध रूपमा अनुसरण गर्ने कि त्यसले भन्न खोजेका कुरा पनि पर्गेल्ने ? गेरुवस्त्र भिर्दैमा, खरानी घस्दैमा गाँजा तान्दैमा, लिंग पुज्दैमा धर्म हुन्छ र ? अनि के असल पति पाऊँ भन्दै हरेक पर्व, हरेक वर्ष नारीले मात्र उपवास बस्नुपर्ने हो र ? असल पत्नी पाऊँ भनेर एउटा पुरुष वर्षमा कति पटक व्रत बस्छ ? समाजले यो ढोंगी चरित्र कहिलेसम्म देखाइरहने ? कुनै धर्म वा कुनै अमुक वस्तु वा भगवान्प्रति आस्था राख्नु, राख्न पाउनु सबैको व्यक्तिगत अधिकार हो, तर म के गर्दैछु, किन गर्दैछु भनेर हरेकले आफैंसँग गर्नुअघि प्रतिप्रश्न गर्ने कि नगर्ने ? घरका आमाबाबुले भने, अग्रजले भने, धर्मका मसिहाहरूले भने, ग्रन्थहरूले भने भनेर हामी युगौंसम्म विवेकको बिर्को बन्द गरेर बस्ने कि यो किन गरेको भनेर अर्थ पनि खोज्न थाल्ने ? हामी रूपको मात्र अनुसरण गरेर जुनी बिताउने कि सारको पनि खोजी गर्ने ? घरका तिनै मानिसले यौन भनेको पाप हो भनेर पनि सिकाउने अनि धर्म र संस्कारको नाममा फेरि त्यही लिंग पूजा पनि गर्न सिकाउने चरित्रले कत्रो मनोवैज्ञानिक रनभुल्लता सिर्जना गर्ला ? कतिलाई त शिवलिंग मात्र याद होला, त्यसको फेदमा भएको नारीको योनिको हेक्कासम्म नरहेको हुन सक्छ । पूजा नगरौं, व्रत नबसौं भन्न खोजेको होइन, तर जानेर बसौं, अर्थ बुझेर बसौं, शिवजस्तै पति आफूलाई चाहिएको हो कि होइन, प्रस्ट भएर बसौं । गाँजा, भाङ, धतुरो सेवन गर्नेले पनि धर्म गर्दैछु भन्ने भ्रम पालेर नबसौं । खरानी घस्दैमा र गेरु वस्त्र लगाउँदैमा जोगी भइँदैन ।

कसैको भक्त हुने र विरोध गर्ने अधिकार सबैलाई छ, तर अर्थ र महिमा नै नबुझी जो-कोही व्यक्ति वा भगवान्कै पनि अन्धभक्त हुनु नशा हो, ढोंग हो । भीडको पछि लाग्नु र प्रश्न नगर्नु हरेक समाजको समस्या हो । गाँजा तानेर र लिंग-योनि पुजेर शिवभक्त भएँ, धर्म गरें वा गर्दैछु भन्ने भ्रम पार्ने हरेक युवायुवतीका साथै तमाम मानिसलाई एकपटक शास्त्रग्रन्थमा लेखिएअनुसार उनका क्रियाकलाप, रूप, व्यवहार एवं विराटताको विवेचना गर्न आग्रह गर्छु ।

बम बम भोले सबैले आफ्नो तेस्रो नेत्र खोले !

Facebook com/abeeralthapa
Twitter@abeeralthapa

# चिन्डेडाँडाबाट प्याराग्लाइडिङ



प्रदेश नम्बर १ को पर्यटन प्रवर्द्धन गर्ने क्रममा गत शुक्रबार धरानको चिन्डेडाँडाबाट एकसाथ १० वटा प्याराग्लाइडिङ उडान गरिएको छ । बूढासुब्बा प्याराग्लाइडिङसँगको प्राविधिक सहकार्यमा भएको उक्त उडानका क्रममा प्रदेश नम्बर १ को नाम किराँत हुनुपर्ने तथा चिन्डे डाँडालाइ चिन्डे नभनेर किराती भाषाको बाबु डाँडा भनिनुपर्ने मागसमेत गरिएको थियो । किराँत-राई यायोक्खाको दसौं राष्ट्रिय महाधिवेशनको पूर्वसन्ध्यामा प्याराग्लाइडिङ उडानबाट 'किराँत प्रदेश'मा पुष्पवृष्टि गरिएको थियो । किराँत प्रदेश नामकरणका लागि रचनात्मक अभियान चलाउन उक्त कार्यक्रम सञ्चालन गरिएको कार्यक्रमका परिकल्पनाकार जनकऋषि राईले बताए ।

# मेला-महोत्सवमय पूर्वाञ्चल

पूर्वाञ्चल यतिबेला मेला-महोत्सवमय भएको छ । पछिल्ला दुई साता पूर्वका सुनसरी, मोरङ आदि जिल्लामा लगातार मेला-महोत्सवहरू भएकाले कलाकारहरूलाई समेत भ्याइ-नभ्याइ छ भने स्थानीय कलाकारहरूसमेत बेफुर्सदिला भएका छन् ।

एक साताअघि सुनसरीको इटहरीमा सुरु भएको इटहरी फुड फेस्टिबल शुक्रबार समापन भएसँगै शनिबार छिमेकी मोरङको सुन्दरहरैचामा १० दिने एक्स्पो सञ्चालनमा आयो । शुक्रबार साँझ इटहरीमा प्रस्तुति दिएका गायक प्रमोद खरेलले लगत्तै शनिबार सुन्दरहरैचामा प्रस्तुति दिए । एक्स्पोमा गायक राजेशपायल राई, रामकृष्ण ढकाल, गायिका मेलिना राई आदिले प्रस्तुति दिँदैछन् । उक्त एक्स्पो नसकिँदै मोरङको लेटाङमा लेटाङ एक्स्पो सञ्चालनमा आउने भएको छ । कृषि एवं पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित फागुन १७ देखि २६ गतेसम्म लेटाङ एक्स्पो आयोजना हुन लागेको हो ।

उत्तरी मोरङको मुख्य कृषि उत्पादन अलैंची, तेजपात, अम्रिसो, चिया, अदुवा, आरु बखडा एवं अदुवाको व्यापार विस्तारमा एक्स्पो केन्द्रित हुने आयोजक समितिका संयोजक खड्ग श्रेष्ठले बताए । उत्तरी मोरङका प्रमुख पर्यटकीय गन्तव्य राजारानी ताल, बाराजी मन्दिर, किसे झरना, कोलुङ झरना, मातृभूमि चिया बगान तथा जेफाले डाँडामा पर्यटकहरूलाई आकर्षित गर्न यो एक्स्पो सफल हुने श्रेष्ठ बताउँछन् ।

नरेन्द्र बस्नेत




# हामीकहाँ असीमित अवसर छ



तस्बिर : नवराज वाग्ले

**ललितपुरको लुभुमा जन्मिएका हुन्– सुमन पोखरेल । गाउँकै सामान्य सरकारी स्कुलबाट प्रारम्भिक शिक्षा हासिल गरेका पोखरेलले शंकरदेव क्याम्पसबाट उच्च शिक्षा पूरा गरे । ४० वर्षीय पोखरेलले सन् २००३ मा एभरेस्ट बैंकबाट करिअर सुरु गरेका थिए । सन् २००७ मा उनले तत्कालीन ग्लोबल बैंक ज्वाइन गरे । सन् २०१० मा उनी जनरल म्यानेजरका रूपमा इन्टरनेसनल मनी एक्सप्रेस (आइएमई) प्रवेश गरे । सुरुका दुई वर्ष जनरल म्यानेजरका रूपमा काम गरेपछि सन् २०१२ मा उनी आईएमईको प्रमुख कार्यकारी अधिकृत (सिइओ) नियुक्त भए । पछिल्ला सात वर्षदेखि आईएमईको नेतृत्व गरिरहेका पोखरेल त्यसबाहेक ग्रुप अफ कम्पनिजअन्तर्गत डिसहोम, ग्लोबल आईएमई बैंक आदिमा निर्देशकका रूपमा समेत कार्यरत छन् । अहिले उनी मोबाइल वालेटका रूपमा ल्याइएको नयाँ प्रोडक्ट आइएमई पेलाई पनि नेतृत्व प्रदान गरिरहेका छन् । ३ सयभन्दा बढी कर्मचारी कार्यरत अग्रणी संस्थाको कुशल नेतृत्व गरिरहेका व्यवस्थापनका स्नातकोत्तर पोखरेललाई नेपाल व्यवस्थापन संघले यो वर्ष 'म्यानेजर अफ द इयर' पुरस्कार प्रदान गरेको छ । हरेक वर्ष उत्कृष्ट व्यवस्थापकलाई प्रदान गरिने यो पुरस्कार हात पारेपछि साप्ताहिकका लागि जनक, भिषा र महेशले उनीसँग व्यवस्थापन, नेपालमा अवसर आदि विषयमा केन्द्रित रहेर कुराकानी गरेका थिए ।**

**म्यानेजर अफ द इयरको पुरस्कार पाउनुभयो, कस्तो महसुस गर्दै हुनुहुन्छ ?**

हामी युवा तथा संघर्ष गर्दै करिअर बनाउँदै आएका मानिसहरूलाई यो खालको सम्मानले खुसी दिँदोरहेछ । सामान्य पृष्ठभूमिबाट आएको व्यक्तिले आफूलाई ग्रो गर्दै यो तहमा पुगेर पुरस्कार पाउने कुरा एकदम खुसीको कुरा हो । सँगसँगै यसले जिम्मेवार पनि बनाउँदो रहेछ । संस्था मात्र होइन, व्यवस्थापकीय तहमा देश र समाजलाई के योगदान गर्न सकिन्छ भन्ने हुँदोरहेछ ।

**के कारणले तपाईंलाई यो पुरस्कार प्रदान गरियो ?**

खुला घोषणा गरिएको थियो, त्यसमा हामीले फारम भरेर बुझाउनुपर्ने थियो । पहिलो चरणमा उहाँहरूले स्क्रिनिङ गर्नुभयो, त्यसपछि सर्टलिस्ट भयो । सर्टलिस्टपछि जुरीसँग हाम्रो झन्डै ४५ मिनेटको अन्तर्क्रिया भयो । उहाँहरूले क्राइटेरिया र पारामिटर बनाउनुभएको थियो । सबै कुरा बुझाउनुपर्ने थियो । त्यसका आधारमा उत्कृष्ट ३ छनोट गरिएको थियो । त्यसपछि अन्तमा मलाई म्यानेजर अफ द पुरस्कार प्रदान गरियो ।

**सिइओ भैसकेपछि तपाईले गरेका नवीनतम कार्य के–के थिए ?**

रेमिट्यान्स म आउनुभन्दा पहिले नै सुरु भैसकेको थियो । त्यसलाई डाइभर्सिफाइड गर्ने, ब्रान्ड प्रमोसन गर्ने आदि काम गरें । हामीले 'आईएमई गरौं' भन्ने थिममा आफूलाई ब्रान्डिङ गर्‍यौं, त्यसले आइएमई र रेमिट्यान्सलाई पर्यायवाचीजस्तै बनाइदियो । अरू कम्पनीमा रेमिट्यान्स गर्न जानेहरूले पनि आईएमई गरौं भन्न थाले । त्यसले हाम्रो ब्रान्ड बिल्डिङमा ठूलो मद्दत पुर्‍यायो नै, व्यापार पनि राम्रैसँग उकालो लाग्यो । त्यसबाहेक म अरू कम्पनीमा समेत संलग्न भएँ । डिसहोममा मैले एक वर्ष जति प्रबन्ध निर्देशकका रूपमा काम गरे, त्यहाँ गरेको योगदानको पाटो पनि थियो । हामीले अहिले आइएमई पेका रूपमा डिजिटल वालेट सुरु गरेका छौं, यो पनि भोलिको दिनमा ठूलो उद्योगका रूपमा अघि आउनेछ ।

**छोटो समयमै प्रगति गर्ने कारण के हुन् ?**

मुख्य कुरा आफ्नो मेहनत नै हो । आफूलाई सुम्पिएको जिम्मेवारीमा तपाईंको आफ्नो वचनबद्धता कस्तो हुन्छ, इफोर्ट कतिको लगाउनुहुन्छ, कत्तिको इमान्दारीका काम गर्नुहुन्छ, त्यसले पनि फरक पार्छ । यसले नै हो मुख्य मोटिभेसन हुने । निरन्तर इफोर्ट लगाउनुपर्छ र आफ्नो इन्टिग्रिटी छाड्नु हुँदैन । त्यो अनुसार अघि बढ्ने हो भने सफलता पाइन्छ ।

**रेमिट्यान्समा प्रतिस्पर्धा पनि बढ्दो छ ? के छ तपाईंको योजना ?**

प्रविधिसँगै धेरै कम्पनीको आगमन भयो अनि प्रतिस्पर्धा पनि बढ्यो, नियम-कानुनहरू पनि नयाँ आए, जसले यो व्यवसायलाई चुनौतीपूर्ण बनाउदै लगेको छ । यो सेवा क्षेत्र हो, सेवालाई कसरी उत्कृष्ट बनाउने भन्ने नै हो । ग्राहकको विश्वासलाई कायम गर्दै जाने, नयाँ-नयाँ प्रोडक्टहरू दिँदै जाने, आफ्नो नेटवर्कलाई विस्तार गर्दै जाने, ग्राहकको संलग्नतालाई बढाउँदै जाने, प्रविधिलाई प्रयोग गर्दै सेवामा समयानुकूल परिवर्तन गर्दै जाने हो भने स्वतःस्फूर्त रुपमा व्यापार बढ्दै जान्छ ।

**अहिले रेमिट्यान्स भित्रिने ट्रेन्ड कस्तो छ ?**

राम्रो छ, पछिल्लो ६ महिनाको तथ्यांक हेर्ने हो भने रेमिटयान्स झन्डै ३० प्रतिशतले बढेको छ । जबकी पछिल्ला पाँच महिनामा विदेश जाने मानिस लगभग ४० प्रतिशत घटेका छन् ।

**व्यस्तताले परिवारिक सम्बन्धलाई कत्तिको प्रभावित गरिरहेको हुन्छ ?**

त्यस्तो प्रभाव नै पार्दैन, यो आफूले व्यवस्थापन गर्ने कुरा हो । भन्न त व्यावसायिक जीवनका कारण निजी जीवनको सन्तुछ भनिन्छ तर त्यस्तो हुँदैन । आफूले कति गर्न सक्नुहुन्छ, त्यो आफूमा भर पर्छ । त्यसबाहेक आफ्नो परिवारलाई कति बुझाउन सक्नुहुन्छ भन्ने कुरा पनि हुन्छ । परिवारमा समझदारी बनाइसकेपछि यो धेरै ठूलो कुरा होइन् । चौबीसै घण्टा कार्यालयलाई दिने भन्ने कुरा पनि हुँदैन । आफ्नो समयलाई म्यानेज गर्न सक्नुपर्छ, परिवारलाई समय निकाल्न सकिन्छ ।

**युवा उमेरमा जतिसक्दो मनोरन्जन गरौं, डुलौं, घुमौं भन्ने पनि त हुन्छ नि ?**

कहिलेकाहीँ केही गुमाएँ कि भन्ने अनुभव हुन्छ, तर तपाईंले दीर्घकालीन कोणबाट सोच्नुभयो भने र अर्को कोणबाट हेर्नुभयो भने त्यो गुमाएको होइन । एउटा उमेरको एउटा चरणमा त्यस्ता सोचहरू आउन सक्छन्, त्यो स्वभाविक पनि हो, तर त्यो चिज नै जीवनको प्राथमिकता होइन, जीवनको प्राथमिकता अरु नै हुन्छ भन्ने बुझिसकेपछि त्यसले खासै महत्व राख्दैन् । तपाईंको आफ्नो जीवनको लक्ष्य, उद्देश्य, दृष्टिकोण के हो भन्ने कुरा स्पष्ट भयो भने यस्ता चिजहरूले त्यति महत्व राख्दैनन् । कुनै बेला सोचसम्म आउन सक्छ, तर त्यसले प्रभाव भने पार्दैन ।

**आफ्नो करिअर छनौटका लागि कुन उमेर उपयुक्त रहेछ ?**

यसमा तपाईंको विकास कसरी भएको छ भन्ने कुराले महत्व राख्छ । तपाईं कुन पृष्ठभूमिबाट आउनुभएको छ । सामान्यतः तल्लो वा मध्यम परिवारको मानिसको स्कुलिङ नै जीवनमा केही गर्नुपर्छ, प्रगति गर्नुपर्छ, केही लक्ष्य लिनुपर्छ भन्ने हुँदो रहेछ, जसका कारण उसले कम उमेरदेखि नै सपना देख्न थाल्छ । केही मानिसले जीवनका बारेमा खासै नसोचेका पनि हुनसक्छन्, उनीहरूले जीवनको उत्तरार्द्धमा त्यसको अनुभव गरेका हुन सक्छन् ।

**झन्डै १७ वर्षभन्दा बढी जागिरे जीवन बिताइसक्नुभयो । जागिरमा कस्तो बेलामा निराशा आउँदो रहेछ ? अनि त्यसलाई कसरी नियन्त्रण गर्नुपर्दो रहेछ ?**

ममा त निराशा आएको छैन, तर आउन सक्छ । निराशा कुन बेला आउन सक्छ भने हाम्रो समाजको जुन संरचना छ, त्यसले गर्दा आउन सक्छ । मानिसहरू अरूबाट चाँडै प्रभावित हुने कारणले पनि यस्तो हुन्छ । फलानो त्यहाँ पुग्यो भनेर आफूमाथिकालाई मात्र हेर्ने बानीले निराशा सिर्जना गर्न सक्छ । जब तपाईं आफूभन्दा तल हेर्नुहुन्छ, त्यहाँ पनि धेरै मानिसहरू हुन्छन् । कोही जागिर नपाएर बसिरहेका, कोही सानोतिनो जागिर गरिरहेका, कोही दुःख गरेर जीवन बिताइरहेका, त्यो हेर्दा निराश हुनुपर्ने कारण फेला पर्दैन् तर, माथि मात्र हेर्न थालियो भने अवश्य निराशा आउँछ ।

**पछिल्लो समय रोजगार कि स्वरोजगार भन्ने बहस पनि चलिरहेको छ । मुख्य लक्ष्य के हो ?**

यो हाम्रो अर्थतन्त्र र व्यवसायको चक्रीय प्रणाली हो । सबैले स्वरोजगार हुने हो भने काम कसले गर्ने त ? व्यवसायिक रूपमा काम गर्ने मानिस पनि चाहियो, व्यवस्थापनमा काम गर्ने मानिस पनि चाहियो र व्यवसायीहरू पनि चाहियो । व्यवसाय सबैले गरेर हुने चिज पनि होइन, त्यसका लागि जन्मजात गुण पनि हुन्छ, चुनौती लिन सक्ने क्षमता पनि हुनुपर्छ । जसले त्यसो गर्न सक्दैनन्, उनीहरूले जागिरेकै रुपमा काम गर्नुपर्‍यो नि ।

**भनेपछि उद्यममा जति प्रगतिको सम्भावना छ, त्यति नै सम्भावना जागिरमा पनि छ ?**

निश्चित रूपमा छ। दुवै चिजको राम्रो नराम्रो पाटो त भैहाल्छ। हामी धेरैजसो सफलताको कथा सुन्छौं, असफल कथाहरू सुन्दैनौं। आजको दिनमा विश्वका सबैभन्दा बढी स्टार्टअप स्थापना हुने सिलिकन भ्यालीमा आउने ८०/९० प्रतिशत त असफल भैरहेका हुन्छन्। फेसबुक, गुगलको सफलताको कथा सुनेर व्यवसाय भन्ने कुरा त गज्जब रहेछ भन्ने मान्नु हुँदैन। किनभने, त्यहाँ ९० प्रतिशत मानिस त असफल भएर बसिरहेका छन्। उनीहरूको पुँजी तथा मेहनत खेर गैरहेको छ। त्यसैले दुइटैमा राम्रा-नराम्रा पाटाहरू छन्। व्यावसायिक काम गर्नेहरू पनि कतिजना उन्नति नगरी बसिरहेका होलान्। चाहे उद्यममा लाग्नुहोस्, चाहे जागिर गर्नुहोस्, राम्रो गर्न सक्नुभयो भने दुवैतिर सम्भावना छ, भविश्य छ। राम्रो गर्न सक्नुभएन भने यता पनि राम्रो छैन, उता पनि राम्रो छैन।

**तपाई सफल संस्थाको नेतृत्व गर्दै हुनुहुन्छ। तपाईंको विचारमा सफलताको सूत्र के हो ?**

नेतृत्वको दृष्टिकोण सबैभन्दा महत्वपूर्ण हुन्छ। नेतृत्वले दिएको त्यो दृष्टिकोणमा सबै जनालाई सँगै हिँडाउन सक्नुपर्छ। आजको दिनमा कुनै पनि कम्पनीको अध्यक्षले जे सोच्छ, जे बोल्छ, सिइओले पनि त्यही सोच्ने त्यही बोल्ने र त्यो संस्थाका अन्य कर्मचारीहरूले पनि त्यही सोचेर त्यही बोल्ने भए भने त्यो कम्पनी ठीक दिशामा जान्छ र सफल हुन्छ। सबैले एउटै बोली कसरी बोल्छन् र एउटै कसरी सोच्छन् भने उनीहरूलाई त्योअनुसार ओरिएन्टेसन दिनुपर्‍यो, मोटिभेट गर्नुपर्‍यो। त्यहीअनुसार मानिस छनौट गर्नुपर्‍यो, त्यो अनुसार जिम्मेवारी र अधिकार दिनुपर्‍यो। त्यो भएपछि तलदेखि माथिसम्म टिम इफोर्ट र ज्वाइन्ट इफोर्ट हुन्छ। संस्थाहरू एक जनाको बलमा सफल हुने होइनन्। नेताले नै नेतृत्व गरेर समर्पित भावना देखायो भने सम्पूर्ण टिमले पनि त्यसैगरी समर्पण देखाउँछ। ब्यक्तिगत तवरमा निरन्तर इफोर्ट, लगाव, मेहनत एवं अनुशासन आवश्यक हुन्छ।



**झन्डै ३ सय कर्मचारीको नेतृत्व गर्नुहुन्छ। उनीहरूको मोटिभेसन र डिमोटिभेसनको ख्याल कसरी गर्नुहुन्छ ?**

हाम्रा अन्तर्क्रिया गर्ने विभिन्न संरचना छन्। सञ्चारका पनि विभिन्न संरचना छन्, माथिल्लो तहमा, तल्लो तहमा। जहाँबाट त्यस्ता खालका प्रतिक्रिया आउँछन्। त्यसपछि हामी एसेसमेन्ट पनि गर्छौं। त्यसबाट पनि को डिमोटिभेट भै रहेको छ भन्ने थाहा हुन्छ। क्षमता भएर पनि काम गर्न नसकिरहेको छ भन्ने कुरा पत्ता लगाउन मानव संसाधनका संरचनाहरू हुन्छन्। मुख्य कुरा त माथिदेखि तलसम्म सञ्चार नै हो। तलबाट आएको समस्या माथि व्यवस्थापन तहमा छलफल गरेर कसरी हल गर्ने भन्ने निष्कर्ष निकालिन्छ। त्यसबाहेक हामी कामको मूल्यांकन पनि गर्छौं।

**शारीरिक रूपमा आफूलाई कसरी फिट राख्नुहुन्छ ?**

म बिहान एक डेढ घण्टा शारिरीक अभ्यास गर्छु। कहिलेकाहीँ फुटसल खेल्छु। खानपिन पनि एकदम साधारण छ। बिहान हल्का खाजा खान्छु। दिउँसोको खाना र बेलुका पनि हल्का खानेकुरा खान्छु।

**पुस्तक कत्तिको पढ्नुहुन्छ ?**

पुस्तक पढ्नु मेरो एकदमै रुचिको विषय हो। फुर्सदमा पढ्ने नै हो। फिक्सन-ननफिक्सन दुवै पढिरहेको हुन्छु। राष्ट्रिय/अन्तर्राष्ट्रिय म्यागजिनहरू इकोनोमिस्टदेखि हावर्ड बिजनेस रिभ्युहरू मैले आफै सब्सक्राइब गरेको छु, भने तालिमहरू पनि लिइरहेको हुन्छु। समय उति नमिल्ने भएकाले अहिले चलचित्र हेर्न चाहिँ उति जाँदिन।

**सपिङमा कत्ति रुचि छ ?**

यही पनि सपिङ गर्छु, कहिलेकाहीं बाहिर पनि गैरहेको हुन्छु। चाहिएको सामान जहाँ सजिलो लाग्छ, त्यही किन्ने हो।

**भर्खरै करिअर सुरु गर्न लागेका युवाहरूलाई के सन्देश दिनुहुन्छ ?**

पुरस्कार प्रदान गरिएको समारोहमा मन्तव्य व्यक्त गर्ने क्रममा पनि मैले भनेको थिए- नेपालमै बसेर केही गर्नुपर्छ, केही गर्न सकिन्छ भनेर सकारात्मक रूपमा सोच्ने भोलिको नेतृत्व मैले नै गर्छु भनेर सोच्ने युवाहरूको संख्या ठूलो छ, मलाई दिइएको पुरस्कार तिनीहरूका लागि पनि प्रेरणा हो। हाम्रो समाज, सोसल मिडियामा सबै चिजमा यति नकारात्मक भैसक्यो कि यहाँ केही पनि छैन, सबै बर्बाद भैसक्यो, भन्ने छ, तर यर्थात त्यस्तो छैन। गर्नेलाई अझै पनि अवसरहरू छन्, अब राम्रो पनि हुँदैछ। केही चिज बिग्रिएका छन्, तर धेरै चिज राम्रो पनि भैरहेको छ। म बिर्तामोडदेखि महेन्द्रनगरसम्म गाडीमा घुमे। हामीकहाँ असीमित अवसर छन्, परिवर्तन भैरहेको छ, विकास पनि भैरहेको छ। त्यसकारण अहिलेको पुस्ताले सकारात्मक सोच बनाएर सही उद्देश्य राखेर काम गर्‍यो भने भविष्य सुन्दर छ, तर हामीकहाँ नकारात्मकता बढी छ, धेरैमा विदेश नै जाने भन्ने छ। जबकि नेपालमै धेरै राम्रा अवसरहरू छन्।


**नेपालमा अवसर भएका क्षेत्रहरू के-के हुन् ?**

म त जतातते अवसर नै अवसर देख्छु। आजको दिनमा नेपालमा प्रत्येक घरमा पसल छ, प्रत्येक घरको पसल चल्छ। सबै खुसी छन्, सबैले पैसा कमाइरहेका छन्। प्रविधि प्रयोग नभएका, सबै असंगठित, अव्यवस्थित हुँदाहुँदै पनि चलिरहेका छन्। यसमा प्रविधि मिसाउनुहोस्, त्यसलाई व्यवस्थित र व्यवसायिक बनाउनुहोस् र आपूर्ति प्रणालीहरू बनाउनुहोस्, सबै चिज थोरथोरै मिसाइयो भने त के मा अवसर छैन ? सबै चिजमा अवसर छ, नेपालमा प्रतिस्पर्धा नै छैन्। भारतमा हेर्नुहोस्, कति प्रतिस्पर्धा छ ?



# जो सामाजिक सञ्जालबाट टाढा छन्







नरेन्द्र रौले

कम्प्युटर चलाउँदा होस् वा मोबाइल चलाउँदा, पहिलो...-दोस्रो स्टेपमा फेसबुक, ट्विटर नचलाउने कमै हुन्छन्। यस्तो लाग्छ, सामाजिक सञ्जाल अचेल दाल-भातजत्तिकै अनिवार्य भैसकेको छ। अधिकांश व्यक्तिको दैनिकी सामाजिक सञ्जालबाटै सुरु हुन्छ भने राति विश्राम लिनुअघि एकपटक सामाजिक सञ्जाल चहार्ने लत नै बसिसकेको हुन्छ। नेपालमा सामाजिक सञ्जालका प्रयोगकर्ताहरूको संख्या बढिरहेको छ। 'सामाजिक सञ्जालले समाजमा सकारात्मकभन्दा नकारात्मक विषयलाई बढावा दिएको' भन्दै सरकारले संघीय संसदमा 'सूचना प्रविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५' दर्ता गरेको छ, जसमा सामाजिक सञ्जाल सञ्चालन गर्न चाहने व्यक्तिले सूचना-प्रविधि विभागमा दर्ता हुने व्यवस्था उल्लेख छ। हाल सञ्चालनमा आएका फेसबुक, ह्वाट्सएप, ट्विटर, लिंक्डइन, इन्स्टाग्रामजस्ता सामाजिक सञ्जालहरू नेपालमा दर्ता भएपछि मात्र चलाउन पाइनेछ। कानुनले तोकेभन्दा बाहिर गएर जथाभावी सामाजिक सञ्जालमा कसैले केही लेखे १५ लाख रुपैयाँ जरिवाना वा ५ वर्ष कैद वा दुवै सजाय हुने व्यवस्था गरिएको छ।

सरकारले नयाँ विधेयक दर्ता गरिरहँदा हामीले त्यस्ता केही पात्र खोजेका छौं, जो सामाजिक सञ्जालबाट टाढै छन्। तिनैमध्येका एक हुन्, लेखक कुमार नगरकोटी। फोसिल, दोचा, अक्षरगन्ज, मिस्टिका, घाटमाण्डु, मोक्षान्त : काठमाडौं फिभरजस्ता पुस्तकका लेखक नगरकोटी फेसबुक, ट्विटरको दुनियाँबाट टाढा छन्। आफूलाई 'असामाजिक प्राणी' भन्न रुचाउने नगरकोटी जो कसैसँग पनि फोनकै माध्यमबाट भेटघाट गर्छन्। प्रायः कोठामै बसेर लेख्न, पढ्न रुचाउने नगरकोटी खाली समय गुगल र युट्युबमा बिताउँछन्। लेखक नगरकोटीको नजरमा फेसबुक, ट्विटरले समयको बर्बादी मात्र गर्छ। त्यति मात्र होइन, शक्ति र सिर्जना पनि मारिदिन्छ। 'स्टाटस र तस्बिरमा कसले कति लाइक गर्‍यो, कसले कमेन्ट गर्‍यो भनेर बस्दा समय बरबाद हुन्छ।' सामाजिक सञ्जालमा आउने कुरा नगरकोटीलाई एकदम सतही लाग्छ। उनको बुझाइमा तिनमा गम्भीर विषयवस्तु केही हुँदैन। नगरकोटी अनलाइन सञ्चारमाध्यमहरू पनि हेर्दैनन्, बरु छापा पढ्नमै उनलाई मज्जा लाग्छ। प्रकाशकलाई आफ्नो पुस्तकको पाण्डुलिपि उनी हातैले लेखेर बुझाउँछन्। नगरकोटीलाई कम्प्युटरमा टाइप गर्नसमेत आउँदैन। आफ्नो रुचि नभए पनि केही सहयोगी साथीले नगरकोटीको फेसबुक, ट्विटर एकाउन्ट खोलिदिएका थिए, तर उनी त्यसमा भिज्न सकेनन्। उनका एक साथीले कम्तीमा इमेल त चलाऊ भनेर आग्रह गर्दा नगरकोटीले रमाइलो जवाफ दिएका थिए– इमेल के चलाउनु ? बरु फिमेल भए चलाउँथें।

नगरकोटीका अभिन्न मित्र लेखक तथा वृत्तचित्र निर्माता शेखर खरेल पनि सामाजिक सञ्जालबाट टाढै छन्। शेखर बिहानीको सुरुवात चिया, कफी पिउँदै इमेल चेक गरेर गर्छन्। विभिन्न अनलाइन समाचार साइटहरू चहार्छन्। उनका लागि साथीभाइ, आफन्त भेटघाट गर्ने सबैभन्दा प्रभावकारी माध्यम भनेको फोन र इमेल नै हो, तर फेसबुक र ट्विटरको दुनियाँमा भने उनले छिर्नै चाहेनन्। खरेललाई यसबाट कुनै कुरा छुटेजस्तो पनि लाग्दैन। खरेलका लागि उपयोगी हुने खालका लेख इमेलमै आउँछन्। पत्रकार दीपक अधिकारी, केदारभक्त माथेमा आदिले कतै राम्रा लेख भेट्दा त्यसको लिंक उनको इमेलमा पठाइदिन्छन्। शेखर भर्चुअलभन्दा रियल भेटघाटमा बढी विश्वास गर्छन्। यसले उनको सम्पर्क टुट्न पाउँदैन। शेखर कोलाहलबाट पर रहेर आफ्नो काममा रमाउन चाहन्छन्। 'काठमाडौं अचम्मको सहर हो।' उनले भने, 'जहाँ लुक्न पनि सजिलो छ, मानिस भेट्न पनि सजिलो छ।' सामाजिक सञ्जालमा नहुँदा उनी अझ बढी 'सेलेक्टेड' भएका छन्। समयको सदुपयोग गर्न अझ सजिलो भएको छ। शेखरलाई थाहा छ, सामाजिक सञ्जालका फाइदा पनि छन्। कतै सहयोग जुटाउन, रगत संकलन गर्न, सामाजिक सेवाका काम गर्न यो प्रभावकारी माध्यम हो, तर बेफाइदा पनि उत्तिकै छन्। समय र शक्ति बढी खर्च हुन्छ। जिम्मेवारी पनि उत्तिकै बढ्छ। 'महत्त्वपूर्ण कुरा छ भने त कतै न कतैबाट आइहाल्छ नि, फेसबुक-ट्वीटर नै किन चाहियो ?' शेखरले बताए।

गायक बच्चुकैलाशको स्वभाव पनि अनौठो छ। मोबाइल नबोक्ने, सामाजिक सञ्जाल नचलाउने उनी कसैलाई अन्तर्वार्तासमेत दिन मान्दैनन्। उनी सार्वजनिक, सभा-समारोहमा पनि देखा पर्दैनन्। आफ्नो तस्बिर खिचाउन समेत मान्दैनन्। उनका सहकर्मी पुष्प नेपालीको निधनपछि तेन्हौं पुण्य तिथिमा सञ्चारकर्मी नवराज लम्सालले रेडियो तथा टेलिभिजनका लागि अन्तर्वार्ता लिन चाहे। लम्सालले कैयौं पटक आग्रह गर्दा पनि बच्चुकैलाश बोल्नै मानेनन्। त्यस्तै गायक माणिकरत्नले पनि बच्चुकैलाशकै पथ पछ्याएका छन्। माणिकरत्न सामाजिक सञ्जालबाट टाढा छन्। उनी अन्तर्वार्ता दिन समेत रुचाउँदैनन्।

> गायक बच्चुकैलाशको स्वभाव पनि अनौठो छ । मोबाइल नबोक्ने, सामाजिक सञ्जाल नचलाउने उनी कसैलाई अन्तर्वार्तासमेत दिन मान्दैनन् । उनी सार्वजनिक, सभा-समारोहमा पनि देखा पर्दैनन् । आफ्नो तस्बिर खिचाउन समेत मान्दैनन् । उनका सहकर्मी पुष्प नेपालीको निधनपछि तेन्हौं पुण्य तिथिमा सञ्चारकर्मी नवराज लम्सालले रेडियो तथा टेलिभिजनका लागि अन्तर्वार्ता लिन चाहे । लम्सालले कैयौं पटक आग्रह गर्दा पनि बच्चुकैलाश बोल्नै मानेनन् । त्यस्तै गायक माणिकरत्नले पनि बच्चुकैलाशकै पथ पछ्याएका छन् ।

पुराना पुस्ता मात्र होइन, नयाँ पुस्ताका केही तन्नेरी पनि सामाजिक सञ्जालबाट टाढै छन्। अम्बे ग्रुप अफ कम्पनीजका निर्देशक शिवाज न्यौपाने तिनैमध्येका एक हुन्। अमेरिकाको युनिभर्सिटी अफ इलोन्वाईबाट ब्याचलर्स इन म्यानेजमेन्ट तहको अध्ययन पूरा गरेका न्यौपानेको सोच आम युवाको भन्दा भिन्न छ। उनी सामाजिक सञ्जालमा कम सक्रिय छन्। सामाजिक सञ्जालमा कम सक्रिय हुँदा आफ्नो पूरै समय काम र स्व-अध्ययनमा खर्चिए। अझ बढी काम गरौं जस्तो लाग्यो। त्यसमा उनी सफल पनि भए। यसबीच प्रशस्त पुस्तक पढे। कार्यालयलाई समय दिन भ्याए। 'दिनको १४ घण्टा खटेर काम गरें,' न्यौपानेले भने, 'आफू र कार्यालयलाई नै समय दिइयो।' न्यौपाने फुटसल, स्वीमिङ तथा बास्केटबलमा रुचि राख्छन्। अध्ययनका क्रममा चार वर्ष अमेरिकामा बिताएका शिवाज कहिलेकाहीं आफ्नी आमाको आइप्याड चलाउँछन्। त्यो पनि खाना खाँदा वा चिया पिउँदा मात्र। उनी बढीजसो सिएनएनको समाचार पढ्छन्। शिवाजको विचारमा सामाजिक सञ्जाल चलाउँदा खासै नयाँ कुरा सिकिँदैन। उनलाई अधिकांशको लेख्ने शैली, टाइमलाईनमा पोष्ट हुने विषयवस्तु उस्तै लाग्छन्।

मार्टिन चौतारीमा आबद्ध अध्येता भाष्कर गौतमले अहिलेसम्म फेसबुक एकाउन्ट खोलेका छैनन्। साथीभाइहरूसँग भेट हुँदा जब उनीहरूले फेसबुककै कारण आफ्नो समय बर्बाद भएको सुनाउँछन्, तब गौतमलाई आफूले फेसबुक नखोलेर सही निर्णय गरेछु जस्तो लाग्छ। अध्ययनका क्रममा जापानमा छँदा उनले एक पटक ट्विटर एकाउन्ट खोले, त्यो पनि नेपालमा भएको संविधानसभाको निर्वाचनको नतीजासँग अपडेट हुन मात्र, पछि त्यो पनि चलाउन छाडिदिए। गौतम आफूलाई 'लहडको पछि नलाग्ने व्यक्ति' भन्न रुचाउँछन्। गौतम अरूले जे गर्‍यो त्यही बाटो पछ्याउन रुचाउँदैनन्। बरु अध्ययन, अनुसन्धानमै आफूलाई व्यस्त राख्न चाहन्छन्। सामाजिक सञ्जालबाट टाढा हुँदा उनलाई कुनै कुरा छुटे जस्तो लाग्दैन। आफू पछि परेजस तो पनि लाग्दैन। बरु आफ्नो रुचिका विषय खोजीखोजी पढ्न पछि पर्दैनन्। 'सामाजिक सञ्जाल सुरु हुनुभन्दा अघि पनि खोजेरै आफ्नो रुचिका सामग्री पढिन्थ्यो।' गौतम भन्छन्, 'मलाई यसले खासै ठूलो प्रभाव पारेको छैन।' अरूले के पढ्छन्, त्यसमा उनलाई चाँसो छैन। गौतम आफ्नो रुचिका विषय मात्र पछ्याउँछन्। भेटघाट हुँदा कतिले गौतमसँग 'फेसबुक आइडी छ ?' भनेर सोध्छन्। 'छैन' भनेर जवाफ दिँदा कतिले गुनासो पनि गर्छन्। उनलाई भेटघाट र सम्पर्कका लागि मोबाइल फोन नै पर्याप्त लाग्छ। गौतमले नियमित पढ्ने अनलाईन हो, एएलडेली। यसमा हरेक दिन संसारका प्रतिष्ठित मिडियाबाट छानिएका तीनवटा लेख प्रकाशित हुन्छन्। अन्य पत्रपत्रिका तथा म्यागजिनको लिंक पनि यसमै हुनाले पढ्न अझ सजिलो छ।

नागरिक आन्दोलनका अगुवा तथा मानव अधिकारवादी कृष्ण पहाडी मोबाइल फोन बोक्दैनन्। उनी सामाजिक सञ्जालमा पनि भेटिँदैनन्। उनलाई सामाजिक सञ्जालमा जोडिन मन लागेन। पहाडी आफ्नै सुरमा अघि बढिरहे। मानवअधिकार तथा शान्ति समाजका संस्थापक अध्यक्ष पहाडीको विचारमा जीवनलाई सहज बनाउन, समय बचाउन सूचना तथा प्रविधिको सदुपयोग गर्नुपर्छ तर यसको दुरुपयोग हुनु हुँदैन। फेसबुकमा गाली गर्नेहरू, धम्की दिनेहरू उनको नजरमा 'अर्ध अपराधीहरू' हुन्। पहाडीका अनुसार त्यस्ता व्यक्तिहरूबाट जोगिनुपर्छ। २०७१ मा उनले मानवअधिकार तथा शान्ति समाजका सदस्यहरूलाई फेसबुक, ट्विटर कसरी खोल्ने, कसरी चलाउने भनेर तालिम दिएका थिए। यद्यपि पहाडी आफैंले भने निजी एकाउन्ट खोलेनन्।

किन सामाजिक सञ्जालप्रति पहाडीको मोह भएन ? 'मेरो अरूसँग भन्दा पनि आफैंसँग बढी काम भयो।' उनले सुनाए, 'मोबाइल र सामाजिक सञ्जालमा भुन्डिँदा गाह्रो हुन्छ। यो बिना पनि जीवन चलेकै छ।' उनले आफ्नो व्यस्त दैनिकीको बेलिविस्तार लगाए। लेखनमा तीन घण्टा, अध्ययनमा एक घण्टा, इन्टरनेटमा दुई घण्टा, टेलिभिजनमा दुई घण्टा र बाँकी चार घण्टा कार्यालयमा बित्छ। २६ वटा पुस्तक प्रकाशित गरिसकेका पहाडी आइप्याडमा इन्टरनेट चलाउँछन्, इमेल चेक गर्छन्। उनलाई महसुस हुन्छ, प्रविधि धेरै मात्रामा वरदान र थोरै मात्रामा अभिशाप बनेको छ। यसको प्रयोगबिना अबको पुस्ताको जीवन असम्भव नै छ। तैपनि उनमा मोबाइल बोक्ने, सामाजिक सञ्जालमा जोडिने रहर छैन। आफ्नो एकाग्रता र स्वतन्त्रतामा दखल नपरोस् भनेर पनि उनी यसबाट टाढै बस्न चाहन्छन्।

# किन नेपालमा दर्ता हुनुपर्छ सामाजिक सञ्जाल ?




प्रवेश कोइराला

एक दिन एक मित्रले फोन गर्दै 'अर्जेन्ट छ, कुरा गर्नु छ तिमीसित,' भने। मलाई उनको स्वर सुन्दा कुरा अलि संवेदनशील नै छ जस्तो लाग्यो, तर त्यतिबेला म अफिसमै भएकाले विस्तृत रूपमा कुराकानी गर्न नपाउने भने। उसले पनि बेलुका कुरा गरौं न त भनेर फोन राखिदिए।

बेलुका घर पुग्नेबित्तिकै उसलाई ह्वाट्सएपमा सम्पर्क गरें, ऊ अनलाइन नै रहेछ। कुरा बुझ्दै जाँदा, उसलाई एउटा गम्भीर विषयमा मेरो सल्लाह चाहिएको रहेछ। कसैले फेसबुकमा उसको एक जना महिला मित्रको फेक आइडी बनाएर केही नग्न तस्बिरमा उनको अनुहार जडान गरी सयौं जनालाई पठाएको रहेछ, साथै अनेक उत्तेजक म्यासेजसमेत पठाई उनको चरित्रहत्या गर्ने प्रयास गरेको रहेछ।

मैले आफ्नो साथीलाई सुझाव दिएँ– यस्तो प्रकृतिको अपराध नेपाल प्रहरी वा केन्द्रीय अनुसन्धान ब्युरो (सिआईबी) ले हेर्ने भएकाले तुरुन्तै त्यहाँ सम्पर्क गरिहाल। यो सुझाव दिँदादिँदै पनि मलाई थाहा थियो, दोषीको पहिचान हुन निकै गाह्रो छ। हाम्रा सुरक्षा निकायहरूको कमी-कमजोरीका कारण होइन, किन्तु अपराधमा जुन माध्यम प्रयोग भएको थियो, त्यसको जटिलताका कारण।

प्रेमी-प्रेमिकाबीच सुमधुर सम्बन्ध नरहेपछि मोबाइलमा कैद गरिएका गोप्य तस्बिर-भिडियोहरू 'रिभेन्ज पोर्न'का रूपमा निकटका साथीहरूमाझ फैलाउनेदेखिन कोही मन परेको व्यक्तिलाई पठाएको म्यासेजहरूको जवाफ नआउँदा आवेशमा उसको चरित्रहत्या गर्ने, कसैलाई फेक आईडी बनाई धम्क्याउनेदेखि लिएर निरन्तर हेप्ने, होच्याउने, जिस्क्याउने आदि (साइबर बुलिङ, ह्यारेसमेन्ट एन्ड स्टालकिङ) जस्ता प्रकृतिका अपराध हुने गरेका छन् नेपालमा। यस्ता अनेकौं घटना नेपाल प्रहरीमा पेन्डिङ छन्, किनभने नेपाल प्रहरीसित यस विषयमा अनुसन्धान गर्ने पर्याप्त स्रोत-साधन छैन।

यस्ता किसिमका अपराधका बारेमा प्रहरीमा उजुरी पर्दा, प्रहरीले सुरुमै फेसबुकजस्ता सेवा प्रदायकहरूलाई सम्बन्धित एकाउन्टको आईपी एड्रेस (जुन एकाउन्ट चलाउने व्यक्तिको पहिचानको लागि आवश्यक पर्छ), सँग सम्बन्धित इमेल एकाउन्टलगायतका विवरणहरू माग गर्दै पत्राचार गर्छ। सेवा प्रदायक, जुन प्राय अमेरिकाजस्ता देशहरूमा दर्ता भएका हुन्छन्, बाट सधैं एउटै जवाफ आउँछ, MLAT मार्फत आउनु MLAT अर्थात Mutual Legal Ayssisltance Treaty, जुन दुई देशका बीचमा गरिने एक किसिमको सन्धि हो। यो सन्धिमा, आवश्यक परेको खण्डमा एउटा देशले अर्को देशलाई कानुनी सहायताका लागि मद्दत माग्न सक्ने प्रावधान हुन्छ।

नेपालले संयुक्त राज्य अमेरिकासित MLAT गरेको छैन। गरेको नै भए पनि MLAT मार्फत प्रक्रिया अघि बढाई फेसबुकलगायतका सेवा प्रदायकलाई अपराध अनुसन्धानमा आवश्यक डाटा उपलब्ध गराउन विवश तुल्याउन महिनौं लाग्न सक्छ। यसले न्याय प्रक्रियामा ढिलाइ त हुन्छ नै, पीडितलाई पनि हतोत्साहित समेत तुल्याइदिन्छ। यी सबै कुराबाट के प्रस्ट हुन्छ भने फेसबुक, ट्विटरजस्ता सामाजिक सञ्जाललाई राष्ट्रिय स्तरबाटै नियमन गर्नु आवश्यक भैसकेको छ।

सरकारले संसद्मा पेस गरेको सूचना-प्रविधिसम्बन्धी विधेयकले यही मुद्दालाई आत्मसात् गरी सबै सामाजिक सञ्जालले नेपाल सरकारमा दर्ता हुने व्यवस्था गरेको छ। यसरी दर्ता हुँदा सामाजिक सञ्जालहरू राज्यको कानुनी दायरामा समाविष्ट हुनेछन् र प्रचलित ऐन-नियमबमोजिम न्यायालयलाई सघाउनु उनीहरूको दायित्व हुनेछ।

आर्थिक दृष्टिकोणले हेर्ने हो भने पनि सरकारको यो कदम सराहनीय छ। बर्सेनि हुन्डीका माध्यमबाट आफ्नो व्यवसायको प्रवर्द्धनका लागि विभिन्न व्यक्ति तथा संस्थाले फेसबुक एवं इन्स्टाग्राममा विज्ञापन चलाइरहेका छन्। त्यसबाट राज्यलाई करोडौं नोक्सानी भैरहेको अनुमान छ। व्यवसायको विज्ञापन गरिदिन्छु भनेर पैसा लिने र कमसल विज्ञापन गरेर ठगी गर्ने कुरा पनि नयाँ होइन। फेसबुक विज्ञापनको सेरोफेरोमा करको दायराभन्दा बाहिर रहेर कैयौं मार्केटिङ कम्पनी खुलेका छन्, कैयौं सामाजिक समूहमा अवैध डलर सटही हुने गरेको छ। फलस्वरूप राज्यलाई आर्थिक हानि पनि। सामाजिक सञ्जालहरू दर्ता भएर नियमन गर्न सकिने हो भने तिनीहरूबाट कर उठाउन सकिन्छ जुन राज्यका लागि राम्रो आयस्रोत हुनसक्छ।

विधेयक संसद्मा दर्ता भएसँगै सामाजिक सञ्जालसम्बन्धी प्रावधानका विषयमा व्यापक चर्चा र केही आलोचनासमेत भैरहेको छ। कसैले यसलाई निकै महत्वाकांक्षी कदम बताएका छन् भने कसैले वाक् स्वतन्त्रता हनन गर्ने प्रयाससमेत भनेका छन्। कसैले के फेसबुक र ट्विटरजस्ता ठूला अन्तर्राष्ट्रिय संस्था नेपालमा दर्ता हुन आउलान् भनेर सोध्दैछन् भने कसैले नेपालमा दर्ता नभएको खण्डमा के राज्यले साँच्चिकै यी सञ्जालहरू बन्द गराउन सक्ला भन्ने प्रश्न अघि सारेका छन्।

पहिलो कुरा, नेपाल सार्वभौमसत्ता सम्पन्न मुलुको हो अर्थात् कुनै पनि वैदेशिक निकाय होस्, चाहे सरकारी वा गैर-सरकारी, उसले नेपालको सत्ता मान्नैपर्छ र त्यसको सम्मान गर्नैपर्छ। जति नै ठूलो संस्था होस्, यदि ऊ नेपाल र नेपालीको हकहित विपरित छ भने नेपाल सरकारले त्यस्तो संस्थाउपर नियमन त के, प्रतिबन्ध नै लगाउनु स्वभाविक हो। हामी अमेरिकासित MLAT सन्धिको सम्भावनाको कुरा गर्छौं, तर यदि फेसबुक र ट्विटरजस्ता संस्था नेपालको सार्वभौमसत्ता स्वीकार गरेर नेपालमा दर्ता हुन आउँदैनन् भने संयुक्त राज्य अमेरिकाजस्तो अजङ्गको संरचनाले हामी सित MLAT किन गर्छ ?

रह्यो कुरा वाक् स्वतन्त्रता हननको, स्मरण रहोस्, नेपालमा सञ्चालन हुने पत्र-पत्रिका पनि सञ्चार तथा सूचना-प्रविधि मन्त्रालयमा दर्ता भएकै छन्। तिनीहरूबाट सम्प्रेषण हुने खबरहरूमा पनि नेपाल सरकारका निर्णय र कार्यसम्पादनउपर टीका-टिप्पणी भै नै रहेका हुन्छन् अर्थात् दर्ता गरिनुपर्छ भन्दैमा सामाजिक सञ्जालको प्रयोगमा सरकारको विरोधसम्बन्धी अंकुश लगाइने भन्ने अवधारणा नितान्त गलत छ।

अर्को कुरा छ, नेपाली नागरिकको डाटासम्बन्धी। के फेसबुकले हाम्रो गोप्यताको सम्मान गर्दैछ ? के उसले व्यक्तिगत गोपनीयतासम्बन्धी नियमहरूको उचित पालना गरिरहेको छ ? के हाम्रा डाटाहरूको अनुचित प्रयोग त भैरहेको छैन ? फेसबुक, ट्विटर आदिले युरोपले ल्याएको GDPR (General Data Protection Regulation) अर्थात् डाटा सुरक्षा र वैयक्तिक गोपनीयतासम्बन्धी नियमावलीको पालना गर्छन्, तर युरोपमा मात्र। उनीहरूलाई नेपालका नियम-कानुनको केही वास्ता छैन।

अन्ततः यदि सामाजिक सञ्जालहरू नेपालमा दर्ता हुँदैनन् भने नेपाल सरकारको निर्णयअनुसार, तिनीहरूउपर प्रतिबन्ध पनि लगाउन सकिन्छ। यो कुरा झट्ट हेर्दा आपत्तिजनक लाग्न सक्छ तर एकछिन सोच्ने हो भने, फेसबुक प्रतिबन्धित हुँदा के नै होला र ? चीनजस्ता मुलुकहरूमा आफ्नै सामाजिक सञ्जालहरू सञ्चालनमा छन्। आखिर हामीलाई चाहिने त सामाजिक सञ्जाल हो, फेसबुक होइन र सामाजिक सञ्जाल त नेपालमै नेपालीहरूले सजिलै निर्माण गर्न सक्छन्।

सरकारद्वारा दर्ता गरिएको विधेयकउपर संसदमा व्यापक व्याख्या र विश्लेषण हुन बाँकी नै छ। यसबीच, सतही रूपमा सरकारको यो कदमको आलोचना गर्नु युक्तिसंगत देखिँदैन।

***(लेखक नेपाल सरकारका शाखा अधिकृत हुन्।)***

## सोसल मिडियामा बहस

सामाजिक संजालमा जथाभावी लेख्नेलाई १५ लाखसम्म जरिवाना र ५ वर्षसम्म कैद हुने कानुन बन्दैछ रे सही हो तर चुनावका बेला जथाभावी बोलेर भोट माग्ने नेतालाई कारबाही हुने कानुन चाहिँ बन्छ कि बन्दैन ?

**अजिता अधिकारी**

सामाजिक सञ्जालसम्बन्धी विधेयकमा सामाजिक सञ्जालमा जथाभावी लेख्नेलाई १५ लाख रुपैयाँसम्म जरिवाना र पाँच वर्षसम्म जेल सजाय हुन सक्ने प्रावधान राखिएको छ। सञ्चारमन्त्री बांस्कोटाले बिधेयक संसदमा पेस गरेर अरू गर्न नै के सक्छन् र ? कानुन र कागजको ठेली बढाउने र पहुँच नभएका जनतालाई ठेगा देखाउनेभन्दा।

**दिनेश बाबु**

फेसबुक, ट्विटर, इन्स्टा आदि सामाजिक सञ्जाल नेपालको कानून अनुसार दर्ता हुनुपर्छ भन्दा धेरैको टाउको दुखाइ भयो। खासमा यो टाउको दुखाउने विषय थियो र साँच्चै ? फेसबुकलगायतका सञ्जालमा विज्ञापन गर्दा अवैध रुपमा करोडौं रुपैयाँ बाहिरिएको छ। देशले ठूलो राजश्व गुमाएको छ।

**विशालकुमार भण्डारी**

२० अर्ब भ्रष्टाचार गर्नेलाई २ करोड धरौटीमा रिहा अनि सामाजिक सञ्जालमा जथाभावी लेखे १५ लाख जरिवानासहित ५ वर्ष जेल। नेपालको कानुन भनेकै स-सानालाई लाग्ने त हो ठूलावडाले त जे गरे नि भो। न कानुन मान्नुपर्छ, न कानुन नै लाग्छ।

**कृष्ण**

देशलाई विखण्डन र राष्ट्रलाई नै आँच पुर्‍याउने अभिब्यक्ति दिने सिके राउतको रौं हल्लाउन नसक्ने सरकार सामाजिक सञ्जालमा सहीलाई सही र गलतलाई गलत भन्ने जनता र परदेशमा श्रम गरी आफ्ना बूढीआमालाई १/२ तोला सुन ल्याउँदा आतंककारी र देशद्रोही जसरी जेल हाल्ने, कस्तो कानुन हाम्रो नेपालको।

**गाम्ले केटो**

सामाजिक सञ्जालमा जथाभावी लेख्नेलाई होइन, सक्छौ भने सरकारमा बसेर जथाभावी आश्वासन बाँड्ने अनि भ्रममा पार्नेहरूलाई कारबाही गरियोस्।

**सरोज बाहुन (कफी कुमार)**

सामाजिक संजालसम्बन्धी गलत बुझाइको प्रचार नगरौं। सामाजिक संजालको दुरुपयोग रोक्नु एवं अपराध गर्नेहरूलाई विद्युतीय कानुनी दायरामा ल्याउनु राज्यको कर्तव्य हो। बाम सरकारले जथाभावी छाडा अबस्थामा रहेको नेपाली सामाजिक संजाल लाई दाम्लो लगाउन खोजेको हो। नियन्त्रण गर्न जरुरी छ, निषेध होइन।

**राजकुमार तामाङ**

सामाजिक संजालमा जथाभावी लेख्नेलाई १५ लाख तिराउँछु भन्ने सरकारले अब यो बम पड्काउने लाइ कति तिराउने हो कुन्नि ?

**सन्नी महत**

जथाभावी लेख्नु र बोल्नु हुन्न तर सरकारजी, तपाईंकै मन्त्री, सांसद तथा सचिवहरू जथाभावी बोल्छन् के गर्ने ? इन्डियन बस चाइनिज भनेर सदर गराउन दवाब, मेलम्चीको ठेकेदारलाई तीन अर्बभन्दा बढी दिने निर्णय गराउन दबाब। पहिले यिनीहरूको मुख बन्द गर्नुस्।

**विशाल**



## यन्त्र ७.० : रोबोटिक्स र प्रविधि

# अन्तर्राष्ट्रिय रोबोटिक्स स्पर्धा

**रोबोटिक्स एसोसिएसन अफ नेपाल (ऱ्यान) ले विभिन्न संस्थाहरूको सहयोगमा विज्ञान, प्रविधि तथा उद्यमशीलताको महोत्सव यन्त्रको सातौं संस्करण गत साता सम्पन्न गरेको छ । एसोसिएसनले २०१० देखि रोबोटिक्स र स्वचालित प्रविधिमा काम गर्दै आएको छ । यन्त्र ७.० को मुख्य सहयोगी यूएनडीपी नेपाल थियो भने अन्य धेरै सरकारी तथा गैरसरकारी संस्थाले त्यसको आयोजनामा सहयोग पुऱ्याएका थिए ।**

### अन्तर्राष्ट्रिय रोबोटिक्स

प्रतियोगितान्तर्गत यन्त्र म्यानुअल अखडा (रोबोवार), यन्त्र अटोमेटिक अखडा (एआई रोबोवार) तथा यन्त्र राष्ट्रिय लिग (रोबोट फुटबल) समावेश थिए । उक्त अन्तर्राष्ट्रिय स्तरको प्रतियोगितामा नेपाल, भारत एवं भुटानका ६० वटा इन्जिनियरिङ तथा उच्च माध्यमिक विद्यालयका विद्यार्थी समूहहरूको सहभागिता थियो । यन्त्र म्यानुअल अखडा (रोबोवार) मा नेपालका १४ वटा इन्जिनियरिङ कलेजका टिम, भारतका तीन वटा टिम तथा भुटानको एउटा टिमले प्रतिस्पर्धा गरेका थिए । म्यानुअल अखडामा एउटा रोबोटले अर्को रोबोटलाई चोट पुऱ्याउनु पर्थ्यो । धेरै चोट पुऱ्याउने वा धेरै आक्रमण गर्नेले प्रतिस्पर्धा जितेको थियो । यसमा भारतको टिम ब्याकबर्डले प्रथम स्थान हासिल गऱ्यो भने भारतकै सीईआरटीले दोस्रो स्थान हासिल गऱ्यो ।

### यन्त्र अटोमेटिक अखडा

यन्त्र अटोमेटिक अखडा (एआई रोबोवार) मा नेपालका १२ वटा इन्जिनियरिङ कलेजका टिमले प्रतिस्पर्धा गरेका थिए । अटोमेटिक अखडामा जितका लागि एउटा रोबोटले अर्को रोबोटलाई स्वचालित रूपमा पहिचान गरी प्रतियोगिताको एरेनाबाट खसाल्नु पर्ने थियो । अर्को रोबोट पहिचानका निम्ति प्रतियोगिहरूले क्यामेरा र केही सेन्सर प्रयोग गरेर इमेज प्रोसेसिङ, मेसिन लर्निङ, आर्टिफिसियल इन्टेलिजेन्स आदि प्रविधि प्रयोग गरेका थिए । यन्त्र अटोमेटिक अखडामा नेपालको पहिलो पीको स्याटलाइट बनाउने कम्पनी ओरियन स्पेसको समूह हन्टर २.० प्रथम भयो । हन्टर २.० मा सौरभ पौडेल, सरोज गुरुङ, रबिन पराजुली, सुशील श्रेष्ठ तथा राजेस धुसु सदस्य थिए । उनीहरूको रोबोटले नेपाल इन्जिनियरिङ कलेजको रोबो एनईसीलाई हराएको थियो ।

### यन्त्र नेसनल लिग

यन्त्र नेसनल लिग (रोबोट फुटबल) मा नेपालका ७ वटा इन्जिनियरिङ कलेज तथा ८ वटा प्लस टु कलेजका टिमले प्रतिस्पर्धा गरेका थिए । भारतको टिम जेननले पनि उक्त प्रतियोगितामा प्रतिस्पर्धा गरेको थियो । यन्त्र नेसनल लिगअन्तर्गत जसले ६ मिनेटको समयमा धेरै गोल हान्यो उही विजेता हुन्थ्यो । रोबोटिक्समा चासो राख्ने र रोबोट निर्माणको सुरुवाती अवस्थामा रहेका विद्यार्थीलाई लक्षित गरी उक्त प्रतियोगिता सञ्चालन गरिएको थियो । यन्त्र नेसनल लिगको विजेता युनाइटेड एकेडेमीको समूह भयो भने टिम यूएआरसी वान र यूएआरसी टु ले दोस्रो र तेस्रो स्थान हासिल गरे । यूएआरसी वानले भारतको टिम जेननलाई ३-२ ले हराउँदै फाइनलको यात्रा तय गरेको थियो । यूएआरसी वानको समूहमा सुदिप भुसाल, उज्वल ढकाल, श्रीजन घिमिरे तथा शिशिर सुवेदी थिए ।

### रोबो बिजनेस कप

रोबो बिजनेस रोबोटिक्स विज्ञान र प्रविधिमा आधारित उद्यमशीलता प्रवर्द्धन गर्न आयोजित गरिएको हो । उक्त अवसरमा उद्यमशीलता विकास गर्न र रोबो प्रविधिको विकास गर्न २ दिने मेन्टरसीप कार्यक्रम सञ्चालन गरिएको थियो । मेन्टरसिपको पहिलो दिन इन्टेलेक्चुअल प्रोपर्टी व्यवस्थापन, प्रोटोटाइप टु प्रोडक्ट, थ्रीडी प्रिन्टिङ तथा सिस्टम डिजाइनसम्बन्धी प्रोडक्ट विकासको कार्यक्रम तथा दोस्रो दिन आइडिया टु रियालिटी, दिगो विकासको महत्व, बिजनेस मोडल क्यानभास विकास तथा बिजनेस आइडिया प्रस्तुति सम्बन्धि मेन्टरसीप दिइएको थियो । रोबो बिजनेस कपको विजेता ख्वप इन्जिनियरिङ कलेजको टिम हर्के तथा कान्तिपुर इन्जिनियरिङ कलेजको टिम नेक्स्ट जेनेरेसन हेल्मेट भए । रौनक जोशी, बिज्ञान सुवेदी, कृष्ण कुमार चौलागाइ तथा प्रमिला साख सम्मिलित टिमको रोबोटले गोलभेडा टिप्ने तथा आवश्यकता अनुसार किटाणु नष्ट गर्न औषधि छर्कने काम गर्छ । त्यस्तै रौनक हाडा, अच्यूत तिमिल्सिना, युक्ति भट्ट एवं मेघुका रायमाझीको समूहले सुरक्षा नामक नेक्स्ट जेनरेसन हेल्मेट तयार पारेका थिए जसको प्रयोग गर्दा मापसे गरेका बेला बाइक चल्दैन भने दुर्घटना हुँदा हेल्मेटमार्फत नै परिवारको सदस्यलाई जानकारी पुग्छ ।

### यन्त्र लर्निङ

यन्त्र लर्निङ मेसिन लर्निङ प्रतियोगिता हो । मेसिन लर्निङ प्रयोग गरी कृषि तथा स्वास्थ्य क्षेत्रमा रहेका समस्याहरू समाधान गर्न आयोजित उक्त प्रतियोगितामा सहभागीहरूका लागि २ दिने ह्याकाथन सम्पन्न गरिएको थियो । २ दिन ह्याकाथनमा प्रतियोगिहरूलाई वर्कसप र विज्ञद्वारा मेन्टरसिप प्रदान गरिएको थियो जहाँ प्रतियोगिहरूले आ-आफ्ना समाधान पनि समानान्तर रूपमा बनाइरहने वातावरण थियो । कुन्जुङ शेर्पा र कुशल इङनामको टिम सोक्रेट्सले यन्त्र लर्निङमा प्रथम स्थान हासिल गऱ्यो । टिम सोक्रेट्सले छातीको एक्सरे हेरर सम्भावित रोगहरूको अनुमान लगाउन सक्ने मेसिन लर्निङ सिस्टम तयार पारेको थियो । उक्त अवसरमा समूह इआर साथीले उत्कृष्ट प्रस्तुतिको उपाधि हात पाऱ्यो ।

### यन्त्र किड्स

रोबोटिक्समा स्कुलका विद्यार्थीहरूको रुची बढाउन र भोलिको प्रविधिसँग आत्मसात गर्न यन्त्र किड्स प्रतियोगिता सञ्चालन गरिएको थियो । यन्त्र किड्सअन्तर्गत कक्षा ४ देखि १० सम्मका विद्यार्थीहरूका लागि रोबोट कसरी बनाउने भनेर डिजाइन थिंकिङ कार्यक्रम सञ्चालन गरिएको थियो । यसअन्तर्गत धनगढीको टिम फारवेस्टले पहिलो तथा कान्जिरोवा स्कुलको समूह दोस्रो भएका थिए । त्यसबाहेक पोखरा, विराटनगर र धनगढीमा क्षेत्रीय स्तरमा विभिन्न प्रतियोगिता आयोजित गरिएको एसोसिएसनका अध्यक्ष विकास गुरुङले बताए ।

# आयो फोल्ड गर्न मिल्ने स्मार्टफोन



ग्यालेक्सी फोल्ड

### सामसुङ

सामसुङले फोल्ड गर्न मिल्ने अर्थात फोल्डेबल स्मार्टफोन सार्वजनिक गरेको छ । उक्त स्मार्टफोनले फाइभ जी प्रविधिमा आधारित वायरलेस टेलिफोन नेटवर्कमा समेत काम गर्नेछ । यसलाई सामान्य स्मार्टफोन र ट्याबलेट दुबै स्वरूपमा विकास गरिएको छ र यसमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) का साथै अरु विशेषता थपिएको छ ।

अमेरिकाको सानफ्रान्सिस्कोमा सार्वजनिक गरिएको उक्त फोल्डेबल स्मार्टफोनको नाम 'ग्यालेक्सी फोल्ड' राखिएको छ । यो एउटै डिभाइसमा ४.६ इन्चको स्मार्टफोन र ७.३ इन्चको ट्याबलेट छ अर्थात उक्त स्मार्टफोनलाई पुरै खोल्दा ट्याबलेटका रूपमा प्रयोग गर्न सकिन्छ भने फोल्ड गर्दा स्मार्टफोनका रूपमा प्रयोग गर्न सकिन्छ ।

यो स्मार्टफोन अप्रिल २६ देखि बजारमा आउनेछ । यसको अन्तर्राष्ट्रिय मूल्य १ हजार ९ सय ८० अमेरिकी डलर तोकिएको छ । कम्पनीका अनुसार यो स्मार्टफोनमा एकै समयमा तीनवटा एप्स प्रयोग गरी युट्युब हेर्न, साथीहरूसँग अन्तरक्रिया गर्न तथा यात्राका लागि नयाँ गन्तव्य खोज्न सकिन्छ ।

स्मार्टफोनको मेन डिस्प्ले क्वाड डाइनामिक एमोलेड छ भने कभर डिस्प्ले एचडी प्लस सुपर एमोलेड छ । फोटोग्राफीका लागि यो स्मार्टफोनमा ट्रिपल रियर क्यामेरा छ जसमा १६ मेगापिक्सेल प्लस, १२ मेगापिक्सेल प्लस तथा १२ मेगापिक्सेलको लेन्स छ । त्यसैगरी १२ जीबीको ऱ्याम युक्त यो फोनमा ५१२ जीबीको स्टोरेज उपलब्ध हुन्छ । पावरका लागि ४,३८० एमएएचको ब्याट्री प्याक छ भने फास्ट चार्जिङ प्रविधि र वायरलेस चार्जिङको सुविधा छ । ग्यालेक्सी फोल्ड एन्ड्रोयड पाइ ९.० अपरेटिङ सिस्टममा सञ्चालन हुन्छ ।



फ्लेक्सीपाई स्पोर्ट्स

### रोयोले

रोयोले नामक कम्पनीले गत वर्ष नै फोल्ड गर्न मिल्ने विश्वकै पहिलो स्मार्टफोन सार्वजनिक गरिसकेको थियो । उक्त स्मार्टफोनको नाम फ्लेक्सीपाई स्पोर्ट्स राखिएको छ । यसमा ७ दशमलव ८ इन्चको डिस्प्ले छ । यो फोन फोल्ड गरिसके पछि ४ इन्चको हुन्छ । यसको ब्याक प्यानलमा ड्युअल रियर क्यामेरा सेटअप छ, जसमा १६ एमपी प्राइमेरी क्यामेरा उपलब्ध छ ।

### हुवावे

हुवावेले स्पेनको बार्सिलोनामा सम्पन्न मोबाइल वर्ल्ड कांग्रेस-२०१९ को पूर्वसन्ध्यामा फाइभ जी प्रविधि सपोर्ट गर्ने फोल्डेबल स्मार्टफोन मेट एक्स लन्च गरेको छ । हुवावे मेट एक्सलाई खोल्दा ८ इन्चको ऱ्याप अराउन्ड ओएलईडी ट्याब्लेट डिस्प्ले देखिन्छ । यसलाई बन्द गर्दा ६ दशमलव ६ इन्चको स्क्रिनयुक्त स्मार्टफोनमा परिवर्तन हुन्छ । फोल्ड नगर्दा यसको डिस्प्ले ८ इन्चको हुन्छ । यसमा किरिन ९८० प्रोसेसर छ, जसका कारण यसको पर्फमेन्स उच्च छ । यो स्मार्टफोनमा बलोङ ५००० फाइभ जी मोडेम उपलब्ध छ । फाइभ जी नेटवर्क सपोर्ट भयो भने यसले ३ सेकेन्डमै १ जीबी डाटा डाउनलोड गर्न सक्छ । यसमा ४ हजार ५ सय एमएएचको ब्याट्री छ । हुवावे सुपरचार्जको सहयोगले यसलाई ३० मिनेटमै ८५ प्रतिशत चार्ज गर्न सकिन्छ । यसमा ८ जीबी ऱ्याम छ भने ५१२ जीबी स्टोरेज छ । हुवावेको फोल्डेबल फोनको अन्तर्राष्ट्रिय बजार मूल्य २ हजार ६ सय डलर छ ।

### टीसीएल

टीसीएलले फोल्ड गर्दा स्मार्टवाचमा परिवर्तन हुने फोल्डेबल स्मार्टफोनको विकास गरिरहेको छ । टीसीएलले दुई ट्याब्लेट तथा दुई स्मार्टफोन गरी चार वटा नयाँ डिभाइसका लागि कार्य गरिरहेको बताएको छ । यसरी फोल्ड हुने स्मार्टफोन २०२० सम्ममा बजारमा आउने अनुमान गरिएको छ ।



मेट एक्स

केवल एक प्रश्न

# तपाईंलाई मन पर्ने घरपालुवा जनावर कुन हो ?



मलाई घरपालुवा जनावरमध्ये कुकुर एकदमै मन पर्छ । किनभने कुकुर निकै बफादार हुन्छ ।

**राजु ढकाल, गायक**

घरमा मुसाले धेरै दुःख दिएको देख्दा मलाई बिरालो मन पर्छ, किनभने बिरालोले मुसालाई मार्छ ।

**लोकराज अधिकारी, गीतकार**

परेवालाई शान्तिको प्रतीकका रूपमा लिइन्छ । त्यसैले म परेवा पाल्न रुचाउँछु ।

**निर्मल शर्मा, हास्य अभिनेता**

कुकुरले घरको सुरक्षा गर्ने अनि अनुशासित पनि हुने भएकाले मलाई घरपालुवा जनावरमा कुकुर नै मन पर्छ ।

**अनिता चलाउने, गायिका**

मलाई कुकुर मन पर्छ । किनभने जति नै चाटे पनि बफादार त हुन्छ ।

**सुव्रतराज आचार्य, निर्देशक**

सुरक्षाका लागि एकदमै राम्रो भएकाले मलाई कुकुर नै मन पर्छ ।

**लक्ष्मी ठाकुर, हेयर स्टाइलिस**

मलाई कुकुर साथी जस्तै लाग्छ । किनभने कुकुर मानिसभन्दा पनि इमान्दार अनि अनुशासित हुन्छ ।

**धिताल चिरिच्याँट्, हास्यकलाकार**

इमान्दार अनि रक्षक घरपालुवा जनावर भएकाले मलाई कुकुर निकै मन पर्छ ।

**कुलेन्द्र विश्वकर्मा, गायक**

गाई एकदमै मन पर्छ । किनभने गाई दयालु, मायालु अनि आफैंमा सफा हुन्छ । गाई हाम्रो राष्ट्रिय जनावर पनि हो ।

**टिका प्रसाईं, गायिका**

कुकुर मन पर्छ । आफू जस्तो भए पनि मानिसहरू इमान्दार दास अनि भक्तहरू मन पराउँछन् । कुकुर इमान्दार दास र भक्त दुवै हो । गालीले मुटु चिर्‍यो भने आफ्नै सन्तानले पनि बाबुआमासँग विद्रोह गरेर घर छाडेर जान्छन्, तर जति गाली गरे पनि, पिटे पनि कुकुरले कहिल्यै घर छाड्दैन र आफ्नो मालिकलाई मृत्युपर्यन्त साथ दिन्छ । कुकुरले मालिकको चोर्न र चिटिङ गर्न जानेको हुँदैन । भोको कुकुरले पनि नदिई चोरेर खाँदैन । यो एउटा अद्‍भुत प्राणी हो ।

**अमर न्यौपाने, साहित्यकार**

घरको रक्षा पनि हुने अनि राम्रो साथी पनि भएकाले मलाई कुकुर मन पर्छ ।

**शिव विक, नृत्य निर्देशक**

मलाई खरायो मन पर्छ । किनभने यसले फोहोर गर्दैन, सधैं सफा हुन्छ । मलाई यसको आँखा सबैभन्दा राम्रो लाग्छ । म त कहिलेकहिँ खरायो हेरेरै दिन बिताइदिन्छु ।

**मुकुन भुसाल, अभिनेता**

मलाई गाई एकदमै मन पर्छ । गाईलाई हामी हिन्दूहरू लक्ष्मीका रूपमा पनि लिन्छौं । लक्ष्मी घरका लागि शुभ पनि मानिन्छ । अर्को कुरा गाई आफैंमा राम्रो जनावर हो । यसले दिने दूध स्वास्थ्यका दृष्टिले निकै लाभदायक हुन्छ ।

**राम ठाकुर, हेयर स्टाइलिस**

कुकुर एकदमै मन पर्छ । किनभने कुकुर एकदमै इमान्दार हुन्छ । यो मानिसको एक्लोपनको साथी पनि हो ।

**विनोद न्यौपाने, अभिनेता**

मलाई कुकुर मन पर्छ । किनभने यो हेर्दा पनि क्युट हुन्छ । बफादार हुन्छ । घरको रेखदेखका लागि पनि निकै राम्रो मानिन्छ ।

**गम्भीर विष्ट, नृत्य निर्देशक**

मलाई घरपालुवा जनावरमध्ये कुकुर नै हो सबैभन्दा मनपर्ने ।

**जाङ्मु शेर्पा, मोडल**

मलाई कुकुर मन पर्छ । किनभने कुकुर इमान्दार अनि बफादार हुन्छ । हामीले कुकुरबाट सिक्नुपर्ने कुरा धेरै छन् ।

**कुमार कट्टेल, हास्य अभिनेता**

कुकुर, बिरालो, गाई, बाख्रा, भैंसी, कुखुरा सबैको माया लाग्छ । यसमध्ये पनि मलाई धेरै मन पर्ने भनेको कुकुर हो ।

**देवी घर्ती, गायिका**

मलाई सुगा एकदमै मन पर्छ । किनभने सुगा पाल्दा घरकै शोभा बढ्छ ।

**नीता ढुंगाना, अभिनेत्री**

प्रस्तुति : महेश तिमल्सिना



## मेरो टप १० फेवरेट गीत



१. जोर शंख फुकेर गीत विष्णु माझी र मैले २०६४ सालमा गाएका थियौं । यो गीत मलाई निकै मन पर्नेमध्येको एउटा गीत हो ।

२. त्यो मन रुन्न होला र गीतले पनि मेरो सफलतामा एउटा सिंढी थप्ने काम गर्‍यो । यो गीतमा पनि विष्णु माझी र मैले नै स्वर दिएका छौं ।

३. विष्णु माझीसँगै २०६५ मा एउटै डोरी पासो लगाम भो गीत आएको थियो । यो गीतले निकै चर्चा कमाएको थियो ।

४. नेपाली समाजमा स्याङ्जाली र झापालीबीचको सम्बन्धमा आधारित स्याङ्जालीलाई नभन जाली गीत पनि मेरो टप १० फेवरेटभित्र अटाउँछ ।

५. मेरा हिट गीतमध्ये देख्न मन ला'को छैन र पनि एक हो । दुई वर्षअघि विष्णु माझीसँग मिलेर गाएको यो गीतले निकै चर्चा पाएको थियो ।

६. लोकदोहोरी गीत मनको देउतैले पनि रेडियो तथा टिभीमा अत्यन्तै बजेका मेरा गीतमध्ये एउटा गीत हो ।

७. सिलाइदिउँला भोटो मैले गाएकामध्ये म आफैंलाई मन पर्ने अर्को गीत हो । २०६६ सालमा बजारमा आएको यो गीत मेरो करिअरको सुन्दर गीतमध्ये एक हो ।

८. विष्णु माझी र मैले केही वर्षअघि गाएको गीत कपाल कोर्ने काइँयो पनि मेरो टप फेवरेट गीत हो ।

९. अघिल्लो वर्षको तीजमा सर्वाधिक बजेको गीत हो– भँगेरी चरीले । गायिका शिलु भट्टराई र मैले मिलेर गाएको यो गीत यसपटकको तिजमा पनि निकै बज्यो ।

१०. रमिला न्यौपाने र मेरो संयुक्त आवाजको आज त भेट्न आउँदिनँ है कालु पनि मलाई मनपर्ने आफ्नै गीतमा पर्छ ।

● खुमन अधिकारी, गायक

# संगीतमा नारी पहिचानको पलेंटी

मेलवादेवीबाट सुरु भएको नेपाली संगीतमा नारी स्वरको स्तुति गर्दै पलेँटीको पुनर्उदय भएको छ। आधुनिक नेपाली संगीतको सम्झना एवं संवर्द्धनमा समर्पित यो कार्यक्रम बीचमा केही समय स्थगित भएको थियो। अब भने यसलाई विषयगत रूपले प्रस्तुत गरिने यसका प्रस्तोता आभाषले जनाएका छन्।

यही सिलसिलामा पहिलो प्रस्तुति नेपाली संगीतका नारी नक्षत्रहरूलाई सम्झँदै गत शुक्रबार थालनी भएको छ। उक्त कार्यक्रम गायिका मिनाको स्वर र प्रस्तोता आभासको संस्मरणमा केन्द्रित थियो।

कार्यक्रमको सुरुवात मेलवादेवीको 'न घरलाइ घर कहिन्छ' बाट भएको थियो। सहिद शुक्रराज शास्त्रीले रचना गरेको उक्त गीत सुनाएपछि आभाषले नेपाली गायिकाहरूसँगका आफ्ना सम्झना सुनाउँदै कार्यक्रमलाई अघि बढाए। उनले थालनी गरे कोइलीदेवीबाट। रेडियो नेपालमा भेटिएकी कोइलीदेवी पनि मेलवादेवीजस्तै राणाकालमा दरबारमै हुर्किएकी अर्की गायिका थिइन्।

'कोइलीदेवीलाई भेट्नु एउटा कालखण्डकै प्रतिनिधि देख्नु थियो,' आभाषले भने, 'मेलवादेवीजत्तिको शास्त्रीय वा आधुनिक दुवै नभए पनि उनको खिरिलो आवाजले राम्रै प्रभाव विस्तार गरेको थियो।' त्यसपछि कोइलीदेवीले गाएको 'सम्झिरहन्छु निसदिन केवल हजुरलाई' सुनाइएको थियो। जब तारादेवीको प्रसंग सुरुभयो तब गाइयो राष्ट्रकवि माधव घिमिरेको रचना अनि नातिकाजीको संगीतमा 'फूलको थुँगा बहेर गयो'।

त्यसपछि प्रस्तुति दार्जीलिङतर्फ मोडिएर जसै अरुणा लामा (सबैले भन्थे लयालु फूल भै), शान्ति ठटाल (सम्हालेर राख), डेजी बराइली (एउटा खुला किताब हुँ म) र दावा ग्याल्मो (सहर भित्र केको हल्ला) तर्फ प्रवेश गऱ्यो, नेपाली संगीतमा अम्बर गुरुङ र गोपाल योञ्जनको योगदानको चर्चा पनि भयो।

प्रसंग फेरि काठमाडौं भित्रिएपछि गौरी केसीको 'रानी तलाउ किनारा', तारा थापाको 'तारि न देऊ हे माझी दाइ' र मिरा राणाको 'मखमली चोलो'हुँदै अघि बढेको थियो। हीरादेवी वाइवाको 'फरिया ल्याइदेका त्यै पनि राता धनन' प्रस्तुत गर्ने बेलामा भने पलेँटीका निम्ति उनलाई निम्त्याउने प्रयास चलिरहेकै बेला पश्चिम बंगालस्थित आफ्नै घरमा आगलागीमा परेर उनको निधन भएको चर्चासँगै वातावरण भावुक बन्न पुगेको थियो। 'मेलवादेवी र हिरादेवीजस्ता गायिकालाई आगोले पोलिरहेका बेला बचाउने पनि कोहि भैदिएनन्,' आभाषले अवरुद्ध कण्ठसहित भनेका थिए।

कार्यक्रमले त्यसपछि पछिल्लो कालखण्डमा प्रवेश गर्दै मञ्जुलको रचनामा गाउने सुनिता सुब्बाको 'चिरबिर गर्ने चरी' सुनाएको थियो। कार्यक्रममा उल्लेख गरिएका मध्ये गायिकाहरू सुनिता सुब्बा, कुन्ती मोक्तान तथा संगीता प्रधान स्वयं उपस्थित थिए। उक्त अवसरमा नेपाली गीत गाउने भारतीय गायिकाहरू लता मंगेशकर (आकाशमा तिरमिरे तारा) र उषा मंगेशकर (वसन्त नै बस्न खोज्छ यहाँ लोलाएर) को सम्झनासमेत गरिएको थियो।



प्रस्तोता मिनाले माइती मणिपुरकै भाषामा आफैले गाएको त्यस भेगकै प्रसिद्ध गीत 'नोखिधरा' सुनाएपछि अन्त्य भने फेरि मेलवादेवीको कालजयी गीत 'सवारी मेरो रेलैमा' बाट गरिएको थियो।

'हाम्रो परिवेशले नारी स्वरलाई लामो साधनामा अघि बढ्न नदिइरहेको यथार्थका बीच उनीहरूको यसरी सम्झना गरिनु राम्रो लाग्यो,' कार्यक्रम श्रवण गरेपछि राजनीतिज्ञ एवं लेखक रघुजी पन्तको प्रतिक्रिया थियो, 'व्यवस्थित प्रस्तुति र सुमधुर गीतहरूको मिठो समागम पाएँ।'

'बिर्सिएका वा ओझेलमा परेका कलाकारलाई संगीतमा निरन्तर लागिरहन आग्रहका साथ पलेँटी सुरुगरेका थियौं,' कार्यक्रमको सुरुवातमा आयोजक नेपालयका किरणकृष्ण श्रेष्ठले भने– 'यसपालादेखि त्यसैलाई विषयगत हिसाबले अघि बढाउने योजनाका साथ नारी स्वरको सम्मानबाट थालनी गरेका हौं।'

---



# अमेरिकामा लोपोन्मुख नेपाली बाजा जोगाउँदै





शिव शर्मा

युसुफमान श्रेष्ठ यतिबेला देशबाहिर छन्। जहाँ रहे पनि यी २७ वर्षीय तन्नेरी परम्परागत बाजाको संरक्षणमा जुटेका छन्। उनले कामबाहेक आफ्नो बचेखुचेको समय कला-संस्कृतिको संरक्षणमै खर्चिएका छन्। अमेरिकाको टेक्सासमा बसोबास गर्दै आएका श्रेष्ठ आफूले बजाउने मात्र होइन, अरूलाई पनि परम्परागत बाजा बजाउन सिकाउन तल्लीन देखिन्छन्। हार्मोनियम, तबला, मादल, मृदङ्गा, धिमे, बाँसुरी, पछेमा, न्यँखिं, ता, झयालिन, तिन्छु, भुसिया आदि शास्त्रीय बाजामा उनी पोख्त छन्।

लोप हुन लागेका परम्परागत बाजा बजाउने र अरूलाई पनि सिकाउने अभियानमा उनको अग्रसरता विदेशमा भए पनि उत्तिकै छ। परम्परागत बाजामा माहिर श्रेष्ठ बाजा बजाउनकै लागि अमेरिकाका विभिन्न राज्य पुगिसकेका छन्। श्रेष्ठले क्यानाडाको टोरोन्टोमा समेत आफनो कला देखाइसकेका छन्।

खास गरी उनी नेवारी बाजामा पोख्त मानिन्छन्। नेवार समुदायको जात्रा, गुठी, पूजा आदिमा सानैदेखि सक्रिय युसुफमान अमेरिकामा पनि आफ्नो समुदायका हरेक व्यक्तिसँग आफ्नो प्रमुख भाषाका रूपमा नेवारी नै प्रयोग गर्छन्। केही अघि टेक्सासमा भएको इन्द्रजात्रामा समेत उनले धिमे आदि बाजा बजाएका थिए। श्रेष्ठले अमेरिकामा हुने, इन्द्रजात्रा, गाईजात्रा, लठ्ठी नाच तथा वामन नाचमा आफनो कला देखाउँदै आएका छन्। १५ वर्षभन्दा बढी शास्त्रीय संगीतको अनुभव बटुलिसकेका श्रेष्ठ अमेरिकामा इन हाउस तथा युनाइटेड नेवाः ब्यान्ड स्थापना गरी मौलिक बाजा जोगाउने अभियानमा छन् भने अमेरिका आएका नयाँ पुस्तालाई पनि मौलिक बाजातर्फ आकर्षित गर्दैछन्। 'जहाँ रहे पनि आफनो मौलिक संगीतलाई बिर्सनु हुँदैन,' श्रेष्ठले भने- 'यही भएर लोप हुँदै गएका बाजाको संरक्षणमा जुटेको छु।'

सानै उमेरदेखि आफ्नो भाषा-संस्कृतिको संरक्षणमा लागेका श्रेष्ठ काठमाडौं उपत्यकाको प्राचीन नेवार बस्ती साँखुमा जन्मिएका हुन्। साँखुकै संस्कृतिकर्मी बाबु प्रकाशमान साख्वको प्रेरणाले उनलाई शास्त्रीय संगीतको संरक्षणमा लाग्न ऊर्जा प्रदान गरेको हो। सानै उमेरमा उनले साँखुमा कुमारीको रथ बनाई साँखु कुमारी जात्राको थालनी गरेका थिए। त्यस्तै साँखुमा रहँदा उनले साँखु भिन्तुना पुच स्थापना गरी झन्डै २ सय युवायुवतीलाई खिः बाँसुरी तथा विभिन्न बाजा सिकाएका थिए। नेपालमै हुँदादेखि नै शास्त्रीय संगीत तथा संस्कृतिमा सक्रिय श्रेष्ठ विगत पाँच वर्षदेखि अमेरिकामा छन्। युसुफलाई यहाँका हरेक जात्रा एवं सांस्कृतिक उत्सवहरूमा बाजा बजाउँदै हिँडेको देख्न पाइन्छ। उनको कलाको नेपाली समुदायबीच प्रशंसा समेत हुने गरेको छ। 'जहाँ रहे पनि आफ्नो भाषा-संस्कृति र कलाको संरक्षणमा लागिरहनेछु,' श्रेष्ठले भने- 'हामी युवाले नै यस्ता लोप हुन लागेका बाजाको संरक्षण गरेनौं भने एक दिन यो आफैं हराएर जानेछ।'

# द मेकिङ अफ साइँली

कृष्ण भट्टराई

ठयाक्कै दुई वर्षअघि युट्युबमा एउटा गीतको म्युजिक भिडियो अपलोड भयो जीएच इन्टरटेन्मेन्ट नेपालको च्यानलबाट । हेमन्त रानाको स्वर तथा कालीप्रसाद बासकोटाको संगीतमा तयार भएको उक्त गीत थियो-सुन साइँली । हिमाल साउद र कालीप्रसादको शब्दको उक्त गीतको भिडियो सार्वजनिक भएको केही दिनमै भाइरल भयो । गायक रानाकै निर्देशनमा तयार भएको उक्त भिडियोमा अभिनेता गौरव पहाडी तथा अभिनेत्री मेनुका प्रधानले अभिनय गरेका थिए । आजको मितिसम्म आइपुग्दा उक्त भिडियो १ करोड ९१ लाख ८७ हजार पटक हेरिसकिएको छ । भिडियोले १ लाख ७५ हजार लाइक तथा १५ हजार भन्दा बढि प्रतिक्रिया पाएको छ । छोटो चलचित्र हेरे जस्तो लाग्ने करिब पाँच मिनेट लामो उक्त भिडियोमा नेपालीहरूले मात्र होइन भारतीय तथा बंगलादेशी दर्शकहरूले समेत सकारात्मक प्रतिक्रिया जनाएका छन् ।

गीतले पाएको लोकप्रियतासँगै गायक हेमन्त राना, अभिनेता गौरव पहारी तथा संगीतकार कालीप्रसाद बासकोटाको समूहले त्यसको म्युजिक भिडियोमा प्रस्तुत गरिएको थिममा आधारित भएर एउटा चलचित्रको परिकल्पना गरे । भिडियोको थिममै रहेर चलचित्र निर्माण गर्न आग्रह गरिएका दर्जनौं प्रतिक्रिया प्राप्त भएपछि उनीहरू उत्साहित भएका थिए । केही दिनको छलफलपछि नै जीएच इन्टरटेन्मेन्टका सदस्यहरूले चलचित्र निर्माण गर्ने निर्णय गरे, 'साइँली' शीर्षकमा ।

साप्ताहिकसँगको पछिल्लो भेटमा चलचित्रका मुख्य अभिनेता तथा निर्माता गौरव पहाडी भन्दै थिए- 'चलचित्र निर्माण गर्ने निर्णय गरे लगत्तै हामीले निर्देशक रामबाबु गुरुङलाई आफ्नो कन्सेप्ट सुनाउँदै चलचित्र निर्देशन गर्न आग्रह गर्‍यौं । उहाँलाई हाम्रो कन्सेप्ट मन परेपछि स्क्रिप्टको तयारीमा जुट्यौं । केही महिना लगाएर निर्देशक गुरुङले नै स्क्रिप्ट फाइनल गरेपछि हामी गत असारमा फ्लोरमा गयौं ।'



### कलाकार छनोट

चलचित्र निर्माण हुने पक्का भएपछि निर्माण संस्थाले कलाकारहरूको छनोट प्रारम्भ गर्‍यो । सुन साइँली..गीतका मुख्य कलाकार गौरव पहाडी तथा मेनुका प्रधान चलचित्रका मुख्य कलाकार रहने निश्चित थियो । स्क्रिप्टअनुसार चलचित्रमा दयाहाङ राई, केनिपा सिंह, माओत्से गुरुङ, प्रकाश घिमिरे, पुष्कर गुरुङ, लोकेन्द्र लेखक, किरण चाम्लिङ राई, सुष्मा निरौला, सरोज अर्याल, अरुणा कार्की आदि अनुबन्धित भए । चलचित्रमा प्रकाश घिमिरे साइँला अर्थात् गौरव पहाडीको बुवाको भूमिकामा प्रस्तुत हुने निर्णय भयो भने माओत्से गुरुङ साइँलीको बुवाको भूमिकाका अनुबन्धित भए । दयाहाङ राई र केनिपा सिंह भने साइँला र साइँलीका साथीको भूमिकामा प्रस्तुत हुने पक्का गरियो । चलचित्रमा माउत्से गुरुङले फुर्तिमानको चरित्र निर्वाह गरेका छन् भने प्रकाश घिमिरे पदम थापाको चरित्रमा छन् । केनिपा सिंह सुनिताको भूमिकामा छिन् भने दयाहाङले वीरमानको चरित्र निर्वाह गरेका छन् । साइँलाका रूपमा प्रस्तुत भएका गौरव पहाडीको चरित्रको नाम पिताम्बर थापा राखिएको छ ।

### लोकेसनको खोजी र छायांकन

स्क्रिप्ट र कलाकारको टुंगो लागेपछि निर्माण संस्थालाई एउटा सुन्दर लोकेशनको आवश्यकता थियो । त्यसका लागि निर्माता एवं निर्देशकहरूको समूहले पूर्वी पहाडका केही जिल्लाको भ्रमण गरे । चित्त बुझ्दो लोकेसन नपाएपछि उनीहरू पोखरातर्फ मोडिए । पोखराभन्दा माथिको ह्याङ्जा कोट तथा घाचोक गाउँ चलचित्रका लागि उपयुक्त हुने निर्णय भयो । होम स्टेहरूको बाहुल्यता रहेको उक्त गाउँमै छायांकन गर्ने टुंगो लागेपछि कलाकार तथा प्राविधिकहरूको टोली गत असारमा लोकेसनमा पुगेर छायांकन थाल्यो । निर्माता पहाडीका अनुसार करिब ७५ जनाको यूनिटसहितको चलचित्रको छायांकन दुई सेड्युलमा सम्पन्न गर्ने तयारी थियो । असारको पहिलो सेड्युलको छायांकन सम्पन्न गरेपछि दोस्रो सेड्युलका लागि चलचित्रको युनिट दसैंअघि पुनः लोकेसनमा पुग्यो । यद्यपि त्यति बेला परेको झरीका कारण निर्धारित मितिमा छायांकन पूरा भएन । त्यसकारण बाँकी छायांकन दसैं र तिहारको बीचमा पूरा गरिएको थियो । शैलेन्द्र डि कार्की चलचित्र साइँलीका छायांकार हुन् ।

### निर्देशकको कडी कडाउ

यसअघि कबड्डी, कबड्डी कबड्डी, झुम्की, पुरानो डुंगा जस्ता चलचित्र निर्देशन गरिसकेका रामबाबु गुरुङले चलचित्र 'साइँली' को मेकिङमा केही कठोर निर्णय गरे । यसअघि उनी आफ्नो युनिटका कलाकारहरूलाई अभिनयमा प्रायः स्वतन्त्रता प्रदान गर्थे । निर्माता तथा अभिनेता पहाडीका अनुसार यसपटक निर्देशक गुरुङले कलाकारहरूलाई बाँधेरै काम गराए । 'हरेक सटमा मेहनत गर्नुभएको छ, सबै दृश्यमा पहिले आफैले अभिनय गर्नु हुन्थ्यो, पहाडी भन्छन्- 'सट लिने शैलीमा पनि प्रसस्तै मेहनत गर्नु भएको छ ।' पहाडीले आफ्नो अभिनय करियरमा निर्देशक गुरुङसँग पहिलो पटक काम गरेका हुन् । 'म उहाँको काम गर्ने शैलीबाट निकै प्रभावित भएँ, पहाडी भन्छन्- डबिङका क्रममा सरसर्ती चलचित्र हेरेपछि उत्कृष्ट परिणाम आउने कुरामा ढुक्क भएँ ।

### कलाकारहरूको केमेष्ट्री

अभिनेता दयाहाङ राई तथा गौरव पहाडी पहिलो पटक एउटै चलचित्रमा देखापर्न लागेका हुन् । चलचित्रमा उनीहरूले मिलनसार साथीको भूमिका निर्वाह गरेका छन् । चलचित्रको मध्यान्तरअघि यी दुई पात्रले दर्शकलाई प्रसस्त हँसाउने छन् । एसएलसी समेत उत्तीर्ण गर्न नसकेका यी गाउँले बेरोजगार युवाहरू गाउँ चहार्दै दिन बिताउँछन् भने साँझ परेपछि भट्टी तिर छिर्छन् । मध्यान्तरपछि भने चलचित्रको कथा गम्भीरतातर्फ मोडिन्छ । साइँलाले गाउँमै साइँली भेटेपछि माया-पिरतीमात्र बस्दैन उनीहरूले विवाह नै गर्छन् । त्यसपछि उनीहरूको जीवनमा आउने उतारचढावसँगै चलचित्रको कथा अघि बढ्छ । चलचित्रमा गौरव पहाडी र मेनुका प्रधानको जोडी सबैभन्दा रोमाञ्चक पक्ष हुनेछ । सुन साइँली...गीतमै उनीहरूको जोडीलाई दर्शकहरूले मन पराइसकेका छन् । चलचित्रमा उनीहरूको जोडीलाई अझ रोमान्टिक बनाउन निर्देशक गुरुङले प्रसस्त मेहनत गरेका छन् । दयाहाङ र नयाँ अभिनेत्री केनिपाको केमेष्ट्री पनि हेर्न लायक हुनेछ ।

### गीतको लोकप्रियता

यो चलचित्रमा जम्मा चारवटा गीत समावेश छन्, तीमध्ये नाच माया तथा प्याट प्याटे चप्पल शीर्षकका दुई गीत सार्वजनिक भैसकेका छन् । हेमन्त रानाको स्वरको नाच मायालाई दर्शकले अत्यन्त रुचाएका छन् भने सुशान्त गौतमको स्वरको प्याट प्याटे चप्पलले पनि बिस्तारै गति लिइरहेको छ । बाँकी दुई गीतमध्ये एउटा गीत 'सुन साइँली...' कै रिमेक शैलीको छ । चौथो गीत सार्वजनिक हुने तयारीमा छ ।

### क्लाइमेक्स र सन्देश

करिब दुई करोड रुपैयाँ लगानी गरिएको यो चलचित्र यतिबेला पोस्ट प्रोडक्सनको अन्तिम चरणमा छ । हिजो बिहीबार ट्रेलर सार्वजनिक भए लगत्तै चलचित्रको युनिट काठमाडौंका विभिन्न कलेजको भ्रमणमा निस्कँदैछ भने लगत्तै काठमाडौं बाहिरका केही सहरमा समेत पुग्नेछ । नजिकिँदै गएको फागु पूर्णिमाको दिन चलचित्रले विशेष प्रचार-प्रसार गर्ने तयारी गरेको छ । चलचित्रको क्लाइमेक्सलाई रोमाञ्चक बनाइएको अभिनेता पहाडीको भनाइ छ । 'यो चलचित्रको क्लाइमेक्सलाई हामीले संयोगान्त पनि बनाएका छौं, बियोगान्त पनि बनाएका छौं, पहाडी भन्छन्- त्यसको निर्क्योल गर्ने जिम्मा दर्शकहरूमै छाडिएको छ । सामाजिक विषय वस्तुमा आधारित भएकाले यो चलचित्रबाट दर्शकले धेरै कुरा पाउन सक्नेछन् । 'ठ्याक्कै यही नै सन्देश छ भन्न गाह्रो छ, पहाडी भन्छन्- चलचित्रले हरेक मोडमा दर्शकलाई केही न केही सन्देश दिइरहनेछ ।' चैत १५ गतेदेखि प्रदर्शनमा आउने यो चलचित्रमा हाम्रै ग्रामीण समाजमा घट्ने घटनाहरूलाई चित्रण गरिएको छ ।


# नेपाल अन्तराष्ट्रिय नाट्य महोत्सव-२०७५

गत सोमबार सुरु भएको नेपाल अन्तराष्ट्रिय नाट्य महोत्सव-२०७५ लाई नेपालका सातवटा नाट्य समूहले संयुक्त रूपमा आयोजना गरेका छन् । 'सामाजिक रूपान्तरणका लागि कलात्मक यात्रा' भन्ने नाराका साथ प्रारम्भ गरिएको यो महोत्सव ८ दिनसम्म चल्नेछ । महोत्सवमा विभिन्न देशबाट आएका नाटक फरक-फरक नाटक घरमा भिन्न-भिन्न समयमा मञ्चन हुनेछन्, जसअनुसार एकै दिन चारवटा नाटक मञ्चन हुँदैछन् । आयोजकहरूका अनुसार थिएटर मल किर्तिपुरमा दिउँसो १ बजे, टेकुस्थित कौशी थिएटरमा दिउँसो ३ बजे, मण्डला क्लासरुम थिएटरमा दिउँसो २ बजे, बत्तिसपुतलीस्थित शिल्पी थिएटरमा अपरान्ह ४:३० बजे, मण्डला थिएटर अनामनगरमा साँझ ६ बजे तथा स्वयम्भू विजयेश्वरीस्थित होटल बज्रको नागा थिएटरमा राती ७:३० बजे नाटक मञ्चन हुनेछ । यसरी बेग्लाबेग्लै नाटकघरबाट छुट्टाछुट्टै समयमा नाटक मञ्चन गर्दा दर्शकले एकैदिन चारवटा नाटक हेर्न सक्नेछन् ।

फागुन २० गतेसम्म चल्ने महोत्सवमा नाटकका साथै अन्य गतिविधि पनि सञ्चालन भैरहेको महोत्सव संयोजक सोमनाथ खनालले जानकारी दिए । महोत्सवमा ८ वटा देशका ३० वटा नाटक मञ्चन हुँदैछन् । जसमा नेपालसहित भारत, अफगानीस्तान, डेनमार्क, बंगलादेश, नर्वे, इटली तथा मेसेडोनिया आदिका नाटक छन् । साथै, अर्जेन्टिना, स्कटल्यान्ड, फ्रान्स, भारत, अमेरिका तथा इटलीका कलाकारहरू पनि महोत्सवमा सहभागी हुँदैछन् । यस्तै, चीन र पाकिस्तानबाट पनि रंगकर्मी आउने आयोजकहरूले बताएका छन् । महोत्सवमा सबैभन्दा बढी नेपालकै नाटक मञ्चन हुनेछन् । नेपालका करिब १३ वटा नाटक मञ्चन हुने महोत्सवमा भारतका विभिन्न ठाउँका १० वटा नाटक प्रदर्शन हुनेछन् । यसैगरी अफगानीस्तानका २ वटा नाटक छन् भने बाँकी देशका एक-एकवटा नाटक छन् । तालिकाअनुसार मण्डला थिएटरमा १४ गते देखि २० गतेसम्म क्रमशः ब्ल्याक एन्ड ह्वाइट (भारत), द जब (भारत), मांगेना (नेपाल, इलाम), रूप अरूप (भारत), जोखाना(नेपाल), एक मुलाकात मन्टो से(भारत), डिसापारासिडस( इटली) नाटक मञ्चन भैरहेका छन् । यस्तै, टेकुस्थित कौशी थिएटरमा १४ गतेदेखि २० गतेसम्म क्रमश : किशोरी(नेपाल, जनकपुर), च्याप्टर कन्फेसनः माइ फादर इज अ मर्डरर(नेपाल), मेमोरी यार्ड (नेपाल), इन ट्रान्जिट (भारत), पाँच (नेपाल, काठमाडौं), हेड टु हेड (भारत), निद्राभत्यम् (भारत) नाटक मञ्चन हुँदैछन् । यसैगरी बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा क्रमशः प्राइभेट कन्फेसन्स(मेसेडोनिया), चम्पावती(भारत), आइ एम नट हियर (भारत), हिप हप कोपिला (नेपाल), त रेहाए (अफगानस्तान), मातब्रिङ (बंगलादेश), माक्षदा (नेपाल) नाटक मञ्चन हुँदैछन् । कीर्तिपुरस्थित थिएटर मलमा क्रमशः भोको घर (नेपाल), टु बि (डेनमार्क), त रेहाय (अफगानस्तान), गैंडा टाइम्स(नेपाल), आरन (नेपाल), हेलेन (भारत), गर्भ चित्त (नेपाल) नाटक मञ्चन हुँदैछन् । उता मण्डला थिएटर नेपालको मण्डला क्लासरुम थिएटरमा फागुन १६ गते नर्वेको इनसाइड आउटसाइड नाटक मञ्चन भयो । त्यसैगरी स्वयम्भू विजेश्वरीस्थित होटल बज्रको नागा थिएटरमा फागुन २० गते अन्तिम दिन आर्ट नाटक मञ्चन हुने बताइएको छ ।

महोत्सवका निर्देशक राजन खतिवडाले यो अन्तर्राष्ट्रिय महोत्सवले नाट्य क्षेत्रलाई एकताबद्ध भएर अघि बढ्न सघाउ पुऱ्याउने बताए । उनले भने, 'राजधानीमा खुलेका नाट्यसंस्थाहरू आ-आफ्नै तरिकाले काम गरिरहेका छन्, साथै एकले अर्काको सम्मान गर्ने प्रवृत्तिमा पनि कमी-कमजोरी छ ।' यस्तो प्रवृत्तिको अन्त्यका लागि यस्तो खालको महोत्सवले ठूलो भूमिका खेल्ने निर्देशक खतिवडा बताउँछन् ।

बलिउड



# हरर चलचित्रमा कटरिना

अभिनेत्री क्याट्रिना कैफ यतिबेला सलमान खानसँग अली अब्बास जफरद्वारा निर्देशित चलचित्र भारतको छायांकनमा व्यस्त छिन् । कटरिनाले यसअघि जफरकै दुई चलचित्र मेरे ब्रदर की दुल्हन तथा टाइगर जिन्दा हैमा अभिनय गरिसकेकी छिन् । हालै एउटा अन्तर्वार्तामा कटरिनासँग तपाईंले अभिनय गर्न बाँकी विधा कुन हो ? भनेर जिज्ञासा राखिएको थियो । जवाफमा कटरिनाले 'हरर चलचित्र' मा काम गर्न बाँकी रहेको उल्लेख गरेकी थिइन् । उनको जवाफ सुन्नेबित्तिकै निर्देशक जफरले कटरिनाका लागि एउटा हरर चलचित्र लेखिरहेको खुलासा गरिदिए । त्यसो त प्रायः कटरिनासँग जिस्किरहने जफरले ठट्टा गर्दै हरर चलचित्रको कुरा गरेका हुन् भन्नेहरू पनि छन् । जफर र कटरिना निकै नजिकका साथी हुन् । दुवै प्रायः ख्यालठट्टा गरिरहेका देखिन्छन् । जफरका अधिकांश ठूला चलचित्रमा कटरिना छुटेकी छैनन् । यति हुँदा-हुँदै पनि आफ्नी साथीका लागि जफरले हरर चलचित्र बनाइदिए भने अचम्म नमाने हुन्छ ।





# आफ्नै धर्ममा प्रियंका


प्रियंका चोपडाले दुई महिनाअघि अमेरिकी गायक निक जोन्ससँग विवाह गरेकी थिइन् । विवाह गरेदेखि नै सञ्चारमाध्यमले प्रियंका र निकको उमेर अन्तरका बारेमा विभिन्न टीका-टिप्पणी गर्दै आएका छन् । आलोचनाबाट वाक्क भएकी प्रियंकाले आफ्नो एउटा अन्तर्वार्ताका क्रममा खरो प्रश्नको खरै जवाफ दिएकी छिन् । प्रियंकाको सबैभन्दा महत्वपूर्ण जवाफ थियो- 'हो, म निकभन्दा दस वर्षले जेठी छु...' । अन्तर्वार्ताकै क्रममा प्रियंकाले आफूले हिन्दू धर्म मान्ने बताउँदै अर्को एउटा जिज्ञासाको जवाफमा भनिन्- 'एक दिन म बच्चा पनि जन्माउनेछु ।'

# किन चिन्तित करिना ?

सैफ अली खान तथा करिना कपुर बलिउडका सबैभन्दा लोकप्रिय जोडी हुन् । सैफ यतिबेला चलचित्र तानाजीको तयारीमा व्यस्त छन् भने करीना रेडियो कार्यक्रम ह्वाट वुमन वान्टका कारण चर्चामा छिन् । हालै करिना आफ्नी घनिष्ठ मित्र अमृता अरोरासँग कोमल नाहटाको च्याट शोमा पुगेकी थिइन्, जहाँ करिनाले आफ्ना श्रीमान् सैफ अलीको एउटा विशेष बानीका बारेमा खुलासा गरिन् । उनले सैफको कुनचाहिँ बानीका कारण उनी सबैभन्दा बढी चिढिन्छिन् भन्ने कुरा खुलासा गरेकी हुन् । करिनाका अनुसार सैफलाई उनीभन्दा बढी प्यारो उनको फुट मसाज छ । जहाँ पुगे पनि सैफलाई फुट मसाज चाहिन्छ । विमान भित्र, विमानस्थलको प्रतीक्षालयमा अर्थात् जहाँ पुगे पनि सैफको पहिलो वाक्य हुन्छ- 'लौ मेरो खुट्टा दबाइदेऊ त...।' करिना यतिबेला चलचित्र गुड न्युजको छायांकनमा व्यस्त छिन् । त्यसबाहेक उनी करण जौहरको मल्टि स्टारर चलचित्र तख्तमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दैछिन् । सैफले चाहिँ हालै चलचित्र हन्टरको छायांकन पूरा गरेका छन् भने सेक्रेट गेम्स-२ को छायांकनमा व्यस्त छन् ।

# वर्षका हलिउड चलचित्र


यो वर्ष हलिउड, सुपरहिरो तथा फोरडी चलचित्रका साथ सबैभन्दा धेरै सिक्वेल तथा एक्सटेन्सन लिएर आउँदैछ । कन्टेन्ट, एक्सपेरिमेन्ट्स, भिएफएक्स तथा नयाँ प्रविधिको तालमेलका कारण हलिउड चलचित्रको रोमाञ्चकता अझ बढ्ने निश्चित छ । वर्षको पहिलो ठूलो सुपरहिरो चलचित्र एभेन्जर्स इण्डगेम हुनेछ । यसमा मार्भल्स कमिक्सका करिब-करिब सबै सुपरहिरोहरू देखिनेछन् । करिब ४० सय करोड बजेटका ती चलचित्रले अनेकौं कीर्तिमान कायम गर्ने अपेक्षा गरिएको छ । यसबाहेक फ्रोजन-२, द एङ्ग्री बर्ड्स-२, द लिगो मुभी-२, जुमाञ्जी-३, टोय स्टोरी-४, टर्मिनेटर-६ तथा स्टार वार्स-९ पनि प्रदर्शनका लागि तयार छन् । मेन-इन-ब्ल्याक इन्टरनेसनल, गोडजिला-किङ अफ मास्टर्स पनि प्रदर्शनकै क्रममा छन् । बालबालिकाहरूका लागि द सिक्रेट लाइफ अफ पेट्स, डोरा द एक्सप्लोरर, पोकेमन डिटेक्टिभ पिकाचु तथा अलादीन पनि प्रदर्शनमा आउनेछन् । यो वर्ष प्रदर्शन हुने हलिउडको सबैभन्दा महँगो चलचित्र हो-एभेन्जर्स इण्डगेम । यो चलचित्र करिब साढे ४ हजार करोडको लगानीमा निर्माण भैरहेको छ । हलिउडमा सबैभन्दा ठूलो बजेटको चलचित्र 'पाइरेट्स अफ द क्यारेबियन' लाई मानिन्छ । सन् २०११ मा प्रदर्शनमा आएको उक्त चलचित्रको बजेट करिब ५ हजार करोड थियो ।



# आयुष्मानको कमाल

अभिनेता आयुष्मान खुराना प्रायः भिन्न प्रकारका चलचित्रमा अभिनय गरेर चर्चामा आउँछन् । उनले आफ्ना अधिकांश चलचित्रमा मौलिक भूमिका निर्वाह गर्दै आएका छन् । चलचित्र 'अन्धाधुन' तथा 'बधाई हो'को अत्यधिक सफलतापछि आयुष्मान चलचित्र 'ड्रिम गर्ल' मार्फत पुनः दर्शकमाझ आउँदैछन् । यो चलचित्रमा पनि उनी अचम्मको भूमिकामा देखिनेछन्, जसको पोस्टर सार्वजनिक भैसकेको छ । कमेडी ड्रामा विधाको चलचित्र ड्रिम गर्लमा आयुष्मानले सीताको भूमिका निर्वाह गरिरहेका छन् । उनले हालै मात्र ड्रिम गर्लमा निर्वाह गरेको भूमिकाका बारेमा जानकारी गराउँदै दर्शकले आफूलाई उक्त चलचित्रमा बिल्कुलै फरक पाउने दाबी गरेका छन् । 'ड्रिम गर्ल निकै अलग चलचित्र हो, आयुष्मानको भनाइ छ– 'चलचित्रको भूमिकाका लागि मैले साडी लगाएको छु । यो एउटा त्यस्तो केटाको कथा हो जो रामलीलामा सीताको भूमिका निर्वाह गर्छ । ती युवकसँग एउटा ट्यालेन्ट छ, अर्थात् ऊ केटा र केटी दुवैको आवाज निकाल्न सक्छ ।' चलचित्रमा आयुष्मानसँगै नुसरत भरुचा पनि महत्वपूर्ण भूमिकामा प्रस्तुत हुनेछिन् । यो चलचित्रलाई राज शांडिल्यले निर्देशन गरिरहेका छन् भने एकता कपुर यसकी निर्माती हुन् ।

यात्रा सन्दर्भ



किशोर नेपाल

# किप अन चेन्जिङ्ग

## केकीको नयाँ मन्त्र



तस्बिर : नवराज बाग्ले

'ज्ञानी छ छोरी । गुरुकुलमा नाटक हेर्न आउँथी । अहिले अभिनेत्री भै सकी नेपाली सिनेमाको ।' अभिनेत्री केकी अधिकारीका बारेमा प्रश्न गर्दा नाट्य संसारका महारथी सुनील पोखरेलको अभिव्यक्ति हो यो । केकी नाटकप्रति सधैं आकर्षित कलाकार हुन् । उनको जीवनको अभिन्न अंग हो नाटक । उनले सत्यमोहन जोशीको नाटक चारुमतीमा अभिनय गरेकी छिन् । त्यत्ति एउटा नाटक हो उनले अभिनय गरेको ।

केकीका बाबा बद्री अधिकारी नेपाली नाटक जगतका भीष्म पितामह हुन् । कलाकारिताको संस्कार उनले बाबाबाटै पाएकी हुन् । नेपाली सिनेमा संसारमा सुशिक्षित कलाकारको क्लब निकै सानो छ । त्यो सानो क्लबको एक प्रमुख सदस्य हुन् केकी । उनका गुणको प्रशंसा गर्नेहरूको कमी छैन भने दोषमात्र देखाउनेहरूको पनि कमी छैन । धेरैका लागि उनी मुडी छिन् । उनीसँग कतिबेला कस्तो व्यवहार गर्ने ? त्यसको आंकलन जरुरी छ ।

सुनीलको लामो अनुभवले भन्छ, ' कलाकार ज्ञानी हुनु गाह्रो छ । जो कलाकार खारिएका हुन्छन् ती मात्रै ज्ञानी हुन्छ । केकी ज्ञानी छिन् । उनले नेपाली सिनेमा संसारमा आफ्नो उत्कृष्ट अभिनय स्थापित गरिसकेकी छिन् । अब बेला भयो, उनले बाजी जित्नुछ । आफूलाई साबित गरेर देखाउनु छ । आफ्नो प्रतिभाको चौतर्फी उज्यालोमा आफ्ना दर्शक तथा प्रशंसकहरूलाई सन्तुष्ट तुल्याउनु छ । हो, केकी रातो गलबन्दीमा सजिएर आशा र उमंगको सन्देश प्रवाहित गर्न आउँदैछिन् । रित्तिदै गएको झापाको शरणार्थी शिविरबाट उनी शिविर भित्र बसेर बाहिर कसैसँग प्रेम गर्ने एउटा प्रेमीको कथाको मुख्य पात्र हुन् । नेपालमा बसेका भुटानी शरणार्थीको पीडा र तापको यो कथा प्रस्तुत गरेका हुन्- अनिश थापाले ।

यो सिनेमाका बारेमा केकी केही भन्दिनन् । यो सिनेमा शरणार्थी शिविरभित्र र बाहिर बस्नेहरूको संवेदनशील प्रेम कथा हो । यो सिनेमा दर्शकको रोजाइमा पर्ने आशा निर्देशक थापाले पनि राखेका छन् । स्वदेश फर्कने आशा राखेर शिविरमा बसी आएका शरणार्थीहरू स्वदेश जान पाएनन् । उनीहरूलाई युरोप र अमेरिका पठाइयो । विदेशमा बसेर देश खोज्दाखोज्दै एकाएक सात समुद्र पारी पुगेका शरणार्थीहरूको मनोदशा बुझ्ने नेपालीहरूको कमी छैन । हुन सक्छ, चलचित्र रातो गलबन्दीले ती नेपालीलाई आकर्षित गरोस् र सिनेमा खुब चलोस् । सम्भावना छ र त सिनेमा बनेको छ ।

केकीका बारेमा सिनेमा संसारमा अनेक हल्ला चलाइएका छन् । यसलाई अस्वाभाविक मान्न सकिँदैन । किनभने, कलाकारहरूको एक हिसाबको लाइफ लाइन हो- गफ र हल्ला । सिनेमाका धुरन्धर समीक्षक पनि गफ र हल्लामा बहकिन्छन् । एउटा हल्ला चलाइएको छ- केकीले अभिनय गरेका चलचित्र सुपरहिट हुँदैन । केकी आफ्नो अभिनयमा कतै सम्झौता नगर्ने कलाकार हुन् । उनलाई माध्यमको समझ छ । आफू के गर्दैछु भन्ने स्पष्ट भएपछि मात्र उनी अभिनयमा उत्रिन्छिन् । अधिकारी भन्छिन्, 'म आफूले छानेको कुनै पनि सिनेमामा राम्रो काम गर्छु । म मेहनत गर्न कतै चुकेकी छैन, चुक्दिन पनि । यद्यपि मैले अभिनय गरेका सिनेमाले आर्थिक फाइदाको हिसाबले किन औसतमात्र व्यापार गर्छन् थाहा छैन ।

जुन कुरा केकीलाई थाहा छैन त्यो नयाँ जमानाका प्रतिभाशाली निर्देशक दीपेन्द्र लामालाई थाहा छ । नेपाली दर्शकहरूलाई निकै नै घत परेको चलचित्र 'घामपानी' मा लामाले केकीलाई निर्देशित गरी सकेका छन् । लामा भन्छन्- केकी निर्देशकले खोज्ने 'कुशल' कलाकार हुन् । उनी स्क्रिप्टमा 'इनपुट' दिन्छिन । सुटिङमा क्यामेराको फ्रेमभित्र आफूलाई 'होल्ड' गर्न सक्ने क्षमता छ उनमा । क्यामेराको फ्रेमलाई कसरी 'कभर' गर्नुपर्छ भन्ने समझ वा ज्ञान भएका कलाकार थोरै छन् । कलाकारका रूपमा केकी सहयोगी छिन् । समयको पक्का । निर्धारित समयमा काम सिध्याउन पाए खुसी हुने पूरै व्यवसायिक कलाकार । उनको अभिनय कला पनि उत्तिकै तीक्ष्ण छ । कलाकार हरूसँग टिमका रूपमा मिलेर बस्ने खुबी छ उनको । हिरो, क्यामेराम्यान लगायतका सबै क्रू मेम्बर तथा प्राविधिक साथीहरूसँग ट्युनिङ मिल्छ उनको ।

'हो, अलिकति झडंग रिसाउने बानी छ केकीको । त्यस्तो बानी सबैमा हुन्छ । उनको मुड बिग्रिएपछि लगभग एकघण्टासम्म सुध्रिदैन । घामपानीको सुटिङका बेला उनको मुड तीन घण्टा जति बिग्रिएको थियो' दीपेन्द्र ठट्यौलो पारामा भन्छन् ।

केकीको फिल्म सुपरहिट नहुनुमा उनको कुनै दोष छैन । केकी हिरोइन भएको सिनेमा ज-जसले निर्देशित गरे उनीहरूले सिनेमालाई सफलताको बाटोमा लान सकेनन् । त्यो उनीहरूकै दोष हो । एउटा काविल कलाकारलाई राम्रोसँग निर्देशित गर्न नसक्ने व्यक्तिहरू चलचित्र निर्देशक भएपछि यस्तै हुन्छ । नेपाली सिनेमाको सबैभन्दा बढी खति कसैले गरेको छ भने कलाकारहरूका बारेमा चलाइने यस्तै अन्धबिश्वासले गरेको छ ।

निर्देशक लामा भन्छन्- केकीका कारण सिनेमा चल्दैन भन्नेहरूलाई जवाफ हो- घामपानी । घामपानी त खुब चल्यो नि । अन्धविश्वासकै पछि लाग्ने हो भने त त्यो पनि नचल्नुपर्ने थियो । सिनेमा चलेनन भने केकीले त्यसमा गर्न सक्ने कुरा के थियो ? उनी कलाकार । नेपालमा कलाकारले कथा र निर्देशक राम्रो भएन भनेर सिनेमा छोडदैजाने कुरा पनि भएन । जीविकाको प्रश्न पनि हो अभिनय ।

केकी आफैं केही बोल्न चाहन्नन् । अहिले उनी अलिकति अन्योलमा छिन । दर्शकले ठूलो आशा राखेका छन उनीबाट । उनलाई अब आफना कमजोरीलाई शक्तिमा रूपान्तरित गर्नुछ । उनी सिनेमा जे हो त्यो गरेर देखाउन चाहन्छिन् । घामपानीपछि, उनले लभ सासाबाट निकै आशा गरेकी थिइन् । उनको आशाविपरीत संवेदनशील हावा चलेका बेला चलचित्र हिट हुन सकेन । राज्जारानीबाट पनि उनले निकै आशा राखेकी थिइन । महिलाहरूसँग सम्बन्धित सामाजिक विषयमा फोकस उक्त चलचित्रले पनि अपेक्षा गरे अनुरूपको परिणाम दिन सकेन ।

उनले आफैं निर्माण गरेको चलचित्र ' कोहलपुर एक्सप्रेस' भने चल्यो । त्यसले पैसा पनि कमायो । तर, जसले हामीलाई त्यसको स्क्रिप्ट उपलब्ध गराए त्यो भारतीय सिनेमाको स्क्रिप्टको कपी रहेछ । त्यसैले पैसा त कमाए पनि त्यसले सन्तोष भने दिएन । मैले यसरी पनि मार खाएकी छु । अब बनाउने सिनेमाका लागि यी सबै कुरा सावधानीका विषय भएका छन् । आशा राख्नुपर्छ । सिनेमा भनेको व्यापार हो । यो व्यापारमा हामीले दर्शकहरूको स्वाद पत्ता लगाउनुपर्छ । कसलाई के मन पर्छ ? त्यसको निर्क्यौल गर्न सक्नुपर्छ ।


मेरो आगामी चलचित्र निराशावादसँगको भिडन्त हो । आफ्नो खुसी नै थाहा नपाएकी, बनावटी खुसीमा बाँचीरहेकी एउटी नारीको कथा । यो एक्ली आमाको कथा हो । यो सिनेमाको छायांकन आगामी वैशाखदेखि हुनेछ । सिनेमाको सुटिङ नेपालमा त हुन्छ नै, हामीले युरोपमा पनि यसको सुटिङ गर्दैछौं । एक वर्षभित्र चलचित्र प्रदर्शनमा ल्याउने लक्ष छ हाम्रो । यसमा सिच्युएसनल कमेडी हुनेछ । दर्शकलाई नयाँ किसिमले कनेक्ट गर्ने विचारमा छिन्- केकी ।

कीप अन चेन्जिङग- नयाँ मन्त्र बनेको छ केकीको ।

विकेन्ड रेस्टुराँ

# ट्रेन्डी क्याफे एन्ड बार

बालुवाटारमा सञ्चालनमा आएको ट्रेन्डी क्याफे एन्ड बार पारिवारिक रेस्टुराँ हो । यहाँको मेनु खासै महँगो छैन । मध्यम वर्गीयदेखि उच्च वर्गसम्मका मानिसहरूप्रति लक्षित ट्रेन्डीका दुईवटा फ्लोरमध्ये तल्लो फ्लोरमा कफी हाउस छ, जहाँ ५०/६० जना अटाउँछन् भने माथिल्लो फ्लोरमा लाउन्ज तथा रेस्टुराँ छ । लाउन्जमा एकै पटकमा १ सय जना बस्न सक्छन् । यहाँ बर्थ डे पार्टी, गेट टुगेदर, रिसेप्सन, व्रतबन्धजस्ता कार्यक्रम सम्पन्न गर्न सकिन्छ । यो लाउन्जमा दुईवटा क्याबिन छन् । गोप्य मिटिङका लागि बनाइएका यी प्रत्येक क्याबिनमा ८ जनासम्म अटाउँछन् । ट्रेन्डीका सञ्चालक शरद शाहका अनुसार यो रेस्टुराँले नेपाली परिकारलाई प्राथमिकतामा राखेको छ । यहाँको मेनुमा ४० वटाजति आइटम उपलब्ध छन् । तन्दुरी मःम तथा पोलेको विङ्स यहाँ सबैभन्दा बढी अर्डर हुने परिकार हुन् । हरेक शुक्रबार यहाँ लाइभ म्युजिक सुन्न सकिन्छ । यो रेस्टुराँको प्रोजेक्टरमा खेल प्रतिस्पर्धाको लाइभसमेत हेर्न सकिन्छ । यहाँ खाजा खान जाँदा खल्तीमा प्रतिव्यक्ति ५ सयदेखि १ हजार रुपैयाँ बोके पुग्छ ।






विकेन्ड नाइट

# लेडिज नाइट विद स्पेसल्स



आज शुक्रबार हरिहरभवन, ललितपुरस्थित बावर्ची रेस्ट्राँमा लेडिज नाइट विद् स्पेसल्स कार्यक्रम हुँदैछ । उक्त अवसरमा कलाकार अरुणा शाक्य र समीर भट्टराईले सांगीतिक प्रस्तुति दिनेछन् भने फोटोजेनिक लेडी कन्टेस्ट, एभरग्रिन ब्युटी कन्टेस्ट, बेस्ट डान्सर रिवाईस, बेस्ट ड्रेस एन्ड हेयरस्टायलजस्ता विभिन्न शीर्षकमा प्रतिस्पर्धासमेत हुनेछन् । यो कार्यक्रममा सहभागी हुन प्रवेश शुल्क तिर्नु पर्दैन ।

विकेन्ड लाइभ

# ओपियममा नवीन के भट्टराई




भोलि शनिबार दरबारमार्ग शेर्पा मलस्थित ओपियम रेस्टुराँ एन्ड बारले आफ्नो स्थापनाको पहिलो वार्षिकोत्सव मनाउँदैछ । उक्त अवसरमा ओपियममा गायक नवीन के भट्टराईले आफ्ना गीत सुनाएर दर्शकहरूलाई झुमाउनेछन् भने भट्टराईको ब्यान्डका अन्य कलाकारले पनि सांगीतिक प्रस्तुति दिनेछन् । साँझ ६ बजे प्रारम्भ हुने उक्त कार्यक्रममा खानेकुरा तथा पेय पदार्थमा २० प्रतिशत छुटको व्यवस्था गरिएको छ । सञ्चालक उमिद श्रेष्ठका अनुसार यो अफरको लाभ आउने बिहीबारसम्म उठाउन सकिनेछ । ओपियम मल्टिकुजिन रेस्टुराँ हो । यहाँ कन्टिनेन्टल खानेकुरा पाइन्छन् भने बालबालिकाका लागि खेल्ने ठाउँसमेत छुट्याइएको छ । यो रेस्टुराँमा एकपटकमा २ सयदेखि २ सय ५० जना मानिस अटाउन सक्छन् ।

विकेन्ड इभेन्ट

# इन्टरनेसनल फुड टेस्टिङ




भोलि शनिबार फुर्सदमा हुनुहुन्छ भने इन्टरनेसनल फुड टेस्टिङ-२०१९ मा सहभागी हुन सक्नुहुन्छ । यो इभेन्टमा रूस, कोरिया, मलेसिया, जर्मनी, ब्राजिल आदि मुलुकका विभिन्न परिकारको स्वाद चाख्न सकिनेछ ।

**समय** : बिहान १० : ३० बजे

**स्थान** : एकेडिमी अफ कुलिनरी आर्ट्स एन्ड हस्पिटालिटी म्यानेजमेन्ट, लगनखेल

**प्रवेश शुल्क** : ३ सय ५० रुपैयाँ

विकेन्ड गेम

# मोबाइल फाल्ने प्रतियोगिता




भोलि शनिबार मोबाइल फाल्ने प्रतियोगिता हुँदैछ । मोबाइल थ्रोइङ कम्पिटिसले आयोजना गर्न लागेको मोबाइल फाल्ने प्रतियोगिताको यो तेस्रो संस्करण हो । यो प्रतिस्पर्धामा महिला, पुरुष तथा १४ वर्षमुनिका बालबालिकाहरू सहभागी बन्न सक्नेछन् । आयोजकहरूका अनुसार हरेक ग्रुपबाट विजेतालाई एवार्ड प्रदान गरिनेछ । सन् २००९ मा फिनल्यान्डमा पहिलो पटक मोबाइल फाल्ने प्रतियोगिता आयोजित गरिएको थियो । त्यसपछि यो अन्तर्राष्ट्रिय खेलमा परिणत हुँदै गएको छ ।

**समय** : १० बजे

विकेन्ड फेस्टिबल


# कथा फेस्ट इन्टरनेसनल फोटो तथा फिल्म फेस्टिबल

कथा फेस्ट अन्तर्राष्ट्रिय फोटो तथा फिल्म फेस्टिबल हो । फिल्म मेकिङ तथा फोटोग्राफीमा रुचि राख्नेहरूका लागि यो फेस्टिबल उपयोगी सावित हुनेछ । आज प्रारम्भ हुने फेस्टिबलमा फोटो प्रदर्शनी तथा चलचित्र हेर्न पाइनेछ ।

**प्रवेश शुल्क** : २ सय रुपैयाँ

**स्थान** : बबरमहल रिभिजिटेड, बबरमहल

**समय** : दिउँसो १२ बजे



विकेन्ड एनिभर्सरी

# सेनेट क्लबको एक वर्ष

सेनेट क्लबले आज आफ्नो वार्षिकोत्सव मनाउँदैछ । उक्त अवसरमा थाइल्यान्डका डिजे भायोलेट तथा युकेका डिजे याकोले विशेष प्रस्तुति दिनेछन् । त्यस्तै अकस्टिक्स ब्यान्डले आफ्नो सांगीतिक प्रस्तुतिमा दर्शक-श्रोताहरूलाई झुमाउनेछ । दुई दिन चल्ने वार्षिकोत्सव समारोहमा रसियन डान्सरले एक्सक्लुसिभ डान्स देखाउनेछन् भने नट्टु शाह र एनएसटी ब्यान्डले समेत उपस्थिति जनाउनेछन् ।

SENATE
CLUB


संयोजक : नरेन्द्र रौले

चलचित्र

# शिवरात्रिको पूर्वसन्ध्यामा
# अनमोल र आशिरमानको टक्कर

प्रत्येक शुक्रबार कम्तीमा दुई नेपाली चलचित्र प्रदर्शन हुनुलाई अब नौलो मानिन छाडिएको छ । अझ कुनै साता सार्वजनिक बिदा परेको छ भने ढुक्क भए हुन्छ, त्यो शुक्रबार ठूलै बजेटका चलचित्र प्रदर्शन हुनेछन् । आज फागुन १७ गते शुक्रबार एउटा त्यस्तै साइत जुरेको छ । सोमबार महाशिवरात्रि पर्वका अवसरमा सार्वजनिक बिदा हुन्छ । उक्त बिदा सदुपयोग गर्ने उद्देश्यले आज शुक्रबार दुई ठूला ब्यानरका, ठूलो बजेटका तथा ठूलै स्टारका दुई चलचित्र प्रदर्शनमा आउँदैछन् जसमा अनमोल केसी अभिनीत क्याप्टेन तथा आशिरमान देशराज जोशी अभिनीत द ब्रेकअप छन् । रोचक कुरा के छ भने अनमोल केसीलाई रजतपटमा अभिनेताका रुपमा पदार्पण गराउने निर्देशक हेमराज बिसी हुन् । तिनै बीसीद्वारा निर्मित तथा निर्देशित द ब्रेकअप अनमोलकै क्याप्टेनसंग जुध्न लागेको हो । प्रचार-प्रचारको दृष्टिकोणले क्याप्टेनले द ब्रेकअपलाई निकै पछाडि छाडे पनि निर्देशक बीसी आफ्नो चलचित्रप्रति विश्वस्त देखिन्छन् । यता निर्माता भुवन केसी क्याप्टेनको सफलताले कुन तहको कीर्तिमान बनाउने हो भन्ने कुरामा चिन्तित छन् । सिनेमा हलमा खडेरी परिरहेको दर्शकलाई आकर्षित गर्ने कुरामा दुईमत छैन । एकै दिन, धेरैवटा स्क्रिनसहित प्रदर्शन हुन लागेका यी दुई चलचित्र कस्ता छन् त ?

## क्याप्टेन



**निर्देशक** : दिवाकर भट्टराई
**निर्माता** : भुवन केसी
**कलाकार** : अनमोल केसी, उपासना सिंह ठकुरी, प्रियंका एमभि, सरोज खनाल, सुनिल थापा, प्रशान्त ताम्राकार, राजाराम पौडेल, बुद्धि तामाङ, अमित श्रेष्ठ, सूर्यमाला खनाल, विल्सन विक्रम राई आदि ।
**संगीतकार** : अर्जुन पोखरेल, एसडी योगी तथा सुशान्त गौतम ।

छायांकनमा जानु अघिदेखि नै चर्चामा रहेको चलचित्र क्याप्टेन आजको मितिसम्म पनि चर्चामै छ । अभिनेता अनमोल केसीको क्रेजका कारण यो चलचित्र बहुप्रतीक्षित भएको हो । फुटबलसँग सम्बन्धित यो चलचित्रमा अभिनेता केसीले फुटबल टिमको कप्तानको भूमिका निर्वाह गरेका छन् । चलचित्रमा अनमोलले इशान खड्का नामक युवकको भूमिका निर्वाह गरेका छन्, जो सानो गाउँमा जन्मिए पनि फुटबल खेलाडीका रूपमा देशको नाम राख्न उद्यत छन् । जिल्लास्तरीय खेल खेल्दै राष्ट्रिय टिमको कप्तानसम्मको उनको यात्रालाई चलचित्रमा रोमाञ्चक शैलीमा चित्रण गरिएको छ । चलचित्रको उत्तरार्द्धमा साफ फुटबल पनि समेटिएको छ, जहाँ नेपाल र भारतबीच फाइनल हुन्छ । उक्त खेलको नेतृत्व गर्ने जिम्मा पनि इशानकै काँधमा छ ।

फुटबलमा आधारित भए पनि यो चलचित्र व्यवसायिक सूत्रअनुसार नै निर्माण भएको निर्देशक दिवाकर भट्टराई बताउँछन् । चलचित्रमा दुई नयाँ अनुहार उपासना सिंह ठकुरी तथा प्रियंका एमभी पनि छन् । चलचित्रमा उपासनाले अनमोलको गाउँले प्रेमिकाको भूमिका निर्वाह गरेकी छिन् भने प्रियंकाले उनलाई शहरमा साथ दिने छिन् । यो चलचित्रमा सरोज खनाल, प्रशान्त ताम्राकार तथा सुनिल थापा पनि प्रभावकारी भूमिकामा छन् । सरोजले जिल्लास्तरीय कोचको भूमिका निर्वाह गरेका छन् भने प्रशान्तले राष्ट्रिय टिमको प्रशिक्षकको भूमिका निर्वाह गरेका छन् ।

चलचित्र फ्लोरमा जानुअघि अभिनेता केसीले फुटबल प्रशिक्षक हरि खड्कासँग झन्डै तीन महिना फुटबल प्रशिक्षण लिएका थिए । त्यसक्रममा उनले राष्ट्रिय फुटबल टिमका खेलाडीहरूसँग वास्तविक खेल खेल्ने मौका पाएका थिए । चलचित्रमा वास्तविक खेलका दृश्यसमेत समावेश गरिएका छन् । कतिपय खेलका दृश्य भने एनिमेसन गरिएको छ ।

यो चलचित्रको सांगीतिक पक्ष पनि बेजोड छ । सार्वजनिक भएका यसका दुई गीतमध्ये 'रहर छ संगै...' युट्युबमा ७५ लाखभन्दा बढी पटक हेरिएको छ । अर्जुन पोखरेलद्वारा संगीतबद्ध उक्त गीतमा सुगम पोखरेल तथा अञ्जु पन्तको स्वर सुन्न सकिन्छ जसको भिडियोमा अनमोल र उपासना देखिन्छन् । हालै सार्वजनिक दोस्रो गीत कलि कपाल...भने २५ लाख भ्युज पाएर ट्रेन्डिङको टप टेनमा छ । उक्त गीतमा मेलिना राई तथा एसडी योगीको स्वर सुन्न सकिन्छ ।

सुपर काजल फिल्म्सको ब्यानरमा निर्माण भएको क्याप्टेनमा सत्यम राना, मधुकर बलामी, रामेश्वर श्रेष्ठ, राजन महर्जन तथा श्रीकृष्ण श्रेष्ठको भिएफएक्स छ । सुदीप बराल यो चलचित्रका छायांकार हुन् । यो चलचित्रको कथा सामीप्यराज तिमिल्सिनाले लेखेका हुन् भने यसमा कविराज गहतराजको नृत्य निर्देशन छ ।

## द ब्रेकअप




**निर्देशक/निर्माता** : हेमराज बिसी
**कलाकार** : आशिरमान देशराज जोशी, शिल्पा मास्के, इच्छा कार्की, रेमनदास श्रेष्ठ, सरोज खनाल आदि ।
**संगीतकार** : विराज गौतम

पहिलो पटक निर्धारण गरिएको प्रदर्शन मिति माघ २७ गतेलाई सारेर पुनः दोस्रो पटक प्रदर्शन मिति तोकिएको चलचित्र द ब्रेकअप अन्ततः आज शुक्रबार दर्शकमाझ आउनेछ । देशभरिका करिब ८० वटा स्क्रिनमा प्रदर्शन हुन लागेको यो चलचित्रका अधिकांश दृश्य पोखरा तथा अस्ट्रेलियामा छायांकन गरिएको छ । यसअघि क्याप्टेनसँग प्रदीप भट्टराईको चलचित्र 'जात्रै जात्रा' प्रदर्शन हुने भनिएको थियो । यद्यपि, छायांकनकै क्रममा अभिनेता बिपिन कार्की घाइते भएपछि उक्त चलचित्र निर्धारित मितिमा प्रदर्शन नहुने भएपछि द ब्रेकअप यो मितिमा आएको निर्देशक बिसीको कथन छ । प्रेमकथामा आधारित यो चलचित्र लोकेसनका कारण पनि हाई बजेटको भएको निर्माता समेत रहेका निर्देशक बिसीले बताएका छन् ।

चलचित्र द ब्रेकअपमा आशिरमान र शिल्पा केन्द्रीय भूमिकामा छन् । पोखराबाट अस्ट्रेलियाको यात्रामा निस्कने क्रममा एक-अर्काको सामुन्ने परेका यी दुई पात्र नचाहँदा-नचाहँदै प्रेममा पर्छन् । अष्ट्रेलियामा अध्ययन तथा काम गर्ने सिलसिलामा उनीहरू एक-अर्कासँग अझ नजिक हुन्छन् । यद्यपि परिस्थितिवश उनीहरूबीच ब्रेकअप हुन्छ । त्यसपछि आशिरमानको जीवनमा इच्छाको प्रवेश भएसँगै चलचित्रले नाटकीय मोड लिन्छ ।

यो चलचित्रमा समावेश आशिरमान र शिल्पाबीचको चुम्बन दृश्य अहिले चर्चामा छ । अस्ट्रेलियामा प्रेममै रहेका बेला उनीहरूबीच चुम्बन साटासाट हुन्छ । उक्त दृश्यलाई निर्देशकले आकर्षक शैलीमा चित्रण गरेका छन् । उक्त दृश्यका बारेमा राखिएको जिज्ञासामा अभिनेत्री मास्केले खासै असहज नभएको प्रतिक्रिया दिएकी छिन् भने अभिनेता जोशीले पनि उक्त दृश्य अभिनयकै एउटा अंग भएको बताएका छन् । केही समयअघि सार्वजनिक चलचित्रको ट्रेलरमा पनि जोशी र मास्केको प्रेम तथा ब्रेकअपका कुरालाई नै प्राथमिकता दिइएको छ ।

रूपक थापा, दीपक खतिवडा, रेनु राना तथा निर्देशक बिसीले लगानी गरेको यो चलचित्रको कथा तथा पटकथा पनि निर्देशक बिसीले नै लेखेका हुन् । चलचित्र ब्रेकअपलाई नरेन्द्र मैनालीले छायांकन गरेका हुन् भने सुरेन्द्र पौडेल यो चलचित्रका सम्पादक हुन् । चलचित्रका मुख्य कलाकारहरूको पहिरन डिजाइनर युबी थापाले तयार पारेका हुन् ।

चलचित्रमा समावेश पुरानो गीत आज हाम्रो भेट भा'को दिन...को रिमेक दर्शकले मन पराइसकेका छन् । युट्युबमा उक्त गीत करिब ५५ लाख पटक हेरिएको छ । विराज गौतम तथा मेलिना राईको स्वरमा रि-रेकर्ड गरिएको उक्त गीतमा चलचित्रका मुख्य कलाकारहरूले आकर्षक नृत्य गरेका छन् । दोस्रो गीत हर पल... सामान्य छ । अस्ट्रेलियामा छायांकन गरिएको विराज गौतमको स्वर तथा संगीतको उक्त गीतमा आशिरमान र शिल्पा मास्केको अभिनय हेर्न पाइन्छ ।

## तीनै चलचित्रको अवस्था दयनीय

गत शुक्रबार रूमालै छ चिनो, फिंगर प्रिन्ट र ब्वाइ फ्रेण्ड गरी तीनवटा नेपाली चलचित्र प्रदर्शनमा आएका थिए । यी तीनै चलचित्रले राम्रो व्यापार नगरेको सिनेमा हल सम्बद्ध सूत्रहरू बताउँछन् । यो हप्ता प्रदर्शित तीन चलचित्रमध्ये रुमालै छ चिनोले अरूको तुलनामा केही राम्रो व्यापार गरेको हल सञ्चालकहरूले जानकारी दिए । रुमालै छ चिनोको निर्माण पक्षले चलचित्रको प्रचार-प्रसार फरक शैलीले गरेको थियो । यो चलचित्र प्रदर्शनमा आउनुभन्दा पहिले सम्पूर्ण हलमा गएर दर्शकहरूलाई रुमाल बाँडिएको थियो । यही फरक शैलीका कारण पनि उक्त चलचित्रले अलिकति राम्रो व्यापार गरेको निर्देशक दिनेश सिंह ठकुरी दाबी गर्छन् । ठकुरी भन्छन्- रुमालै छ चिनो अरू चलचित्रको तुलनामा अगाडि भए पनि आम्दानीको हिसाबले घाटामै छ, तैपनि हामी खुसी छौं । यस्तै, मेडिकल साइन्स र फिंगर प्रिन्टको दुरुपयोगले विश्वमा हुन सक्ने अपराधमा केन्द्रित चलचित्र फिंगर प्रिन्टले पनि राम्रो व्यापार गर्न सकेन ।

नवीन निरौलाको लेखन तथा निर्देशनको उक्त चलचित्रमा दीपक त्रिपाठी, सरिता लामिछाने, राज क्षितिज, रमेश बुढाथोकी, आयुष्मा कार्की, शंकर आचार्य, जेसिका भुसाल आदिले अभिनय गरेका छन् । त्यसैगरी मदन घिमिरेको निर्देशनको अर्को चलचित्र ब्वाइ फ्रेण्डको अवस्था पनि त्यस्तै रह्यो । यो चलचित्रमा युवा पिँढीमा मौलाएको ब्वाइ फ्रेण्ड र गर्लफ्रेण्ड बनाउने प्रवृत्तिका साथै अभिभावकले आफ्ना छोराछोरीप्रति जिम्मेवारी बहन गर्न नसक्दा सिर्जना हुने परिणाम कस्तो हुन्छ भन्ने कुरा प्रस्तुत गरिएको थियो । विषय ठीकै भए पनि यो चलचित्रलाई दर्शकले रुचाएको पाइएन ।

सूचना र मनोरञ्जनको झ्यालो
साप्ताहिक






# सारा बजिमय, सुजाता केसी तथा मिनाक्षी शर्मा



**पोखरा** भिमसेनटोलकी सारा बजिमय दसौं संस्करणको मिस पोखरा-२०१८ की उपाधि विजेता हुन् । पृथ्वीनारायण क्याम्पस, पोखराबाट हालसालै माइक्रोबाइलोजीमा स्नातक उत्तीर्ण बजिमयले अब मिस नेपालमा सिधै प्रतिस्पर्धा गर्न पाउने छिन् । अबको आफ्नो लक्ष्य पोखराको प्रतिनिधित्व गर्दै मिस नेपालमा भाग लिई उपाधि चुम्ने रहेको साराले बताइन् । आफैंले आफैंप्रति गरेको विश्वासका कारण मिस पोखराको उपाधि जित्न सहज भएको बताउने सारा आफ्नो आत्मबलकै कारण मिस नेपालमा राम्रो गर्ने लक्ष्यमा छिन् । मिस पोखरामा सुजाता केसी फस्ट रनर्सअप तथा मिनाक्षी शर्मा सेकेन्ड रनर्सअप भएका थिए ।

Log on to :
facebook
www.facebook.com\kantipursaptahik

तस्बिर : सुरज श्रेष्ठ/एस टु प्रोडक्सन
लोकेसन : बगैंचा रिसोर्ट, लेकसाइड, पोखरा
संयोजन : राजाराम पौडेल



# कोमललाई के प्यारो ?

गायिकाबाट राजनीतिज्ञ भएकी कोमल वलीले विगतमा गीत मात्र गाइनन्, एउटा चलचित्रमा अभिनेत्रीका रूपमा अभिनयसमेत गरिन् । यद्यपि 'राजनीति' शीर्षकको उक्त चलचित्रमा अभिनय गरेपछि कोमलले अभिनयलाई निरन्तरता दिने हिम्मत गरिनन् । रमाइलो कुरा के रह्यो भने चलचित्र राजनीतिमा अभिनय गरेलगत्तै कोमल वास्तविक जीवनमै राजनीतिमा हामफालिन् । यसबीच अघिल्लो साता कोमललाई चलचित्र अभिनेत्री बनाउने श्रेय पाएका निर्देशक वसन्त निरौलासँग उनको जम्काभेट भयो । निरौलाले अनामनगरमा सञ्चालनमा ल्याएको सिने इक्युपमेन्ट हाउसको रिबन काट्न कोमललाई नै निम्त्याएका थिए । उक्त अवसरमा ओलीले आफैंलाई अभिनेत्री बनाउने निर्देशकलाई व्यंग्य गरिदिइन् । 'हुन त म वसन्तकै हिरोइन हुँ,' निर्देशक निरौलाप्रति इंगित गर्दै कोमलले भनिन्– 'तर मैले पहिलो पटक अभिनय गरेको चलचित्र राजनीति यस्तो हिट भयो कि चार दिनमै सिनेमा हलबाट उत्रियो ।' कोमलको कुरा सुनेर निर्देशक निरौलाले समेत आफ्नो हाँसो थाम्न सकेनन् । आफ्नो भनाइले सबै जना हाँसेको देखेपछि गम्भीर हुँदै कोमलले भनिन्– 'अब राजनीतिबाटै नेपाली चलचित्रको विकासमा केही गर्ने प्रण गर्छु ।'



# बल्ल मिल्यो कुरो

भुवन केसीले कुसुमे रुमालबाट, प्रदीप खड्काले रोजबाट, राजाराम पौडेलले क्याप्टेनबाट तथा वर्षा शिवाकोटीले पुरानो बुलेटबाट पारिश्रमिक नपाएको खबरले सञ्चारमाध्यममा राम्रै स्थान पाए । भुवनले कुसुमे रुमालबाट पारिश्रमिक पाउने सम्भावना छैन भन्दा फरक पर्दैन, प्रदीपलाई गोपीकृष्ण मुभिजले निराश नबनाउन सक्छ । राजाराम पौडेलले क्याप्टेनबाट बाँकी पारिश्रमिक बुझेकै कारण हालै आयोजित गीत सार्वजनिक गर्ने समारोहमा उनी उपस्थित भएका हुन सक्छन् । बाँकी रह्यो अभिनेत्री वर्षा शिवाकोटीको कुरा । उनलाई पनि चलचित्र पुरानो बुलेटका निर्माताले पारिश्रमिक दिएर कुरा मिलाएका छन् । हालै काठमाडौंमा चलचित्रको ट्रेलर सार्वजनिक गर्ने समारोहमा उपस्थित वर्षाले चलचित्रको पोस्टरको फोटोसेसनका क्रममा लिन बाँकी पारिश्रमिक ग्रहण गरेको खुलासा गरेकी हुन् । 'मैले अझै केही चलचित्रबाट पारिश्रमिक लिन बाँकी छ, वर्षा भन्दै थिइन्– 'तामझामपूर्वक घोषणा गरिएका चलचित्रबाटै पूरै पारिश्रमिक नपाउने पीडा मलाई मात्र परेको छ कि अरूलाई पनि ?'



## मेरो रोजाइ

**गायक–** उदितनारायण झा
**गायिका–** अरुणा लामा
**मोडल–** एलिशा राई
**अभिनेता–** दिलीप रायमाझी
**अभिनेतृ–** निरुता सिंह
**संगीतकार–** गोपाल योञ्जन
**निर्देशक–** तुलसी घिमिरे
**खेलाडी–** विमल घर्ती मगर
**चिकित्सक–** डा. भोला रिजाल
**सामाजिक अभियन्ता–** धुर्मुस-सुन्तली
**हास्यकलाकार–** मह जोडी

● मेलिना राई, गायिका



# भाइरल बन्दै संवाद

चैत १ गतेदेखि प्रदर्शन हुने नेपाली कथानक चलचित्र 'पुरानो बुलेट'का संवाद अहिले भाइरल भैरहेका छन् । चलचित्रको ट्रेलरमा अभिनेता अनुपविक्रम शाही र वर्षा शिवाकोटीबीचको संवाद भाइरल भएका हुन् । 'कति तान्छस् चुरोट..', 'तैंले त बूढी जत्तिकै दिइस्...' भन्ने संवाद टिकटकमा अहिले सर्वाधिक प्रयोग भैरहेको छ । यस्तै चलचित्रका कलाकार शिव मुखिया र अनुपविक्रमबीचको संवाद 'आफूले मन पराउने भन्दा आफूलाई माया गर्ने मान्छे पाउने व्यक्ति भाग्यमानी हुन्छ यो संसारमा' तथा 'सँगुरको मासु काँचै खा...' डाइलग पनि टिकटकमा अपलोड हुन थालेको छ । भीषण राईद्वारा निर्देशित यो चलचित्रको वर्ल्ड प्रिमिडर फागुन ११ गते हङकङमा गरियो । ठेट पूर्वेली शब्दहरू प्रयोग गरिएको चलचित्र पुरानो बुलेटको ट्रेलर सार्वजनिक भैसकेको छ ।



# थोरै काम गरौ तर...

कलाकारितामा जम्ने ध्याउन्नमा छिन्– चाँदनी बुढाथोकी (२०) । झापा दमक-८, किराँत चौककी बुढाथोकी केही 'चुजी' पनि छिन् । उनलाई सधैं 'थोरै काम गरौं तर राम्रो गरौं' भन्ने लागिरहन्छ । त्यसैले पनि होला, उनले थोरै म्युजिक भिडियोमा मात्र काम गरेकी छिन् । चाँदनीले गायक दीपेन्द्र अधिकारीको 'आँखाभरि...' गीतमा अभिनय गर्दै आफ्नो अभिनय यात्रा शुभारम्भ गरेकी हुन् । बिस्तारै उनले विराटनगरमा भएको मिस मोडर्न एरा तथा काठमाडौंमा भएको पेजेन्ट नेपाल विनर फेसन शो आदिमा भाग लिइन् । यस्तै काठमाडौंमा सम्पन्न मिस ग्यालेक्सी नेपाल-२०१८ मा उनले मिस ब्युटिफुल तथा सोसल वेलफेयर एम्बेस्डरको उपाधि हात पारिन् । चाँदनी भन्छिन्- 'भावी दिनमा सफल कलाकार बन्छु भन्ने छ । कसैको कुभलो नचिताई हिँडियो भने अवश्य सफल भइन्छ भन्ने कुरामा विश्वस्त छु ।'



# गायक सपूतको गुनासो

महिला महोत्सवका लागि पर्वत पुगेका लोकदोहोरी गायक प्रकाश सपूत आफ्नो प्रस्तुति नदिई फर्किएका छन् । रेडियो दिदीबहिनी कुश्मा-पर्वतले आयोजना गरेको उक्त महोत्सवमा आयोजकले वेवास्ता गरेपछि निराश हुँदै फर्किएको उनले आफ्नो फेसबुकमार्फत जनाएका छन् । इभेन्टको जिम्मा लिएका सरोजले फोन तथा म्यासेजमार्फत कार्यक्रम तय गरेपछि पर्वत पुगे पनि त्यहाँ आफूलाई त्यहाँ वास्ता नगरिएको उनको गुनासो छ । आयोजकले उनी महोत्सवमा आउने भनेर प्रचार-प्रसार गरेका थिए । मलाई एकदमै अपमानित महसुस भयो । होटलले पनि आयोजकले केही नभनेको भनेपछि बिल तिरेर निस्किए । सपूत भन्छन्– कार्यक्रमका हिसाबले यो वर्ष मेरो गोल्डेन इयर हो । बितेका तीन महिनाको अवधिमा ६० भन्दा बढी कार्यक्रम गरेको छु । कतै यस्तो भएको छैन । कार्यक्रम निधो गरेपछि परिस्थितिअनुसार एडजस्ट र कम्प्रोमाइज त गरिन्छ नै । माघको अन्तिम साता झरीका कारण तीनवटा कार्यक्रम रद्द भए । मैले सहें, तर ठाउँमा पुगेर बिनाकारण कार्यक्रममा सहभागि नगराएर रेस्पोन्ससमेत नगर्दा कसरी सहनु ? आफ्नै क्षेत्रमा अपमानित महसुस गर्दै फर्कदैछु । यस विषयमा पर्वत प्रहरीलाई खबर गरेको र सम्बन्धितहरूले लिखित माफी माग्नुपर्ने माग उनले गरेका छन् । मौखिक कुराकानीमा विश्वास गर्दा आफूलाई समस्या परेको गायक सपूतले बताउँछन् ।

# चम्किएला त भाग्य ?

अभिनेता अनमोल केसीसँग अभिनय गर्ने अधिकांश अभिनेत्रीले उनीसँग अभिनय गर्न पाउँदा भाग्य चम्किने प्रतिक्रिया दिएका छन् । संयोग कस्तो छ भने अनमोलले हालसम्म कुनै पनि अभिनेत्रीसँग दोहोऱ्याएर अभिनय गरेका छैनन् । चलचित्र क्याप्टेनमा त उनले दुई अभिनेत्री उपासना सिंह ठकुरी तथा प्रियंका एमबीसंग अभिनय गरेका छन् । चलचित्रमा उपासनाले गाउँले युवतीको भूमिका निर्वाह गरेकी छिन् भने प्रियंकाले सहरिया । यसबीच अभिनेत्री ठकुरीले अनमोलसँग अभिनय गर्ने बित्तिकै आफ्नो भाग्य चम्किन्छ भन्ने कुराको भने खण्डन गरिदिएकी छिन् । 'अनमोलसँग अभिनय गर्न पाउनु भाग्यको कुरा होला, उपासनाको भनाइ छ- 'भाग्य नै चम्किने कुराचाहिं आफ्नो अभिनयमा भर पर्ने कुरा हो । मैले जस्तो काम गरेकी छु, त्यहीअनुसार मेरो भाग्य चम्किने अथवा नचम्किने हुन्छ ।' यद्यपि, अनमोलसँग भविष्यमा पुनः संगै अभिनय गर्ने मौका आयो भने त्यसलाई नगुमाउने उनले स्पष्ट पारिसकेकी छिन् ।





# ब्याक टु ब्याक

एउटा पनि चलचित्र प्रदर्शन नहुँदै तीनवटा चलचित्रमा अभिनय गर्ने अभिनेत्री हुन्– शिल्पा मास्के । उनको पहिलो चलचित्र द ब्रेकअप यसै साता प्रदर्शनमा आउँदैछ । यो चलचित्र सिनेमा हलमा आएको तीन सातापछि (चैत ८) नै उनको दोस्रो चलचित्र कागजपत्र दर्शकमाझ आउनेछ । यी दुई चलचित्रको प्रदर्शन प्रारम्भ नहुँदै शिल्पाले तेस्रो चलचित्र 'सानो मन' मा अभिनय गर्न थालिसकेकी छिन् । एकपछि अर्को गर्दै लगातार तीनवटा चलचित्रमा अभिनय गरिसकेकी शिल्पासँग अहिले पनि झन्डै एक दर्जन चलचित्रका स्क्रिप्ट हातमा छन् । 'धेरै चलचित्रबाट प्रस्ताव आइरहेको छ, साप्ताहिकसँगको भेटमा उनी भन्दै थिइन्– 'तर अब भने छानेर मात्र चलचित्रमा अभिनय गर्नेछु ।' शिल्पाले आफ्ना तीन चलचित्रमा तीन भिन्न भूमिका निर्वाह गरेको बताइन् । शिल्पाले यी तीनै चलचित्रमा तीन भिन्न अभिनेतासँग अनस्क्रिन रोमान्स गरेकी छिन् । ब्रेकअपमा उनी आशिरमान देशराज जोशीसँग छिन् भने कागजपत्रमा उनलाई नाजिर हुसेनले साथ दिएका छन् । सानो मनमा उनी आयुष्मान देशराज जोशीको जोडीका रूपमा काम गरिरहेकी छिन् ।

# लोकगायक बस्नेतलाई सम्मान



रेडियो कान्तिपुरले वरिष्ठ लोकगायक कुमार बस्नेतलाई विशेष सम्मान गरेको छ । सलाम जिउँदो इतिहासलाई कार्यक्रमको १० औं संस्करणअन्तर्गत लोकगायक बस्नेतलाई सम्मान गरिएको हो । कार्यक्रमको सुरुवातमै बस्नेतले भावुक हुँदै रेडियो कान्तिपुरले थालेको स्रष्टाको सम्मानप्रति कृतज्ञता व्यक्त गरे । कार्यक्रममा बस्नेतसँग भलाकुसारीका साथै चर्चित कलाकारले उनका गीतहरूको प्रस्तुति दिएका थिए । ६ दशकभन्दा बढी सांगीतिक क्षेत्रमा एकपछि अर्को गर्दै कालजयी गीत सुम्पिएका बस्नेत नेपाली लोक सिद्धहस्त व्यक्तित्व मानिन्छन् । उनले २ सय बढी गीत रेकर्ड गराएका छन् । सलाम जिउँदो इतिहासलाई कार्यक्रममा रुपक डोटेल, दुर्गा परियार, मुन्ना गुरुङ, राहुल भुजेल संजय तुरुक आदिले विशेष प्रस्तुति दिएका थिए ।

# मिस लिटिल नेवा लुम्बिनी-११३९



रुपन्देहीमा सञ्चालित मिस लिटिल नेवा लुम्बिनी-११३९ को उपाधि बुटवलकी वृष्टि श्रेष्ठले जितेकी छिन् । गत शनिबार भएको प्रतियोगिताको फिनालेमा पुगेका ९ जना प्रतिस्पर्धीलाई पछि पार्दै श्रेष्ठ मिस लिटिल नेवा लुम्बिनी-११३९ घोषित भएकी हुन् । प्रतियोगितामा निष्ठु श्रेष्ठ फस्ट रनर्सअप तथा शौरभी श्रेष्ठ सेकेन्ड रनर्सअप भए भने प्राश्ना श्रेष्ठ मोस्ट ट्यालेन्ट, स्मृतिश्रेष्ठ भ्यूअर च्वाइस तथा जेनिशा श्रेष्ठ बेस्ट भाषाको उपाधि जित्न सफल भए । यो प्रतियोगितामा कुल १ सय ५० जना प्रतियोगीले सहभागिता जनाएका थिए ।

स्वस्तिक श्रेष्ठ



# द नेक्सट् फेस भैरहवा

आफ्ना सातजना प्रतिस्पर्धीलाई पछि पार्दै भैरहवाका विपिन आले मगरले 'द नेक्सट् फेस भैरहवा' को उपाधि हात पारेका छन् । उता पडसरीकी विपना थापा पनि आफ्ना पाँच जना प्रतिस्पर्धीलाई पछि पार्दै किशोरीतर्फको 'द नेक्सट् फेस भैरहवा' को उपाधि जितेकी छिन् । आरएन स्टाइल भैरहवाले आयोजना गरेको नेक्सट् फेस भैरहवामा ८ जना किशोर तथा ६ जना किशोरी सहभागी थिए । कला-संस्कृतिको जगेर्नाका लागि यस्तै कार्यक्रम मुलुकको भैरहवा, नेपालगन्ज, कपिलवस्तु, हेटौंडा, पोखरा आदि १० सहरमा आयोजना गरिएको र ती स्थानका विजेताहरूबीच अर्को वर्ष बुटवलमा द नेक्सट् फेस नेपाल सञ्चालन गरिने आयोजक संस्थाका रेशम न्यौपानेले बताए ।

# मिस झापा कलेज

मिस झापा कलेज डिभा-२०१९ को उपाधि बिर्तामोडकी सोनिका राजवंशीले जितेकी छिन् । बिर्तामोडको सामुदायिक विद्यालय देवी माध्यमिक विद्यालयमा कक्षा १२ मा अध्ययनरत राजवंशीले ११ जना प्रतिस्पर्धीलाई पछि पारेकी थिइन् । प्रतियोगितामा देवी माविमै कक्षा १२ मा अध्ययनरत भद्रपुरकी कामना नेपाल फस्ट रनर्सअप भइन् भने हल्दिबारीकी रोसिका सापकोटाले सेकेन्ड रनर्सअपको उपाधि हात पारिन् । यो प्रतियोगिताको आयोजना ग्लोबल इन्टरटेनमेन्टले गरेको हो ।

अर्जुन राजवंशी





# मिस एन्ड मिस नेपाल आइकन

आइतबार लैनचौरस्थित होटल मल्लमा सञ्चालित मिष्टर एन्ड मिस नेपाल आइकन-२०१९ को ग्राण्ड फिनालेमा विनायक पोखरेल तथा सपना भण्डारीले शीर्ष उपाधि जितेका छन् । श्रृङ्खलाबद्ध रूपमा जनता टेलिभिजन मार्फत प्रशारण हुँदै आएको यो प्रतियोगितामा मौसम भट्टराई र अलिशा शंकर फस्ट रनर्सअप तथा मुकेश कँडेल र साधना खड्का सेकेन्ड रनर्सअपका घोषित भए । वाटिक इन्टरटेन्मेन्टद्वारा आयोजित यो प्रतियोगिताको कोरियोग्राफी पूर्व मिस नेपाल उषा खड्गीले गरेकी थिइन् ।

# भक्तपुरबाट मन मगन यात्रा



मन मगन...गीतको लोकप्रियता शनिबार भक्तपुरको सल्लाघारीमा देखिएको छ । मन मगन भक्तपुर-२०७५ शीर्षकको लाइभ कन्सर्टमा गायक दीपक बज्राचार्य तथा उनको सांगीतिक समूह रिदम दर्शकहरूलाई नचाउन सफल भएको छ । रसलाइट मिडियाले आयोजना गरेको उक्त कार्यक्रममा गायक बज्राचार्यले मन मगनसहित आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गरेका थिए । करिब साढे दुई दशकदेखि नेपाली सांगीतिक क्षेत्रमा सक्रिय गायक तथा संगीतकार बज्राचार्यले कार्यक्रममा काली काली हिस्सी परेकी, मायाको डोरीले, ओ अमिरा, प्रिये, मन मगन आदि गीत प्रस्तुत गरेका थिए । कार्यक्रममा बाल गायिका समीक्षा अधिकारीले पनि आफ्नो प्रस्तुतिमार्फत मनोरञ्जन प्रदान गरिन् । डिजे तामाले आफ्नो उत्कृष्ट प्रस्तुतिमार्फत दर्शकहरूलाई नचाएको उक्त कार्यक्रममा डान्स मण्डलाले प्रस्तुत गरेको कल्चरल डान्सले पनि दर्शकको मन जितेको थियो । कन्सर्टका क्रममा कोरियोग्राफर तथा मोडल रमिता भण्डारीको कोरियोग्राफीमा व्यवसायिक मोडलहरूले कल्चरल थिममा आधारित पहिरन प्रदर्शन गरेका थिए । उक्त अवसरमा हेटौंडाको जय प्रकृति सिलाइ प्रशिक्षण केन्द्र तथा ललितपुरको ज्वजलप्पा कलेक्सनले तयार पारेका पहिरन प्रदर्शन गरिएको थियो ।

# मिस इन्टरनेसनल क्वीनमा





ट्रान्सजेन्डर महिलाहरूका लागि विश्वकै सबैभन्दा ठूलो र प्रतिष्ठित मानिएको मिस इन्टरनेसनल क्वीनको वर्ष-२०१९ को संस्करणमा नेपालबाट एन्जल लामाले सहभागिता जनाउँदै छिन् । थाइल्यान्डमा सञ्चालन हुने यो प्रतियोगितामा सहभागी हुन उनी यसै साता त्यसतर्फ प्रस्थान गरेकी छिन् । मोडल रूपमा पनि सक्रिय रहँदै आएकी एन्जल मिस पिंक-२०१८ की शीर्ष उपाधि विजेता हुन् । काभ्रेकी एन्जल १९ वर्षकी छिन् । मिस इन्टरनेसनल क्वीन-२०१९ को ग्राण्ड फिनाले आगामी मार्च ८ तारिखमा थाइल्यान्डको पटायास्थित टिफानी शोमा सञ्चालन हुनेछ ।

पहिलो विश्व

# वर्षका उत्कृष्ट तस्बिर


सोनी वर्ल्ड फोटोग्राफी एवार्ड अहिले विश्वका चर्चित फोटोग्राफरहरूको ध्यान आकृष्ट गर्न सफल भएको छ । यो वर्ष सञ्चालित उक्त प्रतियोगितामा विश्वका १ सय ९५ राष्ट्रका फोटोग्राफरले सहभागिता जनाएका थिए, जसमा उत्कृष्ट हुन सफल केही तस्बिर :



● ग्यारी पेरीको जन्मका सम्बन्धमा रिचर्ड एन्सेटले खिचेको यो तस्बिर पोट्रेट ओपन क्याटोगरीमा पुरस्कृत भएको थियो ।




● क्रिष्टी ली रोजरले सद्भावना शीर्षकमा खिचेको यो तस्बिर मोसन ओपन क्याटोगरीमा पहिलो भएको थियो । हवाई द्वीपको समुन्द्रमुनि खिचिएको यो तस्बिरमा रोजरले रंग, शरीरको चाल तथा प्रकाशको संयोजनलाई उचित ढंगले प्रस्तुत गरेकी थिइन् ।



● फोटोग्राफर गागीले वासिङ्टनस्थित मानवनिर्मित तालको सतह कम हुँदा देखिएको काटीको वृक्ष र पानीको सतह कम भएको यो दृश्य ल्यान्डस्केप ओपन क्याटोगरीमा उत्कृष्ट तस्बिर घोषित भएको थियो ।



● नेचुरल वर्ल्ड र वाइल्ड लाइफ ओपन क्याटोगरीमा पुरस्कृत भएको यो तस्बिर बेलायतकी ट्रेसी लुन्डले खिचेकी हुन् । ट्रेसी सेटल्यान्डको समुन्द्रमा गानेट चराले डाइभ हानेर माछा मारेको दृश्य खिच्न सफल भएकी थिइन् ।



● हार्डिजान्टो बुडीम्यानले खिचेको फिस आई शिर्षकको यो तस्बिरले प्रयोगात्मक सिर्जना विधाको पुरस्कार हात पारेको थियो ।





● क्यारोली पारियटले फ्रान्समा खिचेको 'ओपन एयर ट्वाईलेट' शिर्षकको यो तस्बिर स्ट्रिट फोटोग्राफी क्याटोगरीमा पुरस्कृत भएको थियो । तस्बिरमा भारतीय संस्कृति झल्काउने संगीतकारहरूले फोटोका लागि पोज दिए पनि उनीहरूका एक सदस्यले खुला रूपमा शौच गरेको दृश्य कैद भएको थियो ।










## राजकुमारीको फेसन मोह

बेलायतका राजकुमार ह्यारीकी श्रीमती मेगान मार्केलको पहिरनले अहिले युरोपका सञ्चारमाध्यमहरूमा चर्चा पाइहेको छ । सात महिनाकी गर्भवती मेगानले मोरक्कोको तीनदिने भ्रमण गर्ने क्रममा लगाएकी पहिरनको मूल्य १ करोड ६२ लाख ८० हजार रुपैयाँ थियो । यसैगरी गत वर्ष प्रशान्त क्षेत्रको भ्रमणका क्रममा पनि उनले लगाएको पहिरनको चर्चा भएको थियो । उक्त भ्रमणमा उनले लगाएको पहिरनको मूल्य १ करोड ७४ लाख ६४ हजार रुपैयाँ थियो । मेगान मोरक्कोको राजालाई भेट्न जाँदा नीलो रंगको सिफनको पहिरनमा सजिएकी थिइन् । त्यतिबेला उनले लगाएको पहिरनको मूल्य ४७ लाख रुपैयाँ थियो ।

# लोकतन्त्रकलीसँग उग्र धुबे

रमेशकुमार पौडेल



जंगली हात्ती धुबेको 'उदण्ड' स्वभावको समाचार नपढ्ने-नसुन्ने कमै होलान । चितवन राष्ट्रिय निकुञ्जको यो जंगली भाले हात्तीले तीन वर्षमा निकुञ्ज आसपासका १५ जनाको ज्यान लिएको थियो । महिना दिनभित्रै चारजनाको ज्यान लिएपछि स्थानीय प्रशासनले धुबेलाई मार्ने निर्णय गर्दै सेना खटायो । एकाएक हराएको धुबे गत वर्ष निकुञ्ज घुमिरहेका सञ्चारकर्मीको नजरमा पर्‍यो । धुबे त्यति बेला पोथी हात्ती तीर्थमानकलीसँग मग्न थियो ।

प्रशासनले बाहिर नभने पनि धुबे त्यसअघि नै जंगलमा देखा परेको रहेछ । तीर्थमानकलीसँग प्रेमालाप गर्नुभन्दा एक वर्षअघि नै धुबेको भेट निकुञ्जकै अर्को पोथी हात्ती लोकतन्त्रकलीसँग भएको रहेछ । लोकतन्त्रकली र धुबेको लगभग दुई वर्षअघिको सम्बन्धबाट फागुन ९ गते बिहीबार बिहान चितवन निकुञ्जको खोरसोरस्थित हात्ती प्रजनन् केन्द्रमा भाले छावा जन्मिएको छ ।

वि.स. २०४२ सालमा स्थापना भएको खोरसोर हात्ती प्रजनन् केन्द्रमा योसहित ४८ वटा छावा जन्मिएको केन्द्रका प्रमुख बुधन चौधरीले बताए । यो वर्षको असोज यता मात्र केन्द्रमा पाँचवटा छावा जन्मिए । प्रजनन् केन्द्रमा पहिले एउटा वीरेन्द्रप्रसाद नामक घरपालुवा भाले हात्ती थियो । उसको संसर्गबाट केन्द्रमा दुईवटा छावा जन्मिएका छन् । निकुञ्जका ढोइ (पोथी हात्ती) जंगली मत्ता (भाले) कै सम्पर्कबाट गर्भवती हुने गरेको चौधरीले बताए ।

> यो वर्षको असोज यता मात्र केन्द्रमा पाँचवटा छावा जन्मिए । प्रजनन् केन्द्रमा पहिले एउटा वीरेन्द्रप्रसाद नामक घरपालुवा भाले हात्ती थियो । उसको संसर्गबाट केन्द्रमा दुईवटा छावा जन्मिएका छन् । निकुञ्जका ढोइ (पोथी हात्ती) जंगली मत्ता (भाले)कै सम्पर्कबाट गर्भवती हुने गरेको चौधरीले बताए ।

धुबे, रोमियो, नाना पाटेकर, रोनाल्डो जस्ता नाम गरेका



जंगली भाले हात्तीबाट निकुञ्जमा रहेका घरेलु हात्तीको वंशवृद्धि सम्भव भएको छ । मार्ने निर्णय हुनुअघि पनि धुबे हात्तीबाट छावा जन्मिएका थिए । धुबेको 'आतंककाल' पछि उसको संसर्गबाट छावा जन्मिएको भने यो पहिलो घटना हो । उता लोकतन्त्रकलीको यो पहिलो सन्तान हो । धुबेसँग आतंकको कथा जोडिएर आउँछ, लोकतन्त्रकलीसँग पनि एउटा कथा छ जुन सुखद संयोगसँग गाँसिएको छ ।


लोकतन्त्रकलीको कोखबाट केन्द्रका लागि ४८ औं छावा जन्मदा धेरैलाई पुरानो दिन सम्झना आयो । वि.सं. २०६३ सालको बैशाख ११ को साँझ केन्द्रको लक्ष्मीकलीलाई सुत्केरी व्यथा लाग्यो । मध्यरातमा पोथी छावा जन्मिएपछि कर्मचारीहरू सुत्न गए । बिहान थाहा भयो देशमा लोकतन्त्रका लागि १९ दिनदेखि चलिरहेको आन्दोलनमा बिराम लागेछ । लक्ष्मीकलीलाई व्यथा लाग्ने क्रममा तत्कालीन आन्दोलनरत दल र राजाबीच सहमति यो ।

दलहरूको आन्दोलनको दवावमा परेपछि राजाले देशमा लोकतन्त्रको घोषणा गरे । बिहानपख यो खवर सुनेपछि हात्ती प्रजनन् केन्द्रका तत्कालीन प्रमुख रामेश्वरप्रसाद चौधरीले आफ्ना कर्मचारीहरूसँग भने 'राती जन्मिएको छावाको नाम लोकतन्त्रकली राख्नु पर्ला ।' रामेश्वरले जे सोचेका थिए त्यही भयो, उक्त हात्तीले लोकतन्त्रकली नाम पायो ।

राजतन्त्र भएको भए केन्द्रका कर्मचारीले राख्न चाहेको नाम स्वीकृत हुने सम्भावना कमै थियो । छावा जन्मिएको खबर उनीहरू चितवन निकुञ्जको मुख्यालयलाई दिन्थे । निकुञ्ज मुख्यालयले राष्ट्रिय निकुञ्ज विभागलाई त्यसको जानकारी गराउँथ्यो । विभागले दरबारमा सूचना पुर्‍याउँथ्यो । त्यसपछि दरबारले नै छावाको नाम तोकेर पठाउने चलन थियो जसमा प्रायः राजपरिवारका सदस्यको नामले स्विकृति पाउँथ्यो । पोथी हात्ती भए नामसँगै कली जोडिन्थ्यो, भाले भए गज वा प्रसाद ।

लोकतन्त्रकलीसँगै नामाकरण गर्ने त्यो प्रचलन भंग भयो । यस कारण पनि लोकतन्त्रकली चितवनको चर्चित हात्ती बन्यो ।

# फिस्लिङ ए लाई र्‍याफ्टिङको उपाधि



त्रिशूली नदीमा आयोजित तेस्रो संस्करणको राष्ट्रिय र्‍याफ्टिङ प्रतियोगिताको उपाधि नेपाल र्‍याफ्ट एन्ड कायक क्लब फिस्लिङ ए ले हात पारेको छ । प्रतियोगितामा समावेश स्प्रिन्ट, स्लालम तथा डाउन रिभर रेस गरी तिनै विधामा उत्कृष्ट प्रदर्शन गर्दै फिस्लिङ ए ले उक्त उपाधि जितेको हो ।

नेपाल र्‍याफ्टिङ एण्ड क्यानोइङ एसोसियसनको आयोजनामा चितवनको फिस्लिङ स्थित त्रिशूली नदीमा सम्पन्न प्रतियोगितामा ११ टीमले सहभागिता जनाएका थिए । तीनदिन चलेको प्रतियोगितामा प्याडल नेपाल बी टिम द्वितीय स्थान हासिल गर्न सफल भयो भने नेपाल कायक क्लबले तृतीय स्थान हासिल गर्‍यो ।

सातौं राष्ट्रिय कायाकिङ स्लालम प्रतियोगिताको उपाधि भने विक्रम गुरुङले हात पारे । निर्धारित २ किलोमिटर दूरी ८४ सेकेन्ड ६९ सेकेन्डमा पार गर्दै गुरुङले उपाधि जितेका हुन् । उक्त विधामा सुजन तामाङ द्वितीय भए भने रमेश गुरुङले तृतीय स्थानमा चित्त बुझाए । यो विधामा दुई महिलासहित २७ जना खेलाडीले प्रतिस्पर्धा गरेका थिए ।

राजाराम पौडेल

# जंगलभित्र ६ देशका ३० साहित्यकार

सुनसान चारकोसे झाँडी फाँडेर ठूला-ठूला ढुंगा राखिएका छन्, त्यही ढुङ्गामा नेपाल, भारत, जापान, जर्मनी, इटाली तथा बंगलादेशका कलाकारहरू आफ्ना नयाँ सिर्जना कुँद्न व्यस्त देखिन्छन् ।

मोरङको बेलवारी-१०, भाउन्नेस्थित सृजना सामुदायिक वनको २१ हेक्टर क्षेत्रभित्र गत फागुन ४ गतेदेखि ६ देशका ३० जना मूर्तिकार ढुंगामा आफ्नो कला प्रस्तुत गर्न तल्लीन छन् । राम्रा कलाकृति निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने लक्ष्यका साथ सिर्जना पार्क निर्माणका लागि पहिलो चरणमा अन्तर्राष्ट्रिय स्तरको मूर्ति कार्यशाला सुरु गरिएको वडाअध्यक्ष गंगा याक्खा बताउँछन् ।

पार्कमा ५० वटा मूर्ति तयार गरी सुन्दर बगैंचा निर्माण गर्ने ध्येयका साथ यो कार्यशाला सञ्चालनमा ल्याइएको हो । अहिले जापानका नोरिओ ताकाओका, इटालीकी माकी नाकामुरा, जर्मनका पिटर हारगेट, भारतका अनुपकुमार गुप्ता तथा बंगलादेशका अभिजित कान्तिदास, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान मूर्तिकला विभागका प्रमुख लालकाजी लामासहित ३० जना दक्ष एवं व्यवसायिक मूर्तिकारले आकर्षक मूर्तिहरू खोपिरहेका छन्, जसमा ५ विदेशी एवं २५ स्वदेशी मूर्तिकार छन् । उनीहरूले १८ दिन लगाएर विभिन्न मूर्ति तयार पार्ने छन् । त्यसपछि सिर्जना सामुदायिक वनको उक्त क्षेत्र सिर्जना पार्कमा परिणत हुनेछ ।

करिब १ करोड ८४ लाखको लागतमा तयार हुने पार्कमा तराई मूलका धिमाल तथा राजवंशी जातिको संस्कृति झल्कने मूर्तिहरूका साथ मनमोहक काल्पनिक मूर्तिसहित बेलवारीलाई चिनाउने खालका सिर्जना रहने कार्यशालाका संयोजक तथा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका मूर्तिकला विभागका पूर्वप्रमुख धनु याक्खा बताउँछन् ।

नरेन्द्र बस्नेत



# प्रेमको शक्तिले देखेन धर्म

प्रकाश बराल



केही वर्ष अघिसम्म अन्तरजातीय विवाहलाई समाजले राम्रो दृष्टिले हेर्दैनथ्यो। यद्यपि अहिले त्यस्तो दृष्टिकोणमा बिस्तारै परिवर्तन आउन थालेको छ। जातीय रूपमा हुने भेदभावमा आधुनिक समाज तथा युवाहरूको सोच एवं चाहनाका कारण नै परिवर्तन आएको हो। नयाँ पुस्ताले स्वतन्त्र रूपमा आफ्नो भावना साट्ने, जीवन साथी छान्ने र जीवन जिउने निर्णय गर्न थालेको छ। यति हुँदाहुँदै पनि फरक धर्ममा विवाह गर्ने कुरा अझै सहज छैन। विशेष गरी मुस्लिम समाजमा फरक धर्मसँगको विवाहलाई वर्जित नै गरिएको पाइन्छ। नेपाली मुस्लिमहरू बिस्तारै खुकुलो भए पनि फरक धर्ममा विवाह गर्न भने अझै तयार देखिँदैनन्।

यद्यपि यसै साता बागलुङका एक युवाले पाकिस्तानकी मुस्लिम युवतीसँग विवाह गरे। पाकिस्तानकी मुस्लिम युवतीले हिन्दू मूलका नेपाली बाहुन युवासँग गरेको विवाहलाई यहाँ धेरैले आश्चर्यका रूपमा लिएका छन्। तीन वर्षअघि पाकिस्तानको रावलपिण्डीबाट आईटी इन्जिनियरिङ गर्न काठमाडौं आएकी आमना सफिकले अमलाचौर, बागलुङका सुदिन आचार्यसँग विवाह गरेकी हुन्। प्राविधिक विषय अध्ययनरत आमना र संगीतका विद्यार्थी सुदिनबीच काठमाडौंमा भेट भएको थियो।

साथीहरूमार्फत भेट भएपछि उनीहरूबीच प्रेम पलायो। उक्त प्रेमलाई भूगोल, जाति, धर्म र संस्कृतिले छेक्न सकेन। आमना काठमाडौंस्थित भद्रकाली आईटी कलेजमा अध्ययनरत छिन्। काठमाडौं बसाईका क्रममा आमनाले नेपाली साथीहरूको संगतमा नेपाली भाषा सिकिन्। साथीहरूकै समूहमा घुम्ने क्रममा संगीतका विद्यार्थी सुदिन आचार्यसँग उनको परिचय भयो। सामान्य चिनजानपछि उनीहरू फेसबुकमा पनि जोडिए। दुई वर्षदेखिको फेसबुक सम्बन्धले उनीहरूलाई दैनिक भेटघाटको न्यास्रो मेटाउने काम गर्‍यो। त्यही सम्बन्ध अहिले आएर विवाहमा परिणत भएको छ।

दुई वर्षदेखिको नेपाल बसाइमा आमनालाई नेपाली संस्कृति, भाषा र युवा सबैले लोभ्याए। प्रेम सम्बन्ध झाँगिएपछि आचार्यले आफ्ना बुबा टीकारामलाई त्यसको जानकारी दिए। टीकारामले पनि २५ वर्षअघि प्रेम विवाह नै गरेका थिए। बाहुन परिवारका टीकारामले स्याङ्दीकी डिलमाया पुनसँग अन्तर्जातीय विवाह गरेका हुन्। तत्कालीन समयमा परिवार र समाजबाटै बहिस्कृत हुने खतरा मोलेर उनले गरेको विवाहको फड्को छोरासम्म आएको उनको अनुमान छ। छोराले फरक देश, फरक भाषा, फरक धर्म र फरक संस्कृतिमा विवाह गर्न खोज्दा टीकारामले सहजै स्विकार गरे, तर उनले आमनाका बाबुआमालाई पनि यो कुराको जानकारी गराउनुपर्ने सुझाव दिए। एक-अर्काको भाषा नबुझ्ने भएकाले टीकारामले पाकिस्तानको रावलपिण्डीमा बसोबास गर्ने मोहम्मद सफिकलाई चिठी लेखे अनि सफिककी छोरी र आफ्नो छोराको सम्बन्धलाई विवाहमा रूपान्तरण गर्न प्रस्ताव राखे। फोनमै आमनाले आफ्नो चाहना

> 'एक-अर्काको भाषा नबुझ्ने भएकाले टीकारामले पाकिस्तानको रावलपिण्डीमा बसोबास गर्ने मोहम्मद सफिकलाई चिठी लेखे अनि सफिककी छोरी र आफ्नो छोराको सम्बन्धलाई विवाहमा रूपान्तरण गर्न प्रस्ताव राखे। फोनमै आमनाले आफ्नो चाहना बताएपछि रावलपिण्डीबाट मोहम्मद सफिकको पनि ग्रिन सिग्नल आयो।

बताएपछि रावलपिण्डीबाट मोहम्मद सफिकको पनि ग्रिन सिग्नल आयो। 'मैले सबैभन्दा ठूलो कुरा मानवीयता हो, त्यसपछि मात्र जात र धर्म हो भन्ने कुरा बुझाउने प्रयास गरें' टीकाराम भन्छन्, 'मेरो आशय बुझेरै उहाँले स्वभाविक रूपमा विवाहको स्वीकृति दिनुभयो।' कागजी रूपमा स्पष्ट भएपछि वडाको सिफारिसमा जिल्ला अदालत बागलुङ पुगेर २३ वर्षीय सुदिन र २२ वर्षीय आमनाले अदालती विवाह गरेका थिए।

नेपालकै ग्रामीण बासिन्दाझैं बोल्न- लेख्न सक्ने भएपछि आमनाले आइतबार अदालत पुगेर विवाह गरेकी हुन्। विवाहका लागि आचार्यका बुवा टीकाराम तथा आमा डिलमाया अदालतमा उपस्थित थिए। दुलहीतर्फका अभिभावक नभए पनि उनले पाकिस्तानी नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र तथा केही समयदेखि बागलुङ नगरपालिका वडा नम्बर-१२ को अमलाचौरमा अस्थायी बसोबास गरेको सिफारिस बोकेकी थिइन्। आमनाले पाकिस्तानी समाज सहमत भए पनि नभए पनि बाबुआमा सँग सहमती लिन सकेकोमा खुसी व्यक्त गरेकी छिन्।

मुलुकी देवानी संहिता-२०७४ को दफा ७७ बमोजिम दर्ता विवाह गर्न मञ्जुर भए न्यायाधीशले विवाह गराइदिन सक्ने व्यवस्थाअनुसार उनीहरूको विवाह गराइएको अधिवक्ता तिलकबहादुर रिजालले बताए। 'अदालतमा रीतपूर्वकको निवेदन दिएपछि सबै प्रक्रिया पुर्‍याएर विवाह गराइदिएको हो' न्यायाधीश प्रकाशप्रसाद पण्डितले भने, 'यो फरक धर्म र संस्कृतिलाई समाजले पनि स्विकार गरेको नमुना घटना हो।' उनीहरूले कानुनी रूपमा बलियो भएर विवाह गरेको पण्डितले बताए। साथै मुस्लिम बुहारी स्विकार गर्ने अभिभावकहरू समेत फरक भएको उनले बताए।

पाकिस्तान वा अन्य मुस्लिम देशमा विवाह गर्दा धर्म परिवर्तन अनिवार्य मानिन्थ्यो। नेपालमा भएकाले दुवैले आफ्नो धर्म परिवर्तन नगर्ने बताए। 'मैले कुनै दबाब दिएको छैन, उनले पनि आफ्नो धर्ममै रहने भनेकी छिन्' आचार्यले भने, मिलेर जीवन बिताउने योजना बनाएका छौं।' आईटी अध्ययनरत सफिकले अब नेपालमै बसेर काम गर्ने बताइन्। आचार्यले पनि अभिभावकहरूकै सल्लाहमा विवाह गरेकाले धार्मिक रूपमा कुनै समस्या नपर्ने बताए। सामाजिक रूपमा समस्या पर्न सक्ने भएपछि अन्तर जातीय, अन्तरधार्मिक वा अन्य प्रकारका विवाह अदालतमै पुगेर गर्ने आम प्रचलन छ।

# मिस प्लानेट इन्टरनेसनलमा नेपाल



क्याम्बोडियामा यही वर्षदेखि प्रारम्भ हुन गैरहेको मिस प्लानेट इन्टरनेसनल-२०१९ मा नेपालका तर्फबाट अस्मिता शर्माले सहभागिता जनाउँदै छिन्। प्रतियोगिताका लागि रुपन्देही निवासी अस्मिता हाल विश्वका ३८ मुलुकका सुन्दरीहरूसँग प्रतिस्पर्धा गरिरहेकी छिन्। मार्च २ अर्थात् यही फागुन १८ गते क्याम्बोडियाको नोम पेन स्थित डायमन्ड आइल्यान्डको पिक थिएटर मिस प्लानेट इन्टरनेसनल-२०१९ को ग्रान्ड फिनाले संचालन हुनेछ। यो प्रतियोगिताका लागि नेपालको आधिकारिक संस्था मर्निङ ग्लोरी इन्टरटेनमेन्टले अस्मितालाई मिस प्लानेट नेपाल-२०१९ का रुपमा चयन गरेपछि उनले मिस प्लानेट इन्टरनेसनल-२०१९ मा नेपालका तर्फबाट सहभागिता जनाउने अवसर प्राप्त गरेकी हुन्। सम्पूर्ण प्राणी जगत्को आश्रय स्थल हाम्रो ग्रहको संरक्षण एवं संवर्द्धनमा उल्लेखनीय भूमिका निर्वाह गर्न सक्ने पर्फेक्ट महिला चयन गर्ने उद्देश्यसहित मिस प्लानेट इन्टरनेसनल सञ्चालनमा ल्याइएको बताइएको छ।



# राहुल र मुग्धा काठमाडौं आउँदै




नेपाल भ्रमण वर्ष-२०२० को प्रवर्द्धन गर्ने हेतुले काठमाडौंको सोल्टी होटलमा चैत ९ गते बलिउड फेसन शो हुने भएको छ। ग्लोबल सिटिजन इन्टरटेनमेन्ट फाउन्डेसनले आयोजना गर्ने उक्त फेसन कार्यक्रमको मुख्य आकर्षण बलिउड अभिनेता, अभिनेत्री तथा मोडलद्वय राहुल देव एवं मुग्धा गोड्से हुनेछन्। उक्त फेसन शोमा नेपाल तथा भारतका चर्चित मोडलहरूले विभिन्न किसिमका पहिरन प्रस्तुत गर्ने बताइएको छ। आयोजक संस्थाका अध्यक्ष राजन श्रेष्ठका अनुसार यो कार्यक्रमले महिला तथा बालबालिकामाथि हुने हिंसाविरुद्धको अभियानमा समेत सहकार्य गर्नेछ।


















# ग्र्यान्ड डग शो

गत शनिबार (फागुन ११ गते) जावलाखेलको फुटबल ग्राउन्डमा आयोजित डग शोको आकर्षण बेग्लै रह्यो। '९ औं ग्र्यान्ड डग शो' मा कुकुरलाई माया गर्ने, कुकुर पाल्ने तथा कुकुर व्यवसायीहरूको बाक्लो उपस्थिति थियो। ३० हजार रुपैयाँदेखि १० लाख रुपैयाँसम्म पर्ने ३३ प्रजातिका कुकुरले 'ग्र्यान्ड डग शो' मा भाग लिए। विगतका वर्षहरूमा जस्तै यसपालि पनि बैंकर अनिल शाहले यो शोमा भाग लिए। 'फोटोग्राफी जस्तै कुकुर पालन पनि मेरो शोख हो।' उनले भने, 'कुकुरले मानिसलाई प्रेम के हो भन्ने कुरा पनि सिकाउँछ।' त्यस्तै आदर्श बज्राचार्य आफ्नो प्यारो कुकुर रोमियोका साथ डग शोमा सहभागी थिए। साढे २ वर्षको रोमियो अघिल्लो वर्ष सेकेन्ड रनर्सअप भएको थियो। ३५ हजार रुपैयाँमा किनेको रोमियोलाई बज्राचार्यले आफ्नो सन्तान जत्तिकै माया गर्दै आएका छन्।

डग शोमा विभिन्न क्याटागोरीमा प्रतिस्पर्धा गरिएको थियो जसमा एडल्टतर्फ 'फर्स्ट बेस्ट इन् शो' उत्तम कुमार गोछेको जर्मन शेपहर्डले हात पार्‍यो। सेकेन्ड बेस्ट इन् शो माउन्ट एभरेस्ट केनल क्बलको गोल्डेन रितिभर तथा थर्ड बेस्ट इन शो चन्द्रागिरिका विश्वराज जोशीको जर्मन शेपहर्ड भए। पप्पीतर्फ भने श्रीजन श्रेष्ठको जापनिज स्पिज अकिताले फर्स्ट बेस्ट इन् शोको उपाधि प्राप्त गर्‍यो। दोस्रो प्रदीप गुरागाई र तेस्रो बिके ब्रिडरका कुकुरले हात पारे।

आयोजकहरूका अनुसार यो इभेन्टबाट संकलित रकमको केही प्रतिशत स्ट्रिट डग केयरका लागि छुट्याइएको छ। १५ वर्षदेखि कुकुरको परिचय, वर्गीकरण, स्याहार सुसार, आधारभूत तालिम दिंदै आएको के९ डग ट्रेनिङ एन्ड केयर, बुलेट डग ब्रिडर, पोजेटिभ पेट सोलुसनले यो डग शोको आयोजना गरेको थियो। के९ ले ग्र्यान्ड डग शो बाहेक के९ कुकुर तिहार, फ्रि डग ओबिडियन्स ट्रेनिङ प्रोगाम, हाउ टु फिड् योर डग आदि कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ।

शब्द : नरेन्द्र रौले, तस्बिर : महेश प्रधान/नवराज वाग्ले







## फेसबुक फन्डा



संकलक : जीवन भट्टराई

अलि-अलि मात्र पढेकी खडानन्दकी पत्नी चेक साट्न बैंकमा गइन् ।
क्यासियर : चेकको पछाडि यहाँनेर साइन गर्नुस् ।
खड् पत्नी : के हो साइन भनेको ? कसरी गर्नु ?
क्यासियर : पहिले मोबाइल सोबाइल नभा'का बेला तपाईंका पति बाहिर हुँदा चिठी लेख्नुहुन्थ्यो नि, हो त्यो चिठीको पुच्छरमा जसरी आफ्नो नाम लेख्नुहुन्थ्यो नि, हो त्यस्तै ।
खड् पत्नी : ए !
त्यसपछि खड् पत्नीले चेकको पछाडि लेखिन्– उही सधैं तिम्रो मायाको पर्खाइमा बस्ने तिम्रै प्यारी भुन्टी ।

अविवाहित खडानन्द र विवाहित हरिबोलको गफगाफ
खडानन्द : यत्रो टाइमसम्म पनि बिहे गर्ने साइत जुरेन । बल्ल-बल्ल एउटीसँग लभ पर्ला जस्तो आशा जाग्या थियो, तर त्यो पनि आशामै सीमित होला जस्तो भयो यार ! त्यसले पनि धोका नै दिए जस्तो छ ।
हरिबोल : किन र ? कसले धोका दियो ...........?
खडानन्द : अस्ति एउटा चेक साट्न बैंक गाको, क्यासियर केटीले बिस्तारै चेकको पछाडी आफ्नो फोन नम्बर लेख्नुस् भनी । हत्त न पत्त नम्बर लेखेर दिएको, सात दिन भयो आजसम्म कल गरेकी छैन यार त्यसले ।

खडानन्द र प्रहरी ।
प्रहरी : तपाईंको सामुन्ने नै त्यो लुटेराले केटीको ब्याग थुतेर भाग्यो । तपाईंले केही गर्नुभएन ....?
खडानन्द : त्यो केटीलाई राम्रोसँग चिन्छु सर, मैले उसको फेसबुक स्टाटस हेरेको छु : I can handle my problems. Don´t underestimate the power of woman.
त्यही भएर हो सर !
प्रहरी : ए त्यसो भए ठीकै छ ।

हरिबोल : यो फेसबुक नभाको भए के हुन्थ्यो होला नि ?
खडानन्द : यो फेसबुक नभाको भए केटीहरूलाई थाहै हुँदैनथ्यो, उनी कति Nice, Awesome, Beautiful, Gorgeous छिन् भन्ने कुरा ।

खडानन्द र उनकी पत्नी बेलुका खाना बनाउने बेलामा
पत्नी : के बनाऊँ आज ?
खडानन्द : स-साना कुरालाई तिलको पहाड बनाउन छोडेर अरू जे बनाए पनि हुन्छ ।

खडानन्द र हरिबोल
खडानन्द : गोरो हुने कुनै एउटा राम्रो क्रिमको नाम बता न यार !
हरिबोल : किन चाहियो हौ गोरो हुने क्रिम तँलाई ?
खडानन्द : मलाई काले भनेर छोडेर गई यार !

खडानन्द र हरिबोलको फोनवार्ता
खडानन्द : कहाँ छस् हरि ?
हरिबोल : छिमेकी बाइक एक्सिडेन्टमा परेछ । करङ भाँचिएछ । टाउकोमा रगत जमेको छ रे । एउटा खुट्टो पनि भाँचिएछ । उपचार गराउन आएको छु ।
खडानन्द : कहाँ ? अस्पतालमा हो ?
हरिबोल : होइन, उहिले कोइराला बाले ५ जना पुरोहित राखेर बिहे गराइदिएको वरपीपलको फेदको चौतारोमा ।

खडानन्द र हरिबोल
हरिबोल : ओए खड्, पत्रिका पढ्दा तँ राशिफल हेर्छस् कि हेर्दैनस् ?
खडानन्द : हेर्दिनँ यार !
हरिबोल : किन नहेर्या त ?
खडानन्द : विश्वासै लाग्दैन के हेर्नु ? अब हेर न । म अविवाहित मान्छे, तर मेरै राशिफलमा चाहिं प्राय सन्तानसुख र पुत्रलाभ लेख्या हुन्छ ।

खडानन्दकी पत्नी माइत गएकी थिइन् । पत्नीकै देखासिकी गरेर खडानन्द निराहार व्रत बसे मङ्गलबारको दिन ।
खडानन्द : ए छोरा, घाम डुब्यो ? हेर त ।
छोरा : डुबेको छैन बुबा ।
(फेरि एकछिन पछि )
खडानन्द : अबचाहिँ घाम डुब्यो कि हेर त ।
छोरा : अझै डुबेको छैन बुबा ।
खडानन्द : उफ ! यो घाम पनि मलाई लिएर मात्र डुब्ला जस्तो छ आज ।

खडानन्दले गतवर्षको चुनावमा चुरियामाई गाउँपालिकाबाट अध्यक्ष पदमा चुनाव जिते र उनले चुनावी सभामा गरेको प्रतिज्ञाअनुसार गाउँभरि वाईफाई पनि लगाइदिए । भर्खरै मात्र त्यहाँ गाउभरिका मान्छे भेला भएका थिए ।
एउटा गाउले : अध्यक्षज्यू, तपाईंले वाईफाई त लगाइदिनुभो, तर चल्दै चल्दैन त इन्टरनेट ।
खडानन्द : वाईफाईबाट इन्टरनेट चल्नलाई पासवर्ड त लाउनुपर्थ्यो नि, अब आउने चुनावमा पनि फेरि भोट दिएर मलाई नै जिताउनुस् अध्यक्षमा, त्यसपछि पासवर्ड पनि दिन्छु ।

## कुरा बुझ्नु भो त !


प्रस्तुती : योगेश कुमार खपाङ्गी
yogeshkhapangi@gmail.com






## पत्याउनु हुन्छ ?

# महँगो जुत्ता




मानिसले प्रयोग गर्ने एसेसरिजहरूमा जुत्ता सबैभन्दा पुरानो मानिन्छ । यही जुत्तालाई मानिसहरूले आफ्नो रुचि र सौखसमेत मान्दै आएका छन् । यसै क्रममा संसारको सबैभन्दा महँगो जुत्ता बिक्री भएको छ । दुबईको बुर्ज अल अरब होटलमा गरिएको उक्त किनबेचमा एउटा जुत्ताले २ करोड ३६ लाख डलर मूल्य पाएको छ । शुद्ध सुन तथा १ सयभन्दा बढी हिरा जडान गरेर तयार पारिएको उक्त जुत्ता दुबईका एक व्यापारीले खरिद गरेका हुन् । यूएईको प्रसिद्ध जुत्ता कम्पनी जादा दुबई एन्ड ज्वेलर्समार्फत् बिक्री गरिएको उक्त जुत्तालाई अहिलेसम्मकै सबैभन्दा महँगो जुत्ता मानिएको छ ।

## तथ्य - सत्य

# सर्वाधिक गरम दशक

बेलायतका मौसम वैज्ञानिकहरूका अनुसार सन् २०१४ मा सुरु भएको दशक पृथ्वीको पछिल्लो १ सय ५० वर्षको इतिहासमा सबैभन्दा गरम दशक हुनेछ । वैज्ञानिकहरूका अनुसार आगामी ५ वर्षमा पृथ्वीको सतहको औसत तापक्रम पछिल्लो दशकको तुलनामा १ डिग्री सेल्सियस बढी हुनेछ । ब्रिटिस मौसम विभागले विभिन्न स्रोतबाट उपलब्ध तथ्यांकहरू केलाएर उक्त निष्कर्ष निकालेको हो । पृथ्वीको तापक्रम सम्बन्धी जानकारी सन् १८५० देखि उपलब्ध हुन थालेको हो । त्यसयता मौसमसम्बन्धी वैज्ञानिक अध्ययनहरूमा आमुल परिवर्तन आइसकेको छ । यसैक्रममा गत वर्ष केलाइएको तथ्यांकअनुसार सन् २०१५, २०१६, २०१७ तथा २०१८ लाई पछिल्लो १ सय ६९ वर्षको इतिहासमा सबैभन्दा गरम वर्ष घोषणा गरिसकिएको छ ।



साहित्य

# सिर्जनशील मनहरूको जमघट

नरेन्द्र रौले

देशको राजधानी काठमाडौंमा उल्लेख्य मात्रामा साहित्यिक गतिविधि हुन सकिरहेका छैनन् । फाट्टफुट्ट हुने साहित्यिक गतिविधिले उतिसारो गति लिएको पाइँदैन । त्यसमाथि व्यक्ति र साहित्यिक संस्थाहरू विभिन्न गुट-उपगुट बाँडिएका छन् । यस्तो अवस्थामा युवा लक्षित एउटा साहित्यिक समूह गठन भएको छ– राष्ट्रिय युवा साहित्य परिषद् । अध्ययन एवं लेखनमा रुचि राख्ने ठूलो समूहलाई यो परिषद्ले समट्ने प्रयास गरिरहेको छ ।

दस जना सदस्य रहेको राष्ट्रिय युवा साहित्य परिषद् युवाहरूबीच साहित्यिक अन्तर्क्रिया गर्ने मनसायले सुरुवात भएको हो, जसको अगुवाइ लेखक तथा पत्रकार अश्विनी कोइरालाले गरिरहेका छन् । उनको यो अभियानमा लेखक मिलन संग्रौला, संघर्ष क्षेत्री, दीपक कोइराला, प्रदीप बस्नेत तथा सिमाना पौडेलले साथ दिइरहेका छन् । राम्रा युवा लेखकहरूका पुस्तक छाप्न प्रकाशकसँग भेट्टाइदिने वातावरण मिलाउने उद्देश्य लिएको यो परिषद्ले युवाहरूलाई लेखनमा स्थापित गर्ने लक्ष्य राखेको छ । परिषद्ले बर्सेनि ५० हजार रुपैयाँको युवा साहित्य पुरस्कार तथा १० हजार रुपैयाँको युवा लेख पुरस्कार स्थापना गरेको छ । युवा दिवसमा यो पुरस्कार प्रदान गरिने बताइएको छ ।

लेखक मिलन संग्रौला पनि राष्ट्रिय युवा साहित्य परिषद्का सदस्य हुन् । विज्ञानका विद्यार्थी भए पनि उनी साहित्यमा रुचि राख्छन् । 'यो परिषद्सँग जोडिएपछि पठनपाठनमा रुचि राख्ने धेरै जनासँग उनको भेटघाट भयो । युवाका विषय समेटेर लेख्नुलाई सस्तो साहित्य भनिन्छ ।' संग्रौला भन्छन्, 'तर हामी युवाहरू राम्रो लेख्न सक्छौं भन्ने उदाहरण बन्न चाहन्छौं ।' ध्रुवचन्द्र गौतम, नयनराज पाण्डे, बुद्धिसागर, दौलतविक्रम विष्ट तथा पारिजातका प्रशंसक मिलनले पर्पला र च्याट गर्ल जस्ता पुस्तक बजारमा ल्याइसकेका छन् । ट्रिटन कलेजमा कक्षा १२ मा अध्ययनरत प्रदीप बस्नेत कोर्सको पढाइमा मात्र होइन्, किताबी कीरो पनि हुन् । तीतो सत्य र सिक्रेट लभ जस्ता पुस्तक बजारमा ल्याइसकेका बस्नेत पनि यो परिषदका सदस्य हुन् । २०७३ सालमा सर्लाहीबाट एसईईमा जिल्ला टप गरेका प्रदीप कोर्सको पढाईसँगै साहित्यिक पुस्तकको अध्ययनमा समेत उत्तिकै सक्रिय छन् । साहित्यिक जमघटमा पनि उनी सरिक भैरहेकै हुन्छन् । उमेर कम भए पनि अग्रज लेखकहरूसँग भेटघाट गर्न पाउँदा नयाँ-नयाँ कुरा सिक्न पाएको उनको अनुभव छ ।

साहित्य परिषदका सदस्य दीपक कोइरालाका अनुसार अब हरेक देशमा एक-एक जना संयोजक तोकिँदैछन् । विदेशमा बसेर लेख्नेहरूलाई पनि बाहिर ल्याउने प्रयास भैरहेको उनले बताए । लुकेका प्रतिभाहरूलाई बाहिर ल्याउन परिषद्का तर्फबाट पहल भैरहेको उनले जानकारी दिए । कान्तिपुर इन्टरनेसनल कलेजबाट बीबीए पूरा गरेकी सामना पौडेल पनि यो परिषद्की सदस्य हुन् । पहिल्यैदेखि साहित्यमा रुचि राख्ने पौडेल रमेश सायन, अमर न्यौपाने, लैनसिंह वाङ्देल, डायमन्डशमशेर राणाको लेखनकी प्रशंसक हुन् । साहित्यिक वातावरणमा नयाँ, पुराना लेखकहरूसँग भेटघाट गर्न पाउँदा भने उनलाई रमाइलो लाग्छ । संघर्ष क्षेत्री पनि साहित्य परिषद्का सक्रिय सदस्य हुन् । विज्ञानका विद्यार्थी क्षेत्री साहित्यमा निकै रुचि राख्छन् । उनका साथीभाइमा लेखकहरू नै बढी छन् । साहित्य लेखनका क्रममा उनलाई बेलाबेला राजनीति गरिरहेको छु कि जस्तो पनि लाग्छ ।



## लेखनमा समर्पित हुनेहरूका लागि

राष्ट्रिय युवा साहित्य परिषद् गठन गरिनुका केही उद्देश्य छन् । युवा लेखक तथा अध्ययनमा रुचि राख्नेहरूको जमघट होस् भन्ने हाम्रो मनसाय हो । सबै लेखक तथा पाठकहरू एउटै थलोमा भेट हुने वातावरण अझै बनिसकेको छैन । हामीले त्यस्तो खालको वातावरण सिर्जना गर्न खोजेका हौं । हामीले हरेक महिनाको पहिलो वा अन्तिम शनिबार एक पटक नियमित भेटघाट गर्ने नियम बनाएका छौं । लेखनमा सक्रिय हुन चाहनेहरूलाई प्रोत्साहित गर्ने प्रयासमा छौं । कतिपय युवाले मनका कुराहरू फेसबुकमा पोस्ट गरिरहेका हुन्छन् । उनीहरूलाई म लेखक बन्न सक्छु भन्ने जानकारीसम्म हुँदैन । हामी त्यस्ता युवाहरूलाई भेट्छौं । उनीहरूलाई आवश्यक परामर्श दिने, थप लेख्न ऊर्जा प्रदान गर्ने तथा प्रकाशकसँग भेट्टाइदिने काम गर्छौं । राष्ट्रिय युवा साहित्य परिषदमा आबद्ध जुनसुकै व्यक्ति पनि ४५ वर्ष पुगेपछि अवकाश लिनैपर्ने नियम लागू गरेका छौं । हामी एक-अर्काको रचना पढेर सुझाव, सल्लाह दिने, आफूले पढेका पुस्तक तथा अन्य विषयवस्तुमाथि छलफल तथा बहस गर्छौं ।

**अश्विनी कोइराला, अध्यक्ष**
**राष्ट्रिय युवा साहित्य परिषद्**

गजल

## फूलको मारमा छु



सुरेश वाग्ले

फूलमा होइन म कतै झारमा छु,
यस्तै छ जिन्दगी हतारमा छु ।

रम्दै छ दुनियाँ खुसीमा जम्दै छ,
बेखबर छु म कुन संसारमा छु ।


न हिँड्न सक्छु म, न सुस्ताउन
के गर्नु खुकुरीको धारमा छु ।

धेरै भो दोबाटो ढुकेर बसेको,
यता जाऊँ कि उता विचारमा छु ।

खेलको नतीजा आउला-नआउला
जितेर पनि म हारमा छु ।

काँडाहरू सजिलै पन्छाएँ,
कोमल फूलको मारमा छु ।

भनिदे ए दुनियाँ मेरा बारेमा,
थाहाँ छैन कस्तो आकारमा छु ?



## झापामा कला-साहित्य उत्सव-२०७५

रिर्डस झापाको आयोजनामा 'कला साहित्य उत्सव-२०७५' यही फागुन १८ देखि २० गतेसम्म सञ्चालन हुँदैछ । झापाको मेचीनगर-६, काँकडभिट्टामा हुन लागेको कला साहित्य उत्सवमा यसपाली १४ वटा प्यानल डिस्कसन हुनेछ जसमा महेन्द्र पि लामा, प्रदिप गिरी, खगेन्द्र संग्रौला, सिके लाल, नयनराज पाण्डे, सुप्रिया मानन्धर, हरि शर्मा, अर्चना थापा, डम्बर चेम्जोङ, श्रद्धा घले, नारायण वाग्ले, विष्णु सापकोटा, विश्व पौडेल, अमिना सिंह आदिको विचार सुन्न सकिनेछ । आयोजकहरूका अनुसार यो उत्सवमा कला, साहित्य, संस्कृति, अर्थराजनीति, सार्वजनिक चर्चाका विषय, सञ्चार एवं पर्यावरणजस्ता विषयमा छलफल गरिनेछ । विद्यार्थी, लेखक, साहित्यअनुरागी सबैका लागी यो उत्सब फलदायि हुने आयोजकहरूको विश्वास छ । उत्सबमा कला प्रदर्शनी, प्रत्यक्ष चित्रकला, आर्ट क्विज, फोटो प्रदर्शनी तथा नाटक मञ्चन पनि समेटिएका छन् ।

art & literature festival
कला साहित्य उत्सव
चौथो संस्करण

# पुरानो ज्याकेट

दिनेश वशिष्ठ भट्टराई

यस्तो जाडो छ, जैले त्यही बुनुवा स्वेटर मात्रले कसरी चल्छ ? धुनु पनि पर्ला नि ? एउटा ज्याकेट किन भन्दा मान्ने होइन । बिरामी पर्‍यौ भने आफै थाहाँ पाउला । '

दुई जना छोरा सँगै अगेनाको डिलमा बसेको रामेलाई उसकी बूढीको मायालु धम्की थियो यो । दिनभर कालिमाटीमै तरकारीको भारी बोक्ने रामे गुन्द्रुक उमाल्दै गरेको आगोको राप लिँदै छ । बूढीको मन बुझाउन भोलि किन्नै पर्ने भो, नत्र यही जाडोले लैजान्छ जस्तो छ भन्दै बूढीलाई खाना पस्किने इसारा दिन्छ ।

'कहिले-कहिले त कुखुराको खुट्टा भे'नि उमाल्ने गर्न फेउरी, जैले यहि नुनमात्रको झोल, ' रामे मुख बिगार्दै बोल्छ ।

'खायौ कुखुराको खुट्टा । बिना पैसा आउने त्यही छालाबाहिर र भुँडीभित्रको मात्र हो । खान्छौ भने भोलि ल्याइदिउँला, ' रामेकी बूढी च्याँट्ठिन्छे ।

'राम्रो मुखले दिए त यही नि मीठो लाग्थ्यो नि । राँण जहिले काली इत्रिएजस्तै गर्छे । ' रामे खाना मुखमा राख्दै बोल्छ ।

रात सिरकको तातोले भन्दा पनि एक एर्कोको सामीप्यको तातोले नै बिताउँछन् उनीहरू ।

बिहानै रामे कालीमाटीतिर जान तयार हुँदै छ । 'आज नभुल्नु नि ज्याकेट ल्याउन, ' भित्रबाट बूढीको आवाज सुन्यो । 'फेरि साइत बिगार्न बासी बिहान-बिहानै, ' रामे बाटो लाग्यो ।



प्राय: न्युरोडतिरै भारी बोक्छ रामे । भारी बोकुन्जेल शरीर ताते पनि बेलुकी चिसो पसिनाले मुटु कमाउँछ उसको । आज सदाभन्दा धेरै कमाइ भएको छ, त्यसैले ज्याकेट किन्ने सोची रामे न्युरोडकै पसलमा छिर्छ । सधैं उनीहरूकै सामान बोक्ने, त्यसैले सस्तो पाउने आसमा । 'टिमीलाई चिनेको भे'र माट्र हो डाजु, नट्र ३ हजारमा बेच्ने माल हो, ' पसलेले रामेलाई गुन लगाउँदैछ । २ हजार रुपैयाँभन्दा कमको ज्याकेट नै देख्दैन ऊ ।

खल्तीमा दिनभरिको कमाइ हेर्छ, जम्मा १ हजार छ ।

रामे अमिलो मन पार्दै पसलबाट निस्किन्छ । फर्कंदै गर्दा RNAC अघाडिको सडकपेटीमा केटाकेटीको कपडा ३ सय मात्र भन्दै कराउँदै गरेको सुन्छ । झर्लक्क छोराहरू सम्झिन्छ अनि त्यहींबाट ६ सय रुपैयाँमा दुई भाइ छोरालाई कपडा, बूढीका लागि एउटा ट्राउजर र टोपी ३ सय रुपैयाँमा किनिदिन्छ अनि खल्तीमा बचेको १०० रुपैयाँको कुखुराको खुट्टा खाने सोच बनाउँदै आफ्नै खोपीतिर लम्कन्छ ।

छोराहरू खुसी छन् अनि बूढी पनि फुरुङ्ग छे, तर बूढी कराउदै भन्छे, 'थोरै ठूलो भएर के हुन्थ्यो र ? ल्याएको भे त हुने नि । '

बूढीको कुरा नसुनेजस्तै गरिदिन्छ रामे । बूढी अनि छोराहरू अगेनो डिलमै छन्, तर रामे अलि टाढा बसेको छ । बजार महँगी अनि आफ्नो कमाइ र हुर्कंदै गरेका छोराहरूको भविष्यको पिरलोले उस्को मन भत्भति पोलेको छ ।

सन्चो छैन र ? किन झोक्राएका छौ ? बूढीले सोध्दै छ तर रामे भोक लागेको कुरा गर्दै कुरा अन्तै मोडिदिन्छ । कुखुराको खुट्टा र नयाँ लुगा पाएर छोराहरू दंग परी सुतिसके । बूढी पनि त्यही टोपी लगाएर सुतेकी छ अनि रामे त्यहीँ ज्याकेटको मूल्य सम्झिँदै ।

रामेलाई ज्याकेट साच्चिकै तातो भएको छ । 'मूल्यले त यति तातो दियो, अझै लगाको भए त म जल्ने नै थिएँ होला । धन्य प्रभु मैले लगाउन परेन । ' मनमनै यस्तै सोच्दै अँध्यारोमै खिस्स हाँस्छ, मात्र आफूले चाल पाउने गरी ।

भुसुक्क निदाएका छोराहरू माथिबाट हात लम्काउँदै बूढीको गाला मुसार्छ । बूढीले पनि न्यानो इसारा स्वीकार गर्दै रामेलाई सुमसुम्याउँछे । दुवै जना त्यही पुरानो मायाको ज्याकेटभित्र गुँडुल्की पर्छन् । चिसो अँध्यारोमै खेल्दै छ अनि जाडो भगाउँदै छ उनीहरूको माया !

अपराध

# नक्कली नोट छाप्ने जोडी

राजाराम पौडेल

नक्कली नोट छापेर कारोबार गर्ने एक जोडी युवा-युवतीपोखरामा पक्राउ परेका छन् । हेटौंडा, मकवानपुर घर भै पोखरा महानगरपालिका-५, पर्स्याङमा डेरा गरी बस्ने ३२ वर्षीय नरेश लामा तथा २५ वर्षीया सरस्वती बलामी पक्राउ परेका हुन् । उनीहरू माथि नक्कली नोट छपाइ तथा कारोबार गरेको आरोप छ । पक्राउ परेका उनीहरूले प्रहरीसँगको आफ्नो बयानमा पोखराका विभिन्न स्थानमा रिचार्ड कार्ड तथा अन्य सामग्री नक्कली नोट नै प्रयोग गरी खरिद गर्ने गरेको बताएका छन् । अर्मला, पोखराका किराना पसलहरूमा नक्कली नोट दिँदै रिचार्ज कार्ड लिएर फरार भएको सूचनाका आधारमा अनुसन्धान गरी उनीहरूलाई पक्राउ गरिएको कास्कीका प्रहरी प्रमुख एस.पी. ओमबहादुर रानाले बताए । उनीहरूलाई खोटा मुद्रासम्बन्धी मुद्दामा कास्की जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ ।

उनीहरूले चलनचल्तीमा रहेको नोटलाई स्यानिङ गरेर प्रिन्टर मार्फत प्रिन्ट गर्ने गरेको प्रहरीसमक्ष बताएका छन् । 'सक्कली नोट स्यानिङ गरी त्यसैबाट धेरै कपी प्रिन्ट गरी प्रयोग गरिएको पाइएको छ,' प्रहरी स्रोतले भन्यो । उनीहरूको सम्बन्ध नक्कली नोटका अन्य कारोबारीसँग छ कि छैन भन्ने विषयमा अनुसन्धान भैरहेको प्रहरीले जनाइएको छ । दुवैको बैक खाता भएको तथा एकै ठाउँमा बस्ने भए पनि केटाले केटीको बैंक खातामा आइएमइमार्फत पटक-पटक पैसा पठाएको पाइएको प्रहरी स्रोतले जनाएको छ । लिविङ टुगेदरमा बसे पनि उनीहरू वैधानिक रूपमा श्रीमान्-श्रीमती नभएको प्रहरीले बतायो । हेटौंडा-९ का नरेश तथा हेटौंडा-१ की सरस्वतीको भेट फेसबुकमार्फत भएको थियो भने डेढ वर्षदेखि उनीहरू अफेयरमा थिए ।

हालसम्म झन्डै २ सय ठाउँमा पुगेर नक्कली नोट मार्फत कारोबार गरेको उनीहरूले स्वीकार गरेका छन् । दिनमा झन्डै १० देखि १५ वटा नोट साट्ने उनीहरूले बताए । उनीहरू मोटरसाइकलमा चढेर विभिन्न ठाउँमा पुग्थे । उनीहरूले प्रयोग गरिरहेको डुक मोटरसाइकल ग्लोबल रिकन्डिसन नयाँबजारबाट खरिद गरेका हुन् । उनीहरूले झन्डै ५ लाख रुपैयाँ जति नक्कली नोट बजारमा पठाइसकेको बताए पनि प्रहरीले ९ लाख रुपैयाँजति नक्कली नोट बजारमा पठाइसकेको अनुमान गरेको छ । विदेश जाने लक्ष्यका साथ टोफेल-आइएलटिएस पढ्न पोखरा आएको उनीहरूले बताएका छन् । यो जोडी नक्कली नोट, नोट प्रिन्ट गर्ने प्रिन्टर तथा अन्य सामग्री सहित पक्राउ परेको हो ।



### घटना विवरण

पक्राउ परेका दुवै जना हेटौंडाका भए पनि उनीहरूको चिनजान फेसबुक मार्फत भएको थियो । नरेश लामा विवाहित हुन् भने सरस्वती अविवाहित । उनीहरू विस्तारै प्रेममा परे । प्रेममा परेपछि उनीहरूको सपना अष्ट्रेलिया जाने र त्यहि सेटल हुने थियो, तर विदेश जान सहज भने थिएन । उनीहरूलाई आर्थिक समस्या समेत थियो । उनीहरू अस्ट्रेलिया जाने तयारी कक्षा लिने योजना सहित २०७५ साल पुस २७ गते पोखरा पुगेका थिए । ३ दिन लेकसाइडको होटलमा बसेका उनीहरू त्यसपछि पोखरा-५, पर्स्याङमा कोठा भाडा लिएर बस्न थालेका थिए । त्यहाँ उनीहरू एक-अर्कालाई श्रीमान्-श्रीमती कै रूपमा चिनाउँथे । यही क्रममा उनीहरूलाई आफ्नो दैनिक खर्च जुटाउन समस्या देखिएपछि नक्कली नोटको बारेका समाचार पढेका उनीहरूले नक्कली नोट छाप्ने र खर्च जुटाउने योजना बनाए । उनीहरूले युट्युब मार्फत नोट छाप्ने विधिसम्बन्धी जानकारी लिएका थिए भने नक्कली नोट प्रिन्ट गर्न आवश्यक पर्ने प्रिन्टर पोखराको भाटभटेनी डिपार्टमेन्ट स्टोरमा किनेका थिए । त्यसपछि आफू बस्ने कोठामै ल्यापटप, कलर प्रिन्टर, फोटोकपी पेपर, कैची, गम आदि प्रयोग गरी नक्कली नोट बनाउन थालेका उनीहरूले त्यसपछि नक्कली नोटको कारोबार गर्न थाले । उक्त नोट बजारमा पठाउन उनीहरूले रिचार्ज कार्ड किन्न थाले । एनसेल तथा नेपाल टेलिकमका १ सय तथा ५० रुपैयाँका रिचार्ज कार्ड किन्दा पसलेलाई १ हजारको नक्कली नोट दिन्थे । उनीहरूले कैयौं पसलमा त्यस्तै प्रक्रिया दोहोऱ्याउँदै आएका थिए । कारोबार गर्दा उनीहरूको रोजाइमा बालबालिका, महिला, वृद्धवृद्धा भएका पसल, साँझको समय तथा ग्रामीण एरिया पर्थे । रिचार्जकार्डका अतिरिक्त आफूलाई आवश्यक पर्ने अन्य सामग्री किन्दा उनीहरू यस्तै प्रक्रियामार्फत कारोबार गर्थे । यसै क्रममा माघ २२ गते पोखरा महानगरपालिका वडा नम्बर १६ अर्मला स्थित गुरुङ किराना पसलमा उनीहरूले १ सय रुपैयाँको एनसेलको रिचार्जकार्ड किनेका थिए । पसलेलाई एक हजारको नक्कली नोट दिएर ९ सय फिर्ता लिई उनीहरू त्यहाँबाट निस्किएका थिए । गुरुङ किराना पसलमा दिएको नोट नक्कली भएको थाहा पाएपछि पसलेले वडा प्रहरी कार्यालय वगरमा फोन गरी जानकारी दिए । त्यसपछि प्रहरी निरीक्षक दीपक थापाको नेतृत्वमा प्रहरी अर्मला पुग्यो । गुरुङ किराना पसलबाट केही जानकारी लिएपछि प्रहरी आसपासमा अन्य पसलमा समेत सोधपुछ गरेको थियो । एक जोडी युवा-युवतीले मोटरसाइकलमा आएर कारोबार गरेको भन्ने कुरा थाहा पाएपछि प्रहरी अर्को पसलमा पुग्दा मोटरसाइकलको नम्बर समेत खुल्यो । उनीहरू ग १४ प ३५४ नम्बरको डुक मोटरसाइकलमा आएका थिए भन्ने कुरा थाहा पाएपछि प्रहरीले अनुसन्धान अघि बढायो । अनुसन्धान गर्दै जाँदा प्रहरीले फागुन ६ गते पोखरा-५, पर्स्याङमा डेरा नक्कली नोट बनाइरहेको अवस्थामा उनीहरू दुवै जनालाई पक्राउ गरेको हो ।



# दशवर्षपछि अभियुक्त पक्राउ

अनिल श्रेष्ठ

पैसा भनेपछि महादेवका पनि तीन नेत्र भनिन्छ । त्यसमाथि मति बिग्रिएपछि कसैको केही लाग्दो रहेनछ । यस्तै उखानलाई चरितार्थ गर्दै चिनजानकै एक शिक्षकले आफ्नै गाउँले युवाको विभत्स हत्या गरेको खुलासा भएको छ । झापाको अर्जुनधारा नगरपालिका-२ का ४३ वर्षीय शरण भट्टराईले सोही ठाउँ घर भै बिर्तामोड नगरपालिका-४ बस्दै आएका २७ वर्षीय दीपक पाण्डेको १० वर्ष अघि हत्या गरेका हुन् । रसायन शास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरेर पोखरामा अध्यापन गराउँदै आएका भट्टराईले कार लुट्न फिल्मी शैली अपनाएका थिए । प्रहरीले हत्याको आरोपमा भट्टराईलाई फागुन ७ गते काँकरभिट्टाबाट पक्राउ गरेको थियो । भट्टराईलाई सार्वजनिक गर्दै मोरङ प्रहरी प्रमुख एसपी मनोजकुमार केसीले भट्टराईले २०६५ चैत ३१ गते बेलबारी नगरपालिका-१० स्थित पूर्व-पश्चिम राजमार्गको भाउन्नेमा पाण्डेको हत्या गरेको बताए ।

पैसाको चरम अभाव भएपछि कार लुटेर बेच्ने उद्देश्यले हत्या गरिएको अहिलेसम्मको अनुसन्धानबाट देखिएको एसपी केसीले बताए । 'योजनाबद्ध रूपमा अभियुक्त भट्टराईले पाण्डेको हत्या गर्ने योजना बनाएको देखियो,' एसपी केसीले भने, 'घटना भएकै दिन प्रहरीले दक्ष अनुसन्धान टोली बनायो । सूक्ष्म रूपमा गरिएको अनुसन्धानपछि हत्यामा संलग्न अभियुक्त पक्राउ परे ।' 'घटना जतिसुकै पुरानो भए पनि सूक्ष्म तरिकाले अनुसन्धान गरी अपराधीलाई पक्राउ गर्न प्रहरी लागिपरेकै हुन्छ । लामो समयको अनुसन्धानपछि सफलता मिलेको छ,' एसपी केसीले भने, 'विभत्स र ठूला खालका घटनालाई प्रमाणसँग जोड्दै जाँदा हत्यारालाई लामै समयपछि पक्राउ गरेका हौं ।' 'सुरुमा त यति बौद्धिक व्यक्तिले हत्या गरे भनेको सुनेरै हामी आश्चर्यचकित भयौं,' उनले भने, 'अनुसन्धान गर्दै जाँदा वास्तविकता पत्ता लगाउन सकियो ।'

### यसरी भयो हत्या

पाण्डेको हत्या गर्ने अभियुक्त भट्टराई पोखरास्थित दुईवटा शैक्षिक संस्थामा पाँच वर्षदेखि अध्यापन गराउँदै आएको प्रहरीले जनाएको छ । पाण्डे र भट्टराईबीच सामान्य चिनजान थियो । कलेज बिदा भएकाले भट्टराई आफ्नो घर झापा आएका थिए ।

घरमा एक दिन बसेपछि मृतक पाण्डेसँग भट्टराईको मोबाइलमा सम्पर्क भयो । भट्टराईले इटहरी बजार घुम्न जाउँ भन्दै पाण्डेसमक्ष प्रस्ताव राखे । गाउँको चिनेजानेको मान्छे भएकाले हुन्छ भन्दै पाण्डेले उक्त प्रस्ताव सहज रूपमा स्वीकार गरे । त्यसपछि दुवै जना मृतक पाण्डेको कारमा बसेर बिर्तामोडबाट इटहरीतर्फ हिंडे । त्यतिबेला गर्मी मौसम थियो । मोरङको पथरीबजार आइपुग्दा भट्टराईले गर्मी भयो भन्दै कोक खाऔं भन्दै झोलाबाट भट्टराईले २ सय ५० मिलिलिटरको दुईवटा कोक निकाले अनि ५ वटा स्लिपिङ ट्याब्लेट मिसाइएको कोकाकोला पाण्डेलाई दिए । ट्याब्लेट नमिसाइएको कोक आफूले खाए,' अनुसन्धानमा संलग्न इलाका प्रहरी कार्यालय बेलबारीका प्रमुख इन्स्पेक्टर रामकुमार राईले भने, 'कोक खाएको आधा घण्टापछि कानेपोखरीको चिसाङ खोला आइपुग्दा पाण्डेलाई रिङटा लाग्यो । पाण्डेले सवारी चलाउन सक्दिन भने । म ड्राइभ गर्छु भन्दै भट्टराई अघि सरे । त्यसपछि कानेपोखरीदेखि भाउन्नेसम्म करिब ३ किलोमिटर भट्टराईले कार चलाए । घना जङ्गल र सुनसान स्थल देखेपछि भट्टराईले भाउन्नेको जंगलमा कार रोके । त्यतिबेलासम्म पाण्डे बेहोस भैसकेका थिए । त्यसपछि भट्टराईले गाडीभित्र रहेको दाउले पाण्डेको घाँटीमा २ पटक प्रहार गरे । पाण्डेको प्राण त्यहीं गयो । उनले त्यहीं नजिकैको जङ्गलमा शव फाले । त्यसपछि को १ च ३८५० नम्बरको त्यही कार लिएर भट्टराई पोखरा हान्निए ।'

### लुटेको कार ६५ हजारमा बिक्री

हत्या गरेको भोलिपल्ट भट्टराई आफैले कार चलाएर पोखरा गएको एसपी केसीले बताए । 'पोखरास्थित हीरा मोटरपार्ट्स एन्ड ग्यारेजका सञ्चालक पोखरा-९ का हीरा गिरीलाई ६५ हजार रुपैयाँमा कार दिएछन्,' एसपी केसीले भने, 'पैसा आवश्यक भयो । पैसा लिएपछि भट्टराई भारततर्फ लागे ।' प्रहरीका अनुसार पाण्डेको हत्या भएको घटना विभिन्न सञ्चारमाध्यममा आएपछि पक्राउ पर्ने डरले भट्टराई पोखराबाट भारततर्फ फरार भए ।

'भट्टराई २०६६ वैशाख २ गते पोखरास्थित आफ्नो कोठामा भएको बहुमूल्य सामानसमेत त्यही छोडी श्रीमती र एक छोरा लिएर भारतको तीनसुकिया आसाम गएको प्रारम्भिक अनुसन्धानबाट देखियो' एसपी केसीले भने, 'केही वर्ष त्यहाँ बसे । त्यसपछि भट्टराई भारतको दार्जीलिङ जिल्लाको पानीट्याङ्की तथा काकडभित्ताको सीमावर्ती क्षेत्रमा बस्दै आएका थिए ।'

### १० वर्षपछि यसरी पक्राउ परे

हत्या गरेको दुई दिन पछि भारततर्फ फरार भएका भट्टराईलाई प्रहरीले पक्राउ गर्न समस्या भएको थियो । प्रहरीले उनको निगरानी भने गर्दै आएको थियो । भारतमा बस्दै आएका कारण भट्टराईलाई पक्राउ गर्न नसकिएको र नेपाल आएको मौका छोपेर पक्राउ गर्न प्रहरी लागि परेको बताइन्छ । भारतको पानीट्याङ्कीबाट झापाको काँकडभिट्टा आएका बेला भट्टराईलाई गत फागुन ७ गते इलाका प्रहरी कार्यालय बेलबारीका इन्स्पेक्टर रामकुमार राईको नेतृत्वमा खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो ।

जनताको विचार

# एयरपोर्टमा सामान ल्याउन गरिएको कडाइ कस्तो लाग्यो ?



नेपालमा नियम-कानुनलाई सजायका रूपमा लिइन्छ, यस्तो नियम-कानुन त सबै देशमा हुन्छ, मात्र कुन सामान कति परिमाणमा ल्याउन पाइने भन्ने हो ।

**विकास श्रेष्ठ**

सकारात्मक रूपमा लिऊँ भने त्यो बढी भा'को सामान पुलिस र कर्मचारीले आपसमा बाँडछन्, होइन भने कता जान्छ त्यो भन्दिनुपऱ्यो । विदेशको एयरपोर्टमा सामान बढी नहुने, नेपाल आएपछि एकाएक बढी र गैरकानुनी हुने ? एयरपोर्टबाट सामान चोरी भएको समाचार बेला-बेलामा आइरहेको हुन्छ, बरु त्यसमा कडाइ गर्नुपऱ्यो । खोइ त आजसम्म सामान चोरी गर्ने एयरपोर्टका कर्मचारीलाई कारबाही भयो भन्ने सुनिएको छैन क्यारे !

**माधव बन्जाडे**

आफ्नो मेहनतको कमाइले घरपरिवारका लागि सामान त ल्याउन पाउनुपऱ्यो नि । लुट्-चोरेको भए छुट्टै कुरा, यदि तोकिएको मापदण्ड भन्दा बढी ल्याइएको छ भने पनि कर तिरेर भित्र्याउन दिनुपर्छ, जफत गर्नु भनेको त लुट अनि दादागिरी होइन र ?

**लाल थापा**

नियम हुनु र त्यो नियम लागू हुनु राम्रो हो तर सानालाई ऐन ठूलालाई चैन हुनु भएन ।

**सुदीप अर्याल**

ठूला माछा छोडेर भुरा माछा समात्ने काम बन्द गरियोस्, जनताको गुनासो यही हो ।

**प्रेम पोर्तेल**

यो नियम श्रम गर्न विदेश गएका नेपालीलाई होइन, भिजिट र व्यापारका लागि विदेश जानेहरूमा लागू गर्नुपर्छ । छाक टार्न विदेश गएकाले त्यस्तो अवैधानिक सामान के नै पो ल्याउँछन् र ? तर यहाँ ठिक उल्टो हुन्छ- क्विन्टलका क्विन्टल सुन त्यहींबाट तस्करी हुन्छ तर श्रमिकले आफन्तका लागि भनेर ल्याएको उपहार जफत गरिन्छ ।

**गणेश**

मैले त खासै नकारात्मक रूपमा लिएको छैन यसलाई । एक-एक थान ल्याउन दिएकै छ त । किन तोकिएको भन्दा बढी सामान ल्याउन मरिहत्ते गर्नु ? सबैथोक नेपालमै पाइन्छ । फेरि मानिसको रोइकराइ भनेको अरुमा छैन, रक्सीमै छ । विदेशमा कमाएको पैसा नेपालमै खर्च गर्नु उपयुक्त होइन र ?

**अमन लिम्बू**

बढी सामान नलगे कसैलाई भावनात्मक अनि आर्थिक क्षति पुर्दैन भने निषेध नगरिएका सामान बढी ल्याउन चाहे सामानको भन्सार तिरेर बिना झन्झट ल्याउन सकिन्छ ।

**पवन घिमिरे**

आफ्ना जनतालाई पूर्ण रूपमा सूचना दिनुपर्छ । कुन सामानमा कति कर तिर्नुपर्छ भन्नुपर्छ । त्यसपछि कडाइ गर्नु ठीक हो तर मनपरी कडाइ र कर्मचारी मोटाउने शैली ठीक छैन ।

**बीडी**

एयरपोर्टमा कडाइ गरेको त राम्रो हो, तर ३३ किलो सुन भित्रिन सक्ने एयरपोर्ट, नेपालको एयरपोर्टबाट हात्ती भित्र्याउन सक्छु भन्ने चार्ल्स शोभराजको भनाइलगायत थुप्रै कान्डले बदनाम भएको छ । पहिले जनतालाई विश्वास दिलाउन सक्नुपऱ्यो नि ! यो सोझासाझालाई मात्र नभएर नेतादेखि तस्कर सम्मका लागि हो भनेर, अन्यथा यी सब कदम बकबासमा मात्र सीमित हुन्छन् ।

**नवराज भुसरी**

आज यो देशको काम गर्न सक्ने उमेर समूहका लगभग ४० प्रतिशत मानिस भारत लगायत तेस्रो देशमा छन्, तिनैले ल्याएको रेमिटेन्सबाट देश चलेको छ, मेरो विचारमा तिनिहरूले आफ्नो घरका लागि ल्याउने २/३ वटा मोबाइल, २/४ जोर कपडा, ३/४ वटा ज्याकेट, जुत्ता आदिमा आँखा गाड्नु हुँदैन । सुन र कानुनी रूपमा निषेध नगरिएका सामानमा सरकार लचिलो हुनैपर्छ ।

**रामचन्द्र रानाभाट**

व्यक्तिगत हितका लागी हो भने ल्याउन दिनुपर्छ, समग्र देशका लागि सोच्ने हो भने ल्याउन दिनु हुँदैन । कडाइ गरिएका रक्सीजन्य पदार्थ एवं इलेक्ट्रिक सामानमा हो जुन नेपालमै किन्न सकिन्छ, केही महँगो पर्ने मात्र हो । विदेशमा दुःख गरेको पैसा विदेश मै सकियो भने देश कहिले सबल हुने ?

**भिमेस केसी**

एयरपोर्टका कर्मचारीले तलबमा मात्र काम गर्न थालून् । यात्रुको समान नहराओस अनि सुन तस्करहरूलाई सजाय होस् । त्यस्तो स्थितिमा विदेशमा काम गरेर फर्कनेहरूले पनि आफूले ल्याएको समानको भन्सार तिर्दा दुःख मान्ने छैनन् ।

**जीवन्द्र गैरे**

यो त विदेश गएर काम गरेकाहरूको खुन-पसिनाको कमाइ लुटेर कर्मचारीहरूलाई पोस्ने बाटो मात्र हो । यस्तो नियमले न देशलाई राम्रो हुन्छ न त जनतालाई नै ।

**यज्ञ भण्डारी**

टनका टन सुन आउँदा नदेख्ने सरकारले बिदेसिएका युवा-युवतीले व्यक्तिगत प्रायोजनका लागि ल्याउने सामान्य समान जफत गर्ने रे । वा ! हामी नेपालीले क्या गजबको सरकार पायौं ।

**सोमु**


## नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना



CTEVT बाट मान्यता प्राप्त २४ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरूमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरूका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।

* * * * * * * * * * * * * * * * * * * * * * * * * *

नोटः यू. के., अमेरीका, अष्ट्रेलीया, युरोप तथा अन्य देशहरूमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरूका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,
ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: ९८६४२५१९८८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: ९८६४२५१७६, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-५२४९८१, बाग्लुङ: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९


# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

## यो साता

फागुन १८ गते
विजया एकादशी
फागुन १९ गते
विश्व वन्यजन्तु दिवस
फागुन २० गते
महाशिव रात्री, नेपाली सेना दिवस

### मेष

राजनीति तथा सामाजिक सेवातर्फ सक्रियता नदेखाउनुमै कल्याण छ । लगनशीलताका कारण ओझेलमा परेका कतिपय अवसर हात पार्न सकिनेछ । आफन्तजनबाटै झमेला-विवाद आइलाग्न सक्छ, सचेतना अपनाउनुहोला । साताको अन्त्यमा प्रेम जीवन सुखद रहनुका साथै भ्रमणमा रमाइनेछ ।

### वृष

प्रतिस्पर्धाबाट प्राप्त सफलताले चर्चा दिलाउनेछ । आफ्नो निर्णय क्षमताले विभिन्न अवसरको ढोका खोल्नेछ । नयाँ काममा लगानी गर्न मन उत्प्रेरित हुनेछ । अचानक प्रेम प्रस्ताव प्राप्त हुन सक्छ । हतारमा गरिएको कामले भने उल्टो परिणाम दिन सक्छ ।

### मिथुन

व्यवसायको सिलसिलमा विदेश यात्रा हुनसक्छ । फाइदामूलक काममा लगानी गर्ने अवसर जुट्न सक्छ । नयाँ कार्य प्रारम्भ गरी पर्याप्त धन आर्जन गर्न सकिनेछ । सुन्तला रंगको पहिरनका कारण आलोचकहरूसमेत लोभिनेछन् । बुधबारपछिका दिनमा काम सम्पन्न गर्न थप ऊर्जा मिल्नेछ ।

### कर्कट

साता मनोरञ्जक रहनेछ । वादविवादबाट भने टाढै रहनुहोला । अचानक साथीको मन परिवर्तन हुँदा आफूलाई मर्का पर्नेछ । इँटा रंग प्रयोगमा ल्याउन सके प्रायः काममा आकर्षणको केन्द्र भइनेछ । नातेदारहरूले लेनदेनमा ढिलाइ गर्दा व्यवहारिक कठिनाइको सामना गर्नुपर्ला ।

### सिंह

बिनायोजना महँगा सामग्री खरिद गर्दा अर्थ अभावले पिरोल्न सक्छ । प्रेमी-प्रेमिकासँगको उठबसलाई लिएर आलोचित भइनेछ । मित्रवर्गबाट आफूले अपेक्षा गरेको सहयोग सजिलै प्राप्त हुनेछ । साताको अन्त्यतिर दान-पुण्यमा सहभागी हुँदा परिवारकै कल्याण होला ।

### कन्या

आकर्षक पहिरनले अरूको मन लोभ्याउनेछ । पर्यटकीय क्षेत्रको काममा बढी आनन्द मिल्नेछ । योग तथा शारीरिक व्यायामका कारण मानसिक तनावबाट मुक्त भइनेछ । पारिवारिक सहयोगमा समस्याहरू पन्छाउन सकिनेछ । चिसोबाट जोगिने प्रयत्न गर्नुहोला ।

### तुला

परिणाममुखी कार्य सम्पन्न गर्न अझै केही समय कुर्नुपर्ने हुन्छ । सेतो रंगको प्रयोगले विशेष फाइदा दिलाउनेछ । परिस्थिति विचार गरी भावना मिल्ने साथीहरूसँग लगानी गर्न ढिला नगर्नुहोला । अचानक प्रेम प्रस्ताव प्राप्त हुन सक्छ । परिवारिक सुझाव अनुरुप निर्णय गर्दा धोका हुनेछैन ।

### वृश्चिक

कसैले आफूलाई भित्रभित्रै मन पराएको जानकारी पाइनेछ । अनुभवी ज्येष्ठ व्यक्तिको संगतले विभिन्न समस्या सुल्झाउन सकिनेछ । अर्काको बढी विश्वास गर्नाले गोप्य सूचना बाहिरिनेछ भने विभिन्न समस्या आइलाग्न सक्छ । राति अबेरसम्मको यात्राले फाइदा पुऱ्याउनेछैन ।

### धनु

अध्ययनका निम्ति विदेश जाने सोच छ भने अपेक्षाअनुरूपको नतिजा हात लाग्न केही समय कुर्नुपर्नेछ । आफूलाई मन पराएको प्रस्ताव प्राप्त भए पनि हतार नगरी निर्णय गर्नुहोला । आफ्नो पहिचानलाई धेरैले रुचाउनेछन् । साताको अन्त्यमा शारीरिक कष्टले सताउन सक्छ ।

### मकर

अन्योलका बीच सकारात्मक मार्ग पहिल्याउन सकिनेछ । उच्च ओहदाका व्यक्तिले आफ्नो कार्यलाई सकारात्मक रूपमा लिनेछन् । परिश्रमका बावजुद शिर तथा आखाँसम्बन्धी समस्याले सताउन सक्छ । धन खर्च हुने सम्भावना छ । घरायशी व्यवहारमा विशेष होस पुऱ्याउनुहोला ।

### कुम्भ

साथीहरूको भनाइमा भर पर्दा अवसरहरू फुत्किन सक्छन् । समयमै कार्य सम्पन्न गर्नुहोला । प्रेमी-प्रेमिकाबाट उपहार प्राप्त हुँदा हर्षले गद्‌गद भइनेछ । भोज-भतेरमा सहभागी हुँदा आफ्ना सरसामानप्रति निगरानी राख्नुहोला । तीव्र गतिमा सवारी साधन चलाउँदा सावधानी अपनाउनुपर्नेछ ।

### मीन

प्रेमी-प्रेमिकाबीचको योजना संकटमा पर्न सक्छ । अभिभावकहरूको सुझावअनुसार अघि बढ्दा समस्या निवारण हुनेछ । अर्काको देखासिकी नगरी आफ्नो हैसियत अनुरूप व्यवहार गर्नु मै आफ्नो हित छ । रातो रंगको प्रयोगले विविध अवसर नजिक पुऱ्याउन सहयोग गर्नेछ ।

डा. सुमनको सल्लाह



डा. सुमनराज ताम्राकार

# विवाहइतर सम्बन्धको समस्या



पछिल्लो तथ्यांकअनुसार नेपालमा महिलाको औसत तथा पुरुषको बढी उमेरमा विवाह भएको पाइएको छ। अर्को अध्ययनअनुसार कतिपय दम्पतीले विवाहपछि पनि विवाहेत्तर यौनसम्बन्ध राख्ने गरेका छन्। तीव्र सहरीकरण तथा विकसित मुलुकको देखासिकीका कारण नेपालमा पनि विवाहपूर्व तथा विवाहपश्चात् आफ्नै श्रीमान् वा श्रीमती बेगरका व्यक्तिसँग आपसी सहमतिमा सम्बन्ध राख्ने चलन बढ्न थालेको छ।

अधिकांश समुदायमा यस्तो कार्यलाई यौनिक विश्वासघात मानिएपनि परापूर्वकालदेखि विवाहेतर सम्बन्ध कायम थियो। पहिले यस्ता घटना गोप्य हुन्थे वा राखिन्थे वा त्यसलाई समाजमा स्वीकार गरिँदैनथ्यो भने हिजोआज मिडियाको सहज उपलब्धताले यस्ता घटना तुरुन्तै प्रकाशमा आउने गरेका छन्। त्यसैकारण पनि यस्ता घटना बढेका हुन् कि भन्ने आभास हुन्छ।

त्यसो त यौनकर्मीसँग, जबर्जस्ती यौनसम्पर्क तथा आधिकारिक (कानुनी वा सामाजिक रूपमा) विवाह नगरी सँगै बसी यौनसम्बन्ध राख्ने कार्य पनि विवाहइतर यौनसम्बन्ध नै मानिन्छ। तुलनात्मक रूपमा आर्थिक अवस्था राम्रो भएका, शहरी क्षेत्रका, वैदेशिक रोजगारीमा गएका, कार्यालयमा काम गर्ने (विशेषतः रात्री सिफ्ट गर्नुपर्ने), होटल एवं लामो रुटमा कार्यरत मजदुर वा तिनका श्रीमतीले अर्को व्यक्तिसँग यौनसम्बन्ध राख्ने गरेको तथ्यांकले इंगित गर्छन्।

वंशजको निरन्तरता एवं सामाजिक अनुशासनका लागि नेपाललगायत विश्वका अधिकांश देशमा संस्थागत तरिकाले विवाह गरिसकेपछि मात्र एकसाथ बस्ने, यौनसम्बन्ध राख्ने कार्यलाई सामाजिक मान्यता दिइएको छ। वैवाहिक जोडी बेगरको यौनसम्बन्धलाई निरुत्साहित गरिएको छ। कतिपय अवस्थामा कडा कानुनी प्रावधानसमेत छ, तथापि यस्तो कार्य जारी नै छ।


व्यक्तिपिच्छे यौनचाहना वा यौन सन्तुष्टि फरक-फरक हुने कारणले आफ्नो यौन असन्तुष्टि वा व्यक्ति विशेषको अन्तरनिहित समस्याको लक्षणका रूपमा विवाहइतरको समस्या उब्जिन्छ। त्यसैले सफल दाम्पत्य जीवनका बाबजुद पनि विवाहइतर सम्बन्ध हुन सक्छ, तर यौन नैराश्यता, पार्टनरको यौन भावनाको कदर नगरिँदा, प्रेमिल वातावरण एवं पाक्क्रीडामा समय नदिई केवल लैङ्गिक सम्पर्कमा मात्र केन्द्रित हुँदा, आफ्नो यौनचाहनालाई मात्र प्राथमिकता दिँदा, एकै जनाको यौनसम्बन्धलाई एकोहोरो (मोनोटोनस) मान्दा, पार्टनरहरूबीच यथेष्ट यौन वार्तालाप नहुँदा विवाहइतर सम्बन्धको समस्या सुरु हुन्छ। त्यसैले दाम्पत्य बीच मैथुनमा होइन सम्भोगमा जोड दिनुपर्छ भनिएको हो।

जे जति कारणले विवाहइतर सम्बन्ध स्थापित भए पनि यसका आ-आफ्नै स्वास्थ्य जोखिम छन्। यसमध्ये मुख्य जोखिम अनिच्छित गर्भ वा अप्रत्याशित गर्भाधान हो। यदि विवाहइतर यौनसम्बन्धका बेला गर्भ नरहने समयको ख्याल राखिएन वा सम्भावित गर्भको रोकथाम गरिएन भने अनिच्छित गर्भ रहन गै सामाजिक बेइज्जतीका साथै गर्भपतनका थुप्रै जटिलता उत्पन्न हुन सक्छन्। यसका साथै सुरक्षित सेक्समा ध्यान दिइएन भने एचआईभी/एड्स जस्ता अनेकौं यौनजन्य संक्रमण सर्न सक्ने सम्भावना पनि प्रबल हुन्छ।

कसैगरी विवाहइतर यौनसम्बन्धको घटना उजागर भयो वा जननेन्द्रिय विशेषमा कुनै चिनो रह्यो र त्यसको जानकारी आफ्नो वास्तविक पार्टनरलाई थाहा भयो भने यौनहिंसा, सम्बन्ध विच्छेद, हत्या, आत्महत्याजस्ता यौन अपराधका घटना हुन बेर लाग्दैन। यस क्रममा वास्तविक पार्टनर आवेशमा आई आफ्नै जीवनसाथीको यौन जननेन्द्रिय क्षत विक्षत पारिदिने, अङ्गभङ्ग गरिदिने, ज्यान लिने घटना यदाकदा सुनिँदै आएका छन्।

विवाहइतर सम्बन्धको सुरुवात यौन असन्तुष्टि नभै व्यक्ति विशेषको अन्तरनिहित समस्याको लक्षण पनि हो। त्यही भएर मनोगत यौन समस्या छ कि त्यसको खोज-पड्ताल गर्नुपर्छ। विवाहइतर यौनसम्बन्धले सफल दाम्पत्य जीवन बिताइरहेका व्यक्तिमै एकाएक परिवर्तन ल्याउन सक्छ। यस्तो शंकालु परिस्थितिमा वास्तविकता बुझ्ने क्रममा साधारण भनाभनदेखि घरेलु हिंसाका घटनासम्म हुनसक्छ।

विवाहइतरका सम्बन्ध कम गर्ने तथा त्यसलाई स्वस्थ्य बनाउने विभिन्न उपाय छन्। पहिलो कुरा त विवाहमा गरिएको वाचाअनुरूप पतिव्रता वा पत्नीव्रता (एक पति वा एक पत्नी) को नियम अङ्गीकार गर्नुपर्‍यो। यौन असन्तुष्टि छ भने आफ्नो यौनचाहना पूरा गर्न हस्तमैथुन, यौनिक खेलौनाजस्ता वैकल्पिक उपाय अपनाउन सकिन्छ। वास्तविक तवरमै अर्थात् शारीरिक सम्बन्ध नै राख्ने अपेक्षा वा चाहना छ भने सुरक्षित सेक्समा पर्याप्त ध्यान दिनु पर्छ। विवाहइतर सम्बन्धका कारण उत्पन्न समस्याको व्यवस्थापनका क्रममा दम्पतीलाई नै मानसिक तथा यौन परामर्शको आवश्यकता पर्न सक्छ। यस क्रममा तत्कालको संकट एवं क्रोध व्यवस्थापनका साथै शारीरिक हिंसा न्यूनीकरण प्रमुख कार्य हो। गल्ती गर्ने र भोगाइ सहने बीच आवश्यक प्रतिबद्धतासहित दाम्पत्य सम्बन्धलाई पुनः स्थापित गर्नेतर्फ सहायता गर्नुपर्छ।



# जान्नुपर्ने ६ कुरा

### ब्रेन गेम

हामीमध्ये धेरैजना यौनलाई शारीरिक क्रिया मान्दछौं, तर यसमा शरीरभन्दा बढी भूमिका मस्तिष्कको हुन्छ। मस्तिष्कको केही भाग यौन गतिविधिमा महत्वपूर्ण भूमिका हुन्छ। यहाँ अन्तरंग पहलहरूका लागि चाहना जन्मन्छ। यदि कुनै कारणवश यी भाग प्रभावित हुन्छ भने यसबाट व्यक्तिको यौनचाहना प्रभावित हुन्छ। यदि केही समयदेखि तपाईं पनि अन्तरंग पहलहरूबाट टाढा रहनुभएको छ र तपाइंको मन पार्टनरसित ती क्षण बिताउने चाहना गर्दैन भने चिकित्सकको सल्लाह आवश्यक हुन्छ।

### उमेरसित सम्बन्ध

प्रायः गरी बढ्दो उमेरसँगै यौन इच्छा घट्छ भन्ने आमधारणा पाइछ तर त्यसो होइन। कैयन अध्ययनबाट यो प्रमाणित भएको छ कि बढ्दो उमेरसँगै महिलाहरू अझ राम्रो सेक्स पार्टनर सावित हुन्छन्। तिनको फर्टिलिटी कम हुन्छ तर ती विशेष पलको चाहनामा कमी आउँदैन। विशेषज्ञहरूका अनुसार मेनोपजपश्चात् महिलाहरूमा गर्भ रहने डर समाप्त हुन्छ, जसका कारण उनीहरू अन्तरंग पललाई अझ राम्रोसँग इन्जोय गर्न सक्छन्।

### स्ट्रेट र सेक्स

तनावको प्रभाव महिला र पुरुष दुवैलाई फरक रूपमा पर्छ। तनावले महिलाको यौन जीवनमा नकारात्मक रूपमा प्रभाव पार्छ, जसका कारण उसको सम्बन्ध प्रभावित हुन्छ। यसैले स्ट्रेसबाट टाढा रहनु आवश्यक छ। स्ट्रेस कम गर्न दिनभरिमा कमसे कम एउटा काम आफ्नो रोजाइअनुरूपको गर्नु जरुरी छ। २४ घण्टामा केही समय मात्र आफ्ना लागि निकाल्नुपर्छ र इच्छाएको कुरा गर्नुपर्छ। आफू रिल्याक्स भए मात्र पार्टनरसितको अन्तरंग सम्बन्ध आनन्दमय हुन्छ।

### औषधिको प्रभाव

कैयौं पटक औषधिका कारण कामेच्छामा कमी आउँछ। यदि तपाईं कुनै रोगका कारण औषधि सेवन गर्दै हुनुहुन्छ र केही समयबाट अन्तरंग सम्बधको आनन्द महसुस नभएको जस्तो लाग्छ भने वा अन्तरंग सम्बन्धबाट चाहना हटेको महसुस हुन्छ भने यसबारे शीघ्र चिकित्सकसित सल्लाह लिनु जरुरी छ। यो औषधिकै प्रभाव भएकाले उक्त औषधि परिवर्तन गर्नु राम्रो हुन्छ। केही वर्थ कन्ट्रोलपिल्स, ब्लड प्रेसरको औषधिले पनि यौनप्रतिको रुचिमा नकारात्मक प्रभाव पार्छ। अतः चिकित्सकको सल्लाह जरुरी हुन्छ।

### डायटमा फोकस

केही यस्ता खानेकुरा हुन्छन् जसले तपाईंको मुड राम्रो गरी कामेच्छा बढाउँछ। जस्तै : स्ट्रबेरी, ब्लुबेरी, वाटरमेलन, एवोकाडो, चना, मह आदि। अतः आफ्नो बोरिङ यौन जीवनमा रोमाञ्चकता भर्न डायटमा यी खानेकुरा समाबेस गर्नु आवश्यक छ। सेक्स ड्राइभमा कमीलाई अधिकांश महिला गम्भीरतापूर्वक लिँदैनन्। यो समयसँगै आफैं सामान्य हुने कुरा होइन। अतः यसले वैवाहिक जीवनमा प्रभाव पार्छ। त्यसैले यस विषयमा सतर्क रहनु र समयमै उपचार गराउनु राम्रो हुन्छ।

### योग फोर सेक्स

योगले व्यक्तिलाई फिट एन्ड फाइन मात्र राख्दैन। केही पोजिसनले कामेच्छालाई पनि बढाउँछ। विज्ञहरूको सल्लाहअनुरूप केही विशेष योगाभ्यास गर्नु राम्रो हुन्छ, तर यसको निरन्तरता र नियमितताले मात्र प्रभावकारी परिणाम दिने कुरा बिर्सनु हुँदैन।

# चाहना बढाउने तत्व

निश्चित समय र निश्चित परिस्थितिमा महिला वा पुरुष दुवैमा यौनइच्छा हुनु स्वभाविक हो। कहिलेकाहीं विभिन्न कारणले यौनइच्छा नहुन सक्छ। अझ हाम्रो जस्तो पुरुषप्रधान समाजमा महिलाहरू दबाइएको अवस्थामा हुन्छन्। यी सबै कुराले गर्दा पुरुषको तुलनामा महिलामा कम यौनइच्छा देखा पर्न थालेको छ, तर विभिन्न अध्ययनले के देखाउँछन् भने यौनइच्छा कम भएका महिलाले आवश्यक मात्रामा केही पोषक तत्व खाए सामान्य अवस्थामा फर्कन सक्छन्।

### म्याग्नेसियम

म्याग्नेसियमले शरीरको मासुलाई दह्रो बनाउन र आनन्द प्रदान गर्न मद्दत गर्छ। प्रत्येक दिन ३ सय २० मिलिग्राम म्याग्नेसियमयुक्त खाना खाँदा थकानका कारण यौनसम्पर्क गर्न मन नलाग्ने समस्याबाट पार पाइने डाइटिसियन सिडी क्लिंगर बताउँछन्।

### भिटामिन डी

भिटामिन डीको कमीले शरीरका हड्डी कमजोर हुन्छन्। यसले महिलामा युटीआईमा पनि इन्फेक्सन हुन सक्छ। युटीआई इन्फेक्सन हुँदा तल्लो पेट दुख्ने तथा यौनइच्छा नहुने स्त्रीरोग विशेषज्ञहरू बताउँछन्। सुखमय यौनसम्पर्क चाहनेहरूले उचित मात्रामा भिटामीन डी सेवन गर्नुपर्छ।

### फाइबर

फाइबरले शरीरमा एस्ट्रोजनको श्रावमा मद्दत पुऱ्याउँछ। एस्ट्रोजन हार्मोनले महिनावारी हुनुअघिको पीडा कम गर्न मद्दत गर्छ। त्यसका साथै फाइबरले महिलाको पिसाबमा हुने खराबीलाई समेत कम गर्छ।

### क्याल्सियम, म्याग्नेसियम तथा भिटामीन सी

यी तीनवटै तत्वले मानिसमा हुने मानसिक तनाव कम गर्ने हार्मोन उत्पन्न गर्छन्। यी तत्वयुक्त खाद्य पदार्थ नियमित सेवन गर्दा पनि तनाव कम हुन्छ। बिहान उठ्नासाथ यी तिनै चिज मिसाएर एक चम्चा सेवन गर्नु उपयुक्त हुन्छ।


# प्रश्नमाथि प्रश्न

नेपाली क्रिकेटमा अब कहीं कतै निकै खराब स्थितिको उदाहरण दिनु पर्‍यो भने संजय श्रेष्ठको भनाइ उद्धृत गरिनेछ । काठमाडौं गोल्डेन्सका व्यवस्थापक संजयले भनेका थिए, 'फ्रेन्चाइज लिग हो, खेल्न मन लागे खेलिन्छ, मन लागेन भने खेलिँदैन ।' यसलाई हदसम्मको कुतर्कका रूपमा सम्झिइनेछ, किनभने उनले भने जस्तै हुने हो भने अब नेपालमा कुनै पनि प्रकारको प्रतियोगिता हुन सक्नेछैन । भए पनि त्यो पूरा हुन सक्दैन, कसैलाई के चित्त बुझ्दैन र टिमले प्रतियोगिता नै बहिस्कार गर्नेछ ।

धनगढी प्रिमियर लिगको तेस्रो संस्करण सम्पन्न भएको छ । यसअघिका प्रतियोगिताको तुलनामा यसपटकको डीपीएल केही विवादास्पद रह्यो । विवादको मुख्य बिन्दु थियो– काठमाडौं गोल्डेन्स । रमेश सिलवालको काठमाडौं गोल्डेन्सका कप्तान हुन्, ज्ञानेन्द्र मल्ल अनि प्रशिक्षक राजु बस्नेत । यी सबै नेपाली क्रिकेटका ठूला नाम हुन् । यद्यपि यही टिमले दोस्रो क्वालिफायर बहिस्कार गर्‍यो । काठमाडौंले महेन्द्रनगर युनाइटेडविरुद्धको निर्णायक खेल नै खेलेन ।

त्यसको नतिजा, महेन्द्रनगर फाइनलमा पुग्यो । काठमाडौंको यो कामले पूरा प्रतियोगिताको मज्जा किरकिरा पारिदियो, तर नेपाली क्रिकेट समर्थक अहिले बुझ्ने भैसकेका छन् र त्यसको उदाहरण हो– डीपीएलको फाइनल । सीवाईसी अत्तरिया र महेन्द्रनगरबीचको फाइनल हेर्न फाप्लाको मैदानमा खचाखच दर्शक थिए । कसैलाई पनि काठमाडौंको बहिस्कारका सम्बन्धमा सोच्ने फुर्सद भएन ।

फाइनलसम्म पुग्दा काठमाडौंको बहिस्कार सबैले बिर्सिसकेका थिए, फाइनलमा कसैले काठमाडौंको कमी महसुस गरेनन् । बरु फाइनल गज्जबको रह्यो जसमा अत्तरिया ३ विकेटले विजयी



भयो । पहिले ब्याटिङ गरेको महेन्द्रनगरले १ सय २४ रनको लक्ष्य तय गरेको थियो । त्यसलाई अत्तरियाले १९ दशमलव ५ ओभरमा पूरा गर्‍यो । फाइनलमा हुनु पर्ने सबै रोमाञ्चक कुरा उक्त खेलमा थियो । त्यसैले पनि काठमाडौंको बहिस्कार ओझेलमा पर्‍यो ।

काठमाडौंको बहिस्कारले अनेकन प्रश्न भने उठाएको छ । पहिलो प्रश्न, काठमाडौंले किन बहिस्कार गर्‍यो ? टिम मालिक सिलवालका अनुसार यसको मुख्य कारण, भारतीय खेलाडी अंकित दवासमाथि लागेको बलिङ प्रतिबन्ध नै हो । उनीहरूको दाबी छ– अंकितमाथि यसरी प्रतिबन्ध लगाउन पाइँदैन, उनी भारतको माथिल्लो स्तरमा खेलिसकेका खेलाडी हुन् । काठमाडौंले प्रतियोगितामा तय गरेको यात्राका क्रममा एक प्रकारले अंकित नै निर्णायक खेलाडी थिए ।

उनलाई प्रतिबन्ध लगाउने काम प्रतियोगिताको प्राविधिक कमिटीले गरेको थियो । त्यसका प्रमुख तथा अन्तर्राष्ट्रिय रेफ्री बुद्धि प्रधानका अनुसार अंकितको डेलिभरी एक्सन नै गलत छ । यस विषयमा कमिटीले काठमाडौंलाई पनि जानकारी दिएको थियो, तर टिमले उनलाई लगातार खेलाइरह्यो, त्यसैले प्रतिबन्ध बाहेक अर्को विकल्प थिएन् । कमिटीले अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलसम्म नै यो गुनासो पुर्‍याएपछि अब अंकितको खेल जीवन नै धरापमा परेको छ ।

प्रतियोगिताकै क्रममा एम्पायरको केही निर्णयमाथि पनि प्रश्न उठे, तर सबैको एउटै धारणा थियो, जस्तै स्थिति भए पनि काठमाडौंले यसरी प्रतियोगिता छोड्नु ठीक थिएन । नेपालका पूर्व कप्तान एलबी क्षेत्रीले भने जस्तै, पूरा घटनाक्रममा 'यदि र तर' भन्ने धेरै स्थान होलान, तर पनि बहिस्कार गर्ने काठमाडौंको निर्णय गलत हो । त्यसकै सफाइ दिने क्रममा व्यवस्थापक संजयले भनिहाले– हामीलाई मन लागे खेल्छौं, मन लागेन भने खेल्दैनौं ।

खासमा पूरा घटनाक्रमले प्रश्नमाथि प्रश्न नै उठाएको छ । आफ्नो टिमले किन खेलेन भन्ने कुरा कप्तान ज्ञानेन्द्र तथा प्रशिक्षक राजुले अहिलेसम्म भन्न सकेका छैनन् वा भन्न चाहेका छैनन । उनीहरूसँग यसलाई जायज भन्ने तर्क पनि छैन, बरु पूरा घटनाले उनीहरूको खेल जीवनमै एउटा दाग भने लागेको छ, जसलाई उनीहरूले पानीले धोएर हटाउन सक्नेछैनन् ।

नेपाली टिमका कप्तान पारस खड्कासँग मिलेर ज्ञानेन्द्रले पोखरा प्रिमियर लिग (पीपीएल) गरेका हुन् । ज्ञानेन्द्रको व्यवस्थापन कम्पनीको मद्दतमा अरू प्रतियोगिता पनि हुन्छन् । डीपीएल र पीपीएलसँगै नेपालमा तेस्रो फ्रेन्चाइज क्रिकेट पनि हुन्छ, एभरेस्ट प्रिमियर लिग (ईपीएल) । ईपीएलका आयोजक आमिर अन्तर हुन् भने डीपीएलका सुवास शाही । अब के आरोप पनि लगाउन थालिएको छ भने ईपीएल र डीपीएललाई असफल बनाउन नै पारस र ज्ञानेन्द्रले यस्तो काम गरेका हुन् । पछिल्लो ईपीएलमा पारसले प्रतियोगिताको कडा आलोचना गरेका थिए ।

अहिले ज्ञानेन्द्रले डीपीएल नै बहिस्कार गरेका छन्, त्यसलाई असफल बनाउन । त्यसको अर्थ, उनीहरूको काम भनेको पीपीएल मात्र राम्रो भनेर सिद्ध गर्नु हो । त्यसो त कम्तीमा पारस र ज्ञानेन्द्रले यस्तोसम्म गर्छन् भनेर सोच्न पनि सकिँदैन । उनीहरूको उद्देश्य कहिल्यै नेपाली क्रिकेटलाई बिगार्नु हुने छैन, किनभने उनीहरू अहिले जहाँ जस्तो स्थितिमा छन्, त्यो क्रिकेटकै कारणले छन् ।

बहिस्कारकै क्रममा काठमाडौंले यसपटकको प्रतियोगिताका लागि प्रयोगमा आएको फाप्ला मैदानको पनि आलोचना गरेको थियो । काठमाडौंको दाबी छ, यो मैदान अन्तर्राष्ट्रिय स्तरको छैन । उक्त दाबीलाई पनि धेरैले राम्रो मानेनन्, बरु एउटा नयाँ मैदान अस्तित्वमा आएकोमा नेपाली क्रिकेट खुसी नै भयो । अबदेखि नेपालमा माथिल्लो स्तरको क्रिकेट हुन सक्ने एउटा राम्रो मैदानको विकास भएको छ, जहाँ आवश्यक पूर्वाधारको विकास गरिनेछ र साँच्चैको अब्बल दर्जाको अन्तर्राष्ट्रिय मैदान तयार हुनेछ ।

यसअघि डीपीएलका दुवै सुरुवाती संस्करण एसएसपी क्रिकेट ग्राउन्डमा सञ्चालन भएका थिए । फाप्ला मैदान धनगढी उपमहानगरपालिका-३ को मोहन नदीको किनारमा छ । आयोजक धनगढी क्रिकेट एकेडेमीले दुई वर्षअघि नै 'ड्रिम फाप्ला' अभियान सुरु गरेको थियो । त्यस क्षेत्रको सबैभन्दा महत्त्वाकांक्षी क्रिकेट योजना हो– फाप्ला क्रिकेट मैदान र अहिले त्यसले रंग देखाउन थालेको छ । सुदूरपश्चिम प्रदेश सरकारले फाप्ला क्रिकेट मैदानको स्तरोन्नतिका लागि यो चालू आर्थिक वर्षमा ५ करोड रुपैयाँ विनियोजनसमेत गरेको छ ।




## शारीरिक सुगठनका नेपाल च्याम्पियन

दोस्रो नेपाल च्याम्पियन राष्ट्रिय शारीरिक सुगठन प्रतियोगिताको उपाधि ग्यालेक्सी फिटनेश, झापा(बिर्तामोड)का ललित धिमालले जितेका छन् । एलाइनेट जिमको आयोजनामा शनिबार धरान, सभागृहमा सम्पन्न प्रतियोगितामा ओभरअल राउण्डमा पनि प्रथम हुँदै धिमालले नेपाल च्याम्पियनको उपाधि जितेका हुन् । प्रतियोगितामा उनी ७५ केजी वजन समूहमा सहभागी भएका थिए । प्रतियोगितामा एलाइनेट जिम धरानका मनिष लिम्बू दोस्रो भए भने ग्यालेक्सी फिटनेस झापाका सुमन लिम्बू तेस्रो भए । मनीष ७० केजी तथा सुमन ६५ केजी समूहबाट प्रथम हुँदै ओभरअल राउण्डमा पुगेका थिए । प्रतियोगितामा बुटवलका विजेन्द्रमान श्रेष्ठले बेष्ट पोजर, न्यू फ्लेक्स एन्ड फिटनेस काठमाण्डौका नरेश मालाकारले मोष्ट मस्कुलरमेन तथा देवीबहादुर बस्नेतले बेष्ट इम्प्रुभरको पुरस्कार प्राप्त गरे ।

नरेन्द्र बस्नेत

## डफिन्सको पोल्टामा तिलोत्तमा

नेपालकै फुटबल प्रतियोगितामध्ये पुरानो र ऐतिहासिक तिलोत्तमा गोल्डकपको २१ औं संस्करण क्यामरुनको डफिन्स एफसीले जितेको छ । यसअघि डफिन्सले मनकामना केवलकार पोखरा कप तथा रेडबुल बूढासुब्बा गोल्डकपको उपाधि पनि जितेको थियो । डफिन्सले विभागीय टिम नेपाल पुलिस क्लबका विरुद्ध निकै प्रतिस्पर्धात्मक फाइनलपछि सडेन डेथमा ६-५ गोलको अन्तरले तिलोत्तमा कपको उपाधि हात पारेको हो ।




उपाधिसँगै डफिन्सले ८ लाख ८० हजार रुपैयाँ प्राप्त गरेको छ भने उपविजेता पुलिसले ५ लाख ५० हजार रुपैयाँमा चित्त बुझायो । प्रतियोगितामा रुपन्देहीका आशिष गुरुङ सर्वोत्कृष्ट खेलाडी, पुलिसका रबि पासवान उत्कृष्ट फरवार्ड, पुलिसकै हेम तामाङ उत्कृष्ट मिडफिल्ड, पुलिसकै अनन्तराज थापा उत्कृष्ट प्रशिक्षक, पुलिसकै विक्रम धिमाल उत्कृष्ट डिफेन्डर तथा डफिन्सका प्रिसो उत्कृष्ट गोलकिपर घोषित भए ।

तिलोत्तमा गोल्डकपमा सशस्त्र प्रहरीको एपीएफ क्लब र नेपाल पुलिस दुई विभागीय टिमसहित झापा-११, सुनसरी-११, रुपन्देही-११, च्यासल-११, संकटा क्लब, मनाङ-मर्स्याङ्दी क्लब, दार्जीलिङ-११ तथा डफिन्स एफसी क्यामरुन गरी १० टिमले प्रतिस्पर्धा गरेका थिए ।

स्वस्तिक श्रेष्ठ

# महिनाको १० लाख



नेपाली फुटबलमा सबैभन्दा बढी कमाउने खेलाडीमा हुन्– रोहित चन्द । उनले हालै मात्र इन्डोनेयिाली लिग च्याम्पियन पर्सिजा जाकार्तासँग नयाँ अनुबन्ध गरेका छन् र तय छ, उनको पारिश्रमिकमा अत्याधिक वृद्धि भएको छ । त्यसो त रोहितले अहिलेसम्म आफ्नो आम्दानी यति नै छ भनेर जानकारी दिएका छैनन्, तर त्यो रकम ८ देखि ९ हजार डलरबीच भएको अनुमान गरिन्छ । यस हिसाबले रोहितले महिनाको कम्तीमा पनि १० लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

रोहितकै जादुयी प्रदर्शनको मद्दतले पर्सिजा जाकार्ताले पहिलो पटक लिगको उपाधि जितेको थियो । त्यस क्रममा रोहित लिगकै उत्कृष्ट खेलाडीसमेत घोषित भए । त्यस लगतै नेपाल फर्किएका रोहितले क्लबसँग नयाँ अनुबन्ध गर्ने हो भने पारिश्रमिक बढाउनुपर्ने माग राखे । क्लबले त्यसलाई मानेन् । त्यसको प्रमुख कारण क्लबले भित्र्याएका नयाँ प्रशिक्षक इभान कोलेभ हुन् । ती प्रशिक्षकले सुरुमा अर्कै विदेशी खेलाडीलाई क्लबमा भित्र्याए ।

यद्यपि उनी सफल भएनन । नतिजा क्लबले रोहितलाई उनको नयाँ माग अनुसार अनुबन्ध गर्न तयार हुनुपर्‍यो । त्यसको अर्थ रोहितले क्लबका लागि अब एएफसी कप पनि खेल्नेछन् । यो एसियाली फुटबलकै सबैभन्दा ठूलो क्लब प्रतियोगिता हो । रोहित क्लबका समर्थक माझ निकै लोकप्रिय छन् । क्लबले अनुबन्ध नगरेपछि ती समर्थकले रोहितलाई फिर्ता ल्याउनु पर्छ भनेर सामाजिक संजालमा अभियान नै चलाएका थिए । जाकार्ता घुम्ने क्रममा रोहितको पछाडि समर्थकहरूको भीड नै लाग्ने बताइन्छ ।




# जागरूकताका लागि पिङ्काथलन

भारतीय सुपर मोडल मिलिन्द सोमनको एउटै भनाइ छ– सबै महिलाले शारीरिक रूपमा केही न केहीमा आफूलाई अभ्यस्त राख्नै पर्छ । चाहे त्यो दौड होस अथवा योग, होइन भने एरोबिक्स । आफ्नो शरीरलाई फुर्तिलो राख्ने काम महिलाकै हातमा हुन्छ । यही नारा सबैतिर पुगोस भनेर सोमनले काम गर्न थालेको पनि धेरै वर्ष भैसकेको छ ।

यी सुपर मोडलको परिचय धेरै हुन सक्छ, उनी अभिनेता पनि हुन् । उनी कुनै समय पौडीका अब्बल खेलाडी थिए । अहिले उनले आफूलाई फिटनेस प्रमोटर पनि भन्न थालेका छन् । सोमनकै सक्रियतामा सन् २०१२ मा मुम्बईमा पहिलो पटक पिङ्काथलनको आयोजना गरिएको थियो । अहिले यो कार्यक्रम भारतका आठवटा सहरमा सञ्चालन हुन थालेको छ । त्यही पिङ्काथलन नेपालमा हुन थालेको पनि तीन वर्ष भैसकेको छ ।

यही प्रतियोगिताका लागि भनेर सोमन बर्सेनि नेपाल आउँछन् । यसै साता काठमाडौंमा सम्पन्न पिङ्काथलनमा फेरि एकपटक कान्छीमाया कोजू नै विजयी भइन् । उनले हाफ म्याराथनको यो दौड जितेको लगातार तेस्रो वर्ष हो, अर्थात जितको ह्याट्रिक । यसपटकको दौडमा २५ सय भन्दा बढी महिलाको सहभागिता रह्यो र उनीहरूले सोमनसँग जुम्बासमेत गर्न भ्याए । यसपटकको पिङ्काथलन सन्देश थियो– महिलाले आफ्नो स्वस्थ्य जीवनका लागि विशेष ध्यान दिनै पर्छ ।




# गृह जिल्लामा शक्ति गौचन

सन् २०१८ को नेदरल्याडको टुरसँगै अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताबाट संन्यास लिएका नेपाली राष्ट्रिय क्रिकेट टिमका महत्वपूर्ण सदस्य शक्ति गौचन अहिले आफ्नो गृह जिल्लामा व्यस्त छन् । जिल्लामा आफैंले स्थापना गरेको स्टार क्रिकेट एकेडेमीमा नयाँ र युवा खेलाडी तैयार गर्ने कामसँगै विभिन्न प्रतियोगिता तथा जिल्ला लिगमा समेत उनि आफ्नो खेल प्रदर्शन गरिरहेका छन् । त्यस क्रममा गौचनले अघिल्लो महिना आफ्ना बुबाको स्मृतिमा स्वर्गीय खड्गप्रसाद गौचन मेमोरियल कप अन्तर विद्यालय क्रिकेट प्रतियोगिता सम्पन्न गरे । त्यसमा उनी आफैं खटिएका थिए । उक्त प्रतियोगिता सम्पन्न भएसँगै अहिले उनी नेपाल टेलिकम जिल्लास्तरीय सुपरलिग क्रिकेट प्रतियोगितामा व्यस्त छन् । शक्ति युवा खेलाडीहरू माझ अनुभव सेयर गर्ने क्रममा प्रतियोगितामा सहभागी भएका हुन् ।

उनले गरेको अलराउन्ड प्रदर्शनसँगै स्टार क्रिकेट एकेडेमी लिगमा डिभिजन 'ए' मा बढुवा समेत भएको छ । क्रिकेटबाटै पहिचान बनाएका गौचनको दैनिकी क्रिकेटमै बितिरहेको छ । उनी बिहान सबेरै उठेपछि साँझ अबेरसम्म क्रिकेटसम्बन्धी गतिविधिमै व्यस्त पाइन्छन् ।

# मन्त्रीज्यू रंगशाला बनाइदिनुहोस्




नेपाली राष्ट्रिय फुटबल टिमका गोलकिपर किरण चेम्जोङ पोखरामा सम्मानित भएका छन् । किरणले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गरेको भन्दै सहारा क्लब पोखराले उनको सम्मान गरेको हो । संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीको हातबाट सम्मान ग्रहण गरे पश्चात् किरणले भने– 'मन्त्रीज्यू, यो रंगशाला बनाइदिनुहोस्, चाँडै यही पोखरा रंगशालामा अन्तर्राष्ट्रिय खेल खेल्न पाइयोस् ।' गत वर्षको मंसिरमा नयाँ प्याराफिट बनाउने भन्दै पोखरा रंगशालाको पुरानो प्याराफिट भत्काइएको थियो जसको पुनर्निर्माण अहिलेसम्म सुरु भएको छैन । यसले यहाँ आयोजना हुने प्रतियोगिता हेर्न दर्शकलाई अप्ठ्यारो हुने गरेको छ । किरण व्यवसायिक खेलका लागि सन् २०१७ मा माल्दिभ्सको टिसी स्पोर्ट्स क्लबमा अनुबन्धित भएका थिए । उनी अनुबन्धित क्लबले सन् २०१८ को माल्दिभ्सको शीर्ष डिभिजन लिग धिवेही प्रिमियर लिगको उपाधि जितेको थियो । उपाधिसँगै किरण प्रतियोगीताको उत्कृष्ट गोलरक्षक चुनिए । माल्दिभ्सको अनुबन्ध सकिएपछि उनी भारतीय आइलिग क्लब मिनरभा पन्जाब फुटबल क्लबसँग अनुबन्धित भए । नेपाललाई विभिन्न प्रतियोगिता जिताउन उनको खेल कौशलको महत्वपूर्ण भूमिका छ ।राष्ट्रिय टिमबाट ५५ क्याप जितेका किरण हाल नेपालमै भए पनि मोफसलका प्रतियोगीताहरूमा भने सहभागी छैनन् ।



# फर्मुला वान रेसरकी पूर्वप्रेमिकाको हैरानी

हिजोआज अमेरिकी पप स्टार निकोल सेर्जिंगरको निद्रा हराएको छ । उनका पूर्वप्रेमी तथा फर्मुला वान रेसर लुइस ह्यामिल्टनसँगको अन्तरंग सम्बन्धको भिडियो लिक भएका कारण उनी यसरी तनावमा परेकी हुन् । धेरै वर्षपहिले निकोलले नै खिचेको उक्त भिडियो कसैले सोसल मिडियामा पोस्ट गरिदिंदा एकै रातमा २ लाख ८० हजारले हेरे । ब्रिटिस ट्याब्लोइड द सनका अनुसार कसैले आफ्नो क्लाउड स्पेस ह्याक गरेर भिडियो डाउनलोड गरेको निकोलको अनुमान छ । उनले ह्यामिल्टनसँग जोडिएका सबै भिडियो पहिले नै डिलिट गरिसकेकी थिइन् । अचानक यस्तो भिडियो लिक हुँदा अन्य भिडियोसमेत लिक हुने डर उनलाई छ । उनले त्यस्ता भिडियो हटाउन अनुरोधसमेत गरिसकेकी छिन् । निकोलले लुइससँगको आफ्नो आठ वर्ष लामो सम्बन्धलाई सन् २०१५ मा समाप्त गरेकी थिइन् ।



# नआउने भयो, पाकिस्तान

दक्षिण एसियाली देशमध्ये जहाँ क्रिकेट अत्याधिक लोकप्रिय छ, त्यहाँ फुटबल खेल भने कमजोर छ । यसकै एउटा उदाहरण हो– पाकिस्तान । त्यहाँको फुटबल धराशायी स्थितिमै छ । पाकिस्तानमा लिग फुटबल हुन छाडेको धेरै वर्ष भैसकेको छ । त्यसमाथि पाकिस्तानी फुटबल संघ आफै आन्तरिक विवादमा अल्झेर गतिविधिविहीन जस्तै छ । त्यही कारणले पाकिस्तानले महिला साफ च्याम्पियनसिप नखेल्ने भएको हो ।

फागुन २८ देखि विराटनगरमा हुने प्रतियोगिताका लागि पाकिस्तानले आफ्नो नाम नै दर्ता गरेन ।

सन् २०१६ को प्रतियोगितामा पनि पाकिस्तानले टिम पठाउन सकेको थिएन । पुरुष फुटबल नै कमजोर स्थितिमा पुगेको पाकिस्तानमा महिला फुटबल त शून्यकै स्थितिमा छ । यसअघि निकालिएको प्रतियोगिताको 'ड्र' मा पाकिस्तान, नेपाल, भुटान तथा बंगलादेश एउटा समूहमा थिए ।

जाँदा-जाँदै

# समलिंगी विवाहलाई मान्यता दिनुपर्छ

**बेलायतलाई कर्मथलो बनाएका लेक्स लिम्बू बरोबर नेपाल आइरहन्छन् । लेक्सलिम्बु डटकममार्फत उनले पर्यटन, इभेन्ट, युवा, उद्यम जस्ता विषयमा ब्लगिङ गर्दै आएका छन् । ट्रेसिङ नेपालका संस्थापक लेक्सले वर्षमा एकपटक विदेश बस्ने नेपालीहरूलाई नेपाल घुमाउने कार्यक्रमको सञ्चालन गर्दै आएका छन् । छोटो समयका लागी नेपाल आएका लेक्ससँग बेलायत उड्नुअघि नरेन्द्र रौलेको जम्काभेट :**



**तपाईंले ११ वर्ष ब्लगिङ गर्नुभयो । यसबीच के-कस्ता अनुभव बटुल्नुभयो ?**

मैले ब्लगिङ थाल्दा (सन् २००८ मा) अंग्रेजी भाषामा मनोरन्जन केन्द्रित ब्लग त्यति थिएनन् । त्यतिबेला मैले नेपाल बाहिर बसेर ब्लगिङ गरें । त्यो मेरो रहर थियो । पछि मैले मनोरञ्जनमा सीमित नरहेर सामाजिक तथा विकासका विषयहरूमा पनि लेख्न थालें । सन् २०१३/१४ पछि इन्टरनेटको विकास अलि राम्रो हुँदै गयो । अरू थुप्रै ब्लग आए । नेपाली अनलाइन मिडिया पनि फस्टाउँदै गयो । यसबीच मैले ट्राभल प्रोजेक्टमा समेत हात हालें ।

**ट्रेसिङ नेपाल सुरु गर्नुभएको छ । खासमा यो संस्था किन सुरु गर्नुभएको हो ?**

म २ वर्षको उमेरदेखि नेपाल बाहिर छु । मैले के अनुभव गरें भनें- म जस्तै, मेरो उमेरका अरू साथीहरू नेपाल गएर के हुन्छ ? बोर मात्र हुन्छ, अल्छी लाग्छ, आफन्तसँग मात्र भेट हुन्छ भन्थे, तर मलाई भने त्यस्तो अनुभूति भएन । विदेशमा जन्मिएका नेपालीहरू जो उतै हुर्किए तिनलाई नेपालको संस्कृति तथा पर्यटनका बारेमा जानकारी दिन हामी ट्रेसिङ नेपालमार्फत वर्षमा एक पटक नेपाल घुमाउँछौं । नेपालका गाउँघर देखाउँछौं, रमाइलो गराउँछौं । हामीले सन् २०१४ देखि झण्डै दुई साताको नेपाल भ्रमणको कार्यक्रम राख्दै आएका छौं । यात्राले पनि एक प्रकारको परिवर्तन ल्याउँछ भन्ने उद्देश्यले ट्रेसिङ नेपालको सुरुवात गरिएको हो । नेपालसँग जोड्नुका साथै भोलि गएर नेपाली युवाहरूले नेपालमै केही गरून् भन्ने हाम्रो मुख्य उद्देश्य हो ।

**ब्लगिङ बाहेक तपाईंको रुचि के-केमा छ ?**

घुम्न मन पराउँछु । दौडन पनि मन पराउँछु । म च्यारिटीका लागि कुद्छु । साथीहरूसँग घुम्ने, खाने, पार्टी जाने । म ह्युज पार्टी पर्सन हुँ ।

**बेलायतमा १८ वर्ष नपुगेकालाई बारमा जाने अनुमति छैन । १८ नपुगुन्जेल तपाईं अरूको आइडी कार्ड लिएर जानुहुन्थ्यो रे, हो ?**

हो, म आफ्नो कजनको आइडी लिएर १६ वर्षकै उमेरदेखि बार, क्लबहरू पुग्थें ।

**तपाईंको कोही आइडियल पनि हुनुहुन्छ ? जस्तो तपाईं बन्न चाहनुहुन्छ ।**

मेरो त्यस्तो कोही छैन । म एकैजनालाई भगवान मानेर बस्न सक्दिनँ ।

**तपाईंले एउटा भिडियो बनाएर आफू 'गे' भएको खुलासा गर्नुभयो । २५ वर्षको उमेरसम्म किन खुल्न सक्नु भएन ?**

विदेशमा बसेको, पढेलेखेको भन्दैमा कतिपय कुरा खुलेर भन्न सकिँदैन । काठमाडौंको तुलनामा विदेशमा बसेका कतिपय नेपाली अझै परम्परागत छन् । मैले आफूमा आत्मविश्वास जगाउनु थियो । आफ्नो वातावरण सहज बनाउनु थियो । यो मेरो जिन्दगी हो । म आफ्नै बाटो बनाउन तयार थिएँ । मेरो घर परिवारबाट पनि साथ, सहयोग मिल्यो ।

**त्यसपछिका दिनहरू कत्तिको कठिन भए ?**

कठिन नै रहे । २५ वर्षसम्म मैले आफ्नाबारेमा खुलेर भन्न सकेको थिईनँ । भिडियोमार्फत मेरो सेक्सुवालिटीका बारेमा सार्वजनिक गरें । मेरो घर, परिवारले त साथ दियो तर अरूले हेर्ने नजर भने फरक रह्यो ।

**तपाईं सिंगल हुनुहुन्छ कि कसैसँग रिलेसनसिपमा ?**

म सिंगल छु । लुकाउनुपर्ने केही छैन । आफ्नो रुचि मिल्ने कोही स्पेसल फेला पर्दा म रिलेसनमा बस्न तयार छु । मलाई कसैले खुसी बनायो भने म खुलेर भन्न तयार छु, तर अहिले मेरो जीवनमा कोही छैन ।

**तपाईंको नाम छ, पहिचान छ । प्रस्ताब त थुप्रै आउँछन् होला नि ?**

त्यस्तो पनि छैन । मेरो त्यो भिडियो आएपछि कसैले त म्यासेज गर्लान् जस्तो लागेको थियो, तर कतैबाट त्यस्तो प्रस्ताव आएको छैन ।

**विवाह गर्ने, सन्तान पाउने रहर जाग्छ कि जाग्दैन ?**

अवश्य नै जाग्छ नि । नेपालमा त समलिंगी विवाह र सरोगेसीलाई मान्यता छैन, यो वैध छैन । कि त धर्मपुत्र ग्रहण गर्नुपर्छ । नेपालमा समलिंगी विवाहलाई मान्यता दिनुपर्छ भन्ने पक्षमा छु म ।

**तपाईंको एउटा फोटोसुट पनि निकै चर्चामा रह्यो, 'हिम एन्ड आइ' थिममा कार्तिक क्षेत्रीसँग गरिएको । त्यसको खास उद्देश्य के थियो ?**

कार्तिक क्षेत्रीसँग वसन्तपुरमा फोटोसुट गरिएको थियो । भ्यालेन्टान्स डे र विवाहमा प्रायः केटा र केटीको फोटोसुट गरिएको पाइन्छ । हामीले वसन्तपुरको होटलमा फोटोसुट गर्नुको कारण हाम्रै वरिपरि हामी जस्तै साथीहरू छन्, हामीहरूबीच पनि प्रेम हुन्छ भन्ने हो ।

**युवाहरूलाई तपाईंको सन्देश ?**

जिन्दगीमा तपाईंहरूलाई धेरै नै दबाब होला । जुन काम गरिरहनुभएको छ, त्यसमै रमाइलो मान्नुहोस् । धैर्यता राख्नुहोस्, धैर्यताले नै मानिसलाई लक्ष्यसम्म पुऱ्याउँछ । आफूले आफूलाई विश्वास गर्नुहोस् । संघर्ष गर्दै अघि बढ्नुहोस् ।




# रजत वर्षको मिस नेपाल

काठमाडौं जेसिजको रजतजयन्ती समारोहको अवसरमा थालनी भएको मिस नेपाल प्रतियोगिताले वर्ष-२०१९ मा आफ्नो आयोजनाको रजतजयन्ती वर्ष मनाउँदैछ । यसै साता आयोजित एक पत्रकार सम्मेलनमा मिस नेपाल-२०१९ को खोजी कार्य विधिवत् रूपमा प्रारम्भ भएको घोषणा गरिएको छ ।

द हिडेन ट्रेजरले आयोजना गर्ने मिस नेपाल-२०१९ मा सहभागी हुन इच्छुक युवती १९ देखि २५ वर्ष उमेर समूहको हुनुपर्ने छ । नेपाली नागरिकता र पासपोर्ट भएका, कम्तीमा ५ फिट ४ इन्च अग्ला, कम्तीमा दश जोड दुई वा सो सरहको अध्ययन पूरा गरेका अविवाहित युवतीले मिस नेपाल-२०१९ का लागि आवेदन दिन सक्नेछन् । यो प्रावधान पूरा गर्ने एनआरएन युवतीहरूले समेत मिस नेपाल-२०१९ मा सहभागिता जनाउन सक्ने बताइएको छ । प्रतियोगिताको फाइनलका लागि मिस नेपाल ओसिनिया, मिस हङकङ नेपाल, मिस पोखरा, मिस पूर्वाञ्चल, मिस पश्चिमाञ्चल तथा मिस चितवन सीधै प्रवेश पाउने बताइएको छ जस अनुसार मिस नेपाल ओसिनिया-२०१८ अनुष्का श्रेष्ठ, मिस हङकङ नेपाल-२०१८ प्रिया गुरुङ, मिस पूर्वाञ्चल-२०१८ पूजा श्रेष्ठ, मिस पोखरा-२०१८ सारा बजिमयले मिस नेपाल-२०१९ को फाइनल प्रतिस्पर्धामा आफ्नो नाम सुरक्षित गरिसकेका छन् ।

मिस नेपाल-२०१९ का लागि फागुन २९ देखि चैत १ गतेसम्ममा धनगढी, नेपालगञ्ज, बुटवल र पोखरामा, चैत ३ देखि ५ गतेसम्म चितवन, वीरगञ्ज, धरान र बिर्तामोडमा तथा चैत १० गते काठमाडौंमा फाइनल अडिसन सञ्चालन गरिने छ । अडिसनमा चयन भएका २० देखि २५ जना प्रतिस्पर्धी सात हप्ता लामो ग्रुमिङ एवं प्रशिक्षण पश्चात २०७६ को वैशाख २६ गते बिहीबारका दिन काठमाडौंमा सञ्चालन हुने ग्राण्ड फिनालेमा उत्रनेछन् । यस पटकदेखि मिस नेपालबाट मिस नेपाल वर्ल्ड, मिस नेपाल युनिभर्स, मिस नेपाल अर्थ, मिस नेपाल इन्टरनेसनल तथा मिस नेपाल सुप्रानेसनलको छनौट समेत गरिनेछ । मिस नेपाल-२०१९ मा रचना गुरुङ शर्मा अफिसियल कोरियोग्राफर, राजभाइ सुवाल अफिसियल फोटोग्राफर, मनिश राई, सुष्मा सिंह तथा आशुतोष अग्रवाल अफिसियल डिजाइनर रहनेछन् ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौँ, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल ।**